मजदुर सङ्घको 'कामदार बलेटिन'
पूर्णाङ्क ६ सार्वजनिक : पार्टी अनुशासनमा रहन सुझाव

भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा 'कामदार बुलेटिन' वर्ष १२, पूर्णाङ्क ६ को सार्वजनिकीकरण कार्यक्रम कार्तिक २२ गते सम्पन्न भयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बुलेटिन सार्वजनिकीकरण गर्दै लेख तथा अभिव्यक्तिमा शब्द चयन गर्दा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउँदै माओवाद र माओ त्सेतुङ विचारधाराबिच भिन्नताबारे स्पष्ट गर्नुभयो ।

कार्यकर्ताहरूले नेपाली, अङ्ग्रेजी र तिब्बती भाषामा दक्षता हासिल गर्नुपर्नेमा जोड दिँदै उहाँले 'लम्पसारवाद' को सट्टा 'आत्मसमर्पणवाद' शब्द प्रयोग गर्नुपर्ने सुझाव दिनुभयो ।

प्रवासमा रहँदा आफ्नै साथीहरूले बैङ्क डकैती र सशस्त्र क्रान्तिका लागि हतियार उठाउने कुरामा आफूले विमति जनाउँदा गोरखपुरमा आफू बस्ने कोठामा पिस्तोल प्रयोग गरी आक्रमण भएको घटना उहाँले स्मरण गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले नेमकिपाले समाजको आमूल परिवर्तनका लागि कानुनी तथा गैरकानुनी सङ्घर्ष गर्ने नीति अपनाउँदै आएको बताउनुभयो ।

पार्टीको अनुशासन, नीति र नियमअनुसार नचल्ने व्यक्ति नकारात्मक काममा फस्ने वा फसाइने सम्भावना रहने उल्लेख गर्दै उहाँले पद र पैसाको लोभ गर्न नहुने बताउनुभयो ।

अनुशासनहीन काम गर्नेलाई पार्टीले कारबाही गर्दै आएको उहाँको उल्लेख गर्नुभयो ।

ठुला-ठुला जुलुस गर्दैमा क्रान्ति नहुने भन्दै उहाँले बहुसङ्ख्यक जनतालाई सचेत र सङ्गठित बनाउन लाग्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

स्रष्टा समाजका अध्यक्ष लक्ष्मण जोशीले 'कामदार बुलेटिन' मा रहेका केही त्रुटिबारे उल्लेख गर्दै त्यसमा प्रकाशित लेख-रचनाहरू पठनीय र सङ्ग्रहणीय रहेको बताउनुभयो ।

बाँकी पृष्ठ १२ मा

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ४२ ✪ २४ कार्तिक २०८३, मङ्गलबार ✪ 10 Nov. 2026, Tuesday ✪ मूल्य रू. १०।-

२८ औँ विविध भाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम सम्पन्न



भक्तपुर । भाषा, कला र संस्कृति जोगाऔँ, राष्ट्रिय भावना जगाऔँ भन्ने मूल नाराका साथ २८ औँ विविध भाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रम मध्यपुरथिमिस्थित नगदेश, कुम्हालाछीमा सोमबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे सचेत हुनु जरूरी भएको उल्लेख गर्दै आमूल परिवर्तन गर्न समय लाग्नेतर्फ सचेत हुनु जरूरी छ भन्नुभयो ।

विश्वभरि दक्षिणपन्थी र साम्राज्यवादविरोधी लहर आइरहेको चर्चा गर्दै अध्यक्ष बिजुक्छेँले सङ्घर्षबारे जनतालाई बताइरहनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "नयाँ पुस्ता राम्रोसँग अध्ययन गरी सिर्जना र निर्माणमा लाग्ने हो, उपद्रवमा लाग्ने होइन । नेपाल मजदुर किसान पार्टी र यसका सांस्कृतिक र साहित्यिक दबुले सबैको शिक्षा, स्वास्थ्य, रोजगारी, खाने, बस्ने बन्दोबस्त भएको राम्रो समाज बनाउने हो ।"

उहाँले भन्नुभयो, "सरकारमा गएकाहरूले नेपाललाई भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको नवउपनिवेश बनाउने एमसीसी सम्झौता, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, नेपाली युवालाई भाडाको सिपाहीं बनाउने सन् १९४७ को गोर्खा भर्ती खारेज गरेनन् । यसकारण, शासक पार्टीहरूले चुनाव जित्नु र सरकार बनाउनु देशको हितमा भएन । यो यथार्थ नेपाली जनताले बुझ्दै छन् ।"

सभामा नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाषा, कला, संस्कृतिलाई जोगाउन सकेन भने क्रमश: लोप हुँदै जाने हुँदा सम्पूर्ण जातजातिले भाषा, सभ्यतालाई जगेर्ना गर्नु आवश्यक भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, मौलिक र पुरातात्त्विक रूपमा निर्मित सम्पदा हाम्रा पहिचान हुन् । यसको निर्माणमा विदेशी सहयोग र अनुदान नलिई स्थानीय स्रोत-साधन जुटाई पुन:निर्माण गर्नुपर्दछ । यसले आत्मनिर्भरता बढाउनुका साथै स्वाभिमानी पनि हुनेछ ।"

नयाँ पुस्तालाई स्थानीय भाषा, कला, संस्कृतिबारे ज्ञान प्रदान गर्न भनपाले स्थानीय पाठ्यक्रमलाई प्रयोग गरिएको प्रमुख प्रजापतिले बताउनुभयो ।

उहाँले भन्नुभयो, "त:मुंज्या र विविध भाषाको मञ्चले सांस्कृतिक संरक्षण र नयाँ पुस्तामा रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।"

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले वर्तमान सरकार विदेशी शक्ति राष्ट्रहरूको पछि लागिरहेको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक तारालाल श्रेष्ठले नेपालका विश्वविद्यालयले विदेशी कला, भाषा, संस्कृतिबारे गहन अध्यापन गराउने तर नेपालबारे खासै नपढाउने गरेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरमा ऐतिहासिक कालदेखि नै जनता सङ्गठित, सुगठित र मौलिकरूपले शिक्षित थिए । भक्तपुरले आफ्नो श्रम, सीप, शिक्षालाई बचाउन अझै धेरै प्रयत्न गरिरहेको छ ।"

बुद्धिजीवीहरू देश र जनताको हितको लागि समर्पित हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

ओरल फिजिसियन उज्ज्वल जोशीले मुखमा घाउ आउने, जलन हुने, स्वाद नआउने समस्याले मुखमा आउन सक्ने गम्भीर प्रकृतिको रोगको सङ्केत हुन सक्ने हुँदा समयमै सजग हुनुपर्दछ भन्नुभयो ।

दाँतको स्वास्थ्यको उपचारको क्रममा दुखाइपछि मात्र चिकित्सककहाँ जाने अभ्यास गलत भएको उल्लेख गर्दै दन्त स्वास्थ्यको लागि नियमित चेक जाँच गर्नु जरूरी छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा नगदेशका नायो पमा रामकृष्ण बाडे, बोडेका सांस्कृतिक गुरू पञ्चकृष्ण दली, नगदेशका सांस्कृतिक गुरू काजीनरसिंह कौरी, थिमिका सांस्कृतिक गुरू न्हुछेबहादुर प्रजापति र किसान अगुवा चन्द्रबहादुर बाडेलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा पद्मा खयरगोली, एचएस सुवाल, केपी सुवाल, राजकुमार लघु, वसन्त नकमी, शकुन्तला महर्जन, मनिष थापा, सुरेश परियार, राजु लामालगायतले साहित्य वाचन गर्नुभएको थियो ।

शिक्षाविद् रामकृष्ण दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा आयोजक समितिका अध्यक्ष विजय घजु, सचिव अशोक अवाल, विविधभाषा साहित्य समाजका अध्यक्ष प्रेम के निडरले पनि बोल्नुभएको थियो ।

विविध भाषा सम्मेलनको छैटौँ अङ्कको विमोचन अध्यक्ष बिजुक्छेँले गर्नुभएको सो सभाको उद्घाटन नगदेशका नाय पमा: रामकृष्ण बाडेले गर्नुभएको थियो ।

सभा अघि च्याली बोडे ख्वपलाबाट सुरू हुँदै बहाखाबजार, चपाचो, बालकुमारी, नगदेशम पुगी सभामा परिणत भएको थियो ।

च्यालीमा सहभागी सङ्घ संस्था तथा बाजा टोलीलाई नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले प्रशंसापत्र प्रदान गर्नुभयो ।

देश जलाएर सरकारको नेतृत्व गर्ने दलले देश र जनताको हितमा सही नेतृत्व गर्न नसक्ने



भक्तपुर । नेपालीहरूको मौलिक संवत् नेपाल संवत् ११४७ पुगेको अवसरमा सोमबार भक्तपुर जिल्लाका विभिन्न नपाका विभिन्न स्थानहरूमा बाजागाजासहितको शुभकामना च्याली भयो । त्यस्तै च्याली नेपालभाषा साहित्य त:मुंज्याले पनि गच्यो ।

भक्तपुरको सूर्यमढी र तौमढीबाट सुरु भएको सांस्कृतिक च्याली बजार परिक्रमा गर्दै लाय्कु दरबारमा पुगी सभामा परिणत भएको थियो । सभाअघि राणा शासनविरोधी, शिक्षा प्रचारक जगतसुन्दर मल्लको प्रतिमामा मार्ल्यापण गरिएको थियो ।

सभामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले देशका सबै भाषा र संस्कृतिको सरकारले संरक्षण गर्नुपर्नेमा जोड दिँदै देश जलाएर सरकारको नेतृत्व गर्ने दलले देश र जनताको हितमा सही नेतृत्व गर्न नसक्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "गएको फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपा र मादल नजितेकोमा हाम्रा विरोधीहरू खुसी देखिन्छन् । हामी उनीहरूलाई भन्न चाहन्छौं, चुनावमा नेमकिपा र मादल नजितेको नेपाल र नेपाली जनताको हार भएको हो । नेमकिपाले जितेको नै देशले जितेको हुने थियो । रास्वपाका पाँच जना मुख्य मानिसको नाम उल्लेख गरेर संरा अमेरिकी सरकारले २ करोड डलरभन्दा बढी सहयोग पठाएको र 'नीति संवाद' को नाममा उपद्रव मच्चाउन तयारी गरेको 'दि ग्रेजोन' सञ्चार माध्यममा छापिएको हो । यसबारे उठेको प्रश्नमा रास्वपा कसैले पनि स्पष्टीकरण दिएनन् । यसकारण, गत फागुनको निर्वाचनमा नेमकिपा र मादल नजितेको होइन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका दलालहरू जितेका हुन् ।"

उहाँले भन्नुभयो, "देशमा यो सङ्कट आउनुमा ३५ वर्षयता पालैपालो सरकारको नेतृत्वमा गएका नेका, एमाले र माओवादी पनि दोषी छन् । गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भोलिपल्ट भदौ २४ गते बिहानसम्म राजीनामा नदिने अडान राखेका नेकाको समर्थनमा प्रधानमन्त्री भएका एमालेका केपी ओलीले अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर १२ दिन बेखबर भए । राष्ट्रपति रामचन्द्र पौडेल पनि ओलीको राजीनामा स्वीकृत गरी चार दिन बेखबर भए । सङ्कटको निकासको लागि पौडेल र ओलीले सर्वदलीय र सर्वपक्षीय बैठक बोलाउनुपर्ने थियो तर बोलाएनन् । राष्ट्रपति पौडेलले भदौ २७ गते नेपालको संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्ति गरी प्रतिनिधिसभा भङ्ग गरे ।"

देशभक्तहरूले देश जलाउँदैनन् । देश जलाउनेहरूले 'आमा, हामी देश जोगाउँछौं' भन्नु देशद्रोहीको मकुन्डो पनि हो । देश जलाउनेहरू र देश जलाइँदा भाग्नेहरू दुवै अपराधी हुन् । यस्ता अपराधीहरू एक दिन सजायको भागीदार हुनेछन्, सचिव सुवालले भन्नुभयो ।

नयाँ पुस्ता राम्रोसँग अध्ययन गरी सिर्जना र निर्माणमा लाग्नुपर्नेमा सचिव सुवालले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "सरकारमा गएकाहरूले नेपाललाई भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको नवउपनिवेश बनाउने एमसीसी सम्झौता, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, नेपाली युवालाई भाडाको सिपाहीं बनाउने सन् १९४७ को गोर्खा भर्ती खारेज गरेनन् । यसकारण, शासक पार्टीहरूले चुनाव जित्नु र सरकार बनाउनु देशको हितमा भएन । यो यथार्थ नेपाली जनताले बुझ्दै छन् ।"

सभामा ४६ औँ नेपालभाषा साहित्य त:मुंज्या आयोजक समितिका अध्यक्ष उकेश कवांले नेपाल संवत् नेपालीहरूको छुट्टै पहिचान भएको मौलिक संवत् हो भन्नुभयो ।

सम्पदा संरक्षण गर्न र सांस्कृतिक उत्थानमा जोड दिँदै आएको भक्तपुर आशाको केन्द्र बनिरहेको उल्लेख गर्दै उहाँले श्रमजीवीवर्गको मुक्तिको निम्ति सचेतना कार्यक्रम भइरहने विश्वास व्यक्त गर्नुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबञ्जारले नेपाल संवत् राष्ट्रिय संवत् हो, साहित्य राजनीतिको हतियार हो भन्नुभयो ।

सभामा गायक विनोद विक र राजकुमार मानन्धरले देशभक्त र गरिब जनताको समस्याबारे गीत गाउनुभएको थियो ।

सो अवसरमा ग्वसाखल:, न्यु फ्युजनको बाजा खल र डान्स स्पेस स्टुडियोबाट विभिन्न नृत्य प्रस्तुत गरिएको थियो । सभा सुरेश कवांले सञ्चालन गर्नुभएको थियो ।

च्याली सुरु हुनुअघि सूर्यमढीमा लक्ष्मीनारायण दुवाल र तौमढीमा प्रेमगोपाल कर्माचार्यले च्यालीको आवश्यकता र नेपाल संवत्बारे बोल्नुभएको थियो ।

त्यस्तै, चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजको आयोजनामा चाँगुनारायण नपा वडा नं. ५ भाजु भैरवदेखि वडा नं. ३ लाकिलासम्म बाजागाजाका साथ नेपाल संवत् ११४७ को नव वर्षको अवसरमा सोमबार शुभकामना (न्हुदँ भिन्तुना) च्याली सम्पन्न भयो ।

बाँकी पृष्ठ १२ मा



माओ सेतुङ

लेनिनवादले पुँजीवादी देशका सर्वहारावर्गले औपनिवेशिक र अर्ध-औपनिवेशिक जनताको मुक्तिको सङ्घर्षलाई समर्थन गरे र उपनिवेश र अर्ध-उपनिवेशहरूको सर्वहारावर्गले पुँजीवादी देशका सर्वहारावर्गलाई समर्थन गरे मात्र विश्व क्रान्ति सफल हुन सक्छ भनी सिकाउँछ ।

सम्पादकीय

नेपाल संवत् ११४७ को नयाँ वर्षको खुसीयालीमा नयाँ पुस्ताले के सिकौं !

हाम्रा विद्यालय, महाविद्यालय र विश्वविद्यालयबाट फरक-फरक वर्षहरू अथवा ई.सं., बौद्ध संवत्, नेपालमा प्रचलित विक्रम संवत् र ११४७ नेपाल संवत् आदि किन कसरी मनाइयो ? ईश्वी सन्, विक्रम संवत् र नेपाल संवत्को सप्ताहको बारहरूमा कसरी एकरूपता आयो भन्नेबारे सिक्न र सिकाउन पाए हाम्रा नयाँ समाजले पृथ्वीको आकार, परिक्रमा र ग्रहण आदिको ज्ञान तल्लो कक्षादेखि नै पाएर व्यापक दृष्टिकोणको विकासमा सहयोग पुग्नेमा दुईमत नहोला !

XXX

'प्रजातन्त्र आयो', 'गणतन्त्र आयो' र 'हाम्रो हितमा भएन' भन्ने गुनासाहरू यत्रतत्र सुन्नमा आउँछन् । 'हाम्रो हितमा भएन' भन्ने जनता पुँजीपति, ठुला र स-साना व्यापारी, उद्योगपति, ठुला र साना कर्मचारी, मजदुर, किसान, महिला सबै एउटै कुरा भन्दै छन् । तर, ती सबै वर्गका जनतालाई 'प्रजातन्त्र' र 'गणतन्त्र' लाई एउटै ढङ्गले हित गर्दैन भन्नेबारे राजनैतिक चेतना नहुने जनतालाई प्रस्ट थाहा नहुनुमा आश्चर्य छैन ।

राणाहरूको जहानियाँ सैनिक शासनमा २००७ सालको परिवर्तनले 'प्रजातन्त्र' ल्यायो भन्नुको अर्थ हो - अब राणा शासकहरूको मात्र हैकम चल्दैन, त्यसको विरोधमा भारतको नेहरू शासनले नेपाली काङ्ग्रेसको नाममा 'मुक्ति सेना' को सैनिक सङ्घर्षबाट राणा, नेपाली काङ्ग्रेस र राजाको 'राजतान्त्रिक प्रजातन्त्र' सुरु भएको हो । राजा त्रिभुवनकै सचिव र अन्य सहयोगीहरू भारतीय राजधानी दिल्लीबाट पठाइएका हुन् भन्ने विषयसमेत साधारण नेपाली जनतालाई पछि थाहा भयो ।

२०१५ सालको निर्वाचनपछि बनेको सरकारलाई बेलायती प्रजातन्त्रको बन्दोबस्तसँग तुलना गर्दा 'संवैधानिक प्रजातन्त्र' भन्न मिल्छ । तर, असमानताहरू धेरै थिए । त्यस्तो व्यवस्था ठुलठुला भूमिपति, पुराना सामन्त, उद्योगपति र व्यापारीहरूको हक र हितमा हुन्छ । पछिल्लो प्रजातन्त्रको पुन: स्थापनापछिको नेपाली काङ्ग्रेसका सरकारहरू पनि त्यही सीमाका थिए । मौलिक अधिकार, वाक् स्वतन्त्रता, विचार स्वतन्त्रता, देशभित्र घुमफिरको स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, आ-आफ्नो रोजगारी, सभा, सम्मेलन र सङ्गठनको स्वतन्त्रता प्राप्त भयो ।

तर, गरिब जनता र बेरोजगार जनताले 'काम-माम, नाना र छाना पाएन' भन्ने कुरो 'संवैधानिक राजतन्त्र', 'संसदीय व्यवस्था' वा पुँजीवादी प्रजातन्त्रको बन्दोबस्त गर्छ भन्ने होइन । केही ठुला बडा उद्योगपतिहरूले आफ्नो हित र नाफाको निम्ति उद्योगधन्दा र कारखाना खोलेर काम दिनुको अर्थ जनतालाई सरकारले काम-मामको बन्दोबस्त गरेको होइन - जसरी अहिले म्यानपावर कम्पनीहरूले विदेशी पुँजी कारखाना र कामको निम्ति सस्तो ज्यामी पठाए सरहमात्रै हो ।

XXX

'गणतन्त्र' के हो ?

गणतान्त्रिक पुँजीवादी प्रजातन्त्र पनि राजा नभएका फ्रान्स, जर्मनी र संरा अमेरिकाको प्रजातन्त्रजस्तै हो । त्यहाँ सामन्तवर्ग पनि पुँजीपतिवर्गसँग मिलेर बनाएको नेपालको 'गणतन्त्र' जस्तै हो । त्यसले पनि 'गरिब जनता, मजदुर र किसानहरूलाई काम-माम-नाना र छाना' दिने वाचा गरे पनि दिँदैन । यो कुरा नेपाली काङ्ग्रेस, एमाले, कम्युनिस्ट (प्रचण्डको माओवादी), राप्रपा, तराईका 'समाजवादी' दलहरू, आजको राष्ट्रिय स्वतन्त्र पार्टी सबै पुँजीवादी दलहरू हुन् । तिनीहरू सबै देशी र विदेशी पुँजीपतिवर्ग - उद्योगपति, बैङ्कपति, ठुलठुला ठेकेदार निर्माण व्यवसायी, वन तस्करहरू, ठुलठुला भूमिपति, घर-जग्गा व्यापारी आदि यसै वर्गमा आउँछन् । तिनीहरू सबै मिलेर सरकार चलाए पनि देशको हित हुने सम्भावना बितेका ३०-४० वर्षको सरकारहरूबाट थाहा भइसकेको छ ।

XXX

समाजवाद के हो ?

नेपालको सन्दर्भमा मजदुर-किसान, राष्ट्रिय पुँजीपतिवर्ग, देशभक्त शिक्षक, प्राध्यापक, वकिल र बुद्धिजीवीहरू मिलेर निजी उद्योग, सेवा, ठेकेदारी र उत्पादनका साधनहरू एक-एक गरेर राष्ट्रियकरण (स्थानीय र प्रादेशिक सम्पत्तिको रूपमा) फेरिँदै जानेछन् । त्यस्तो सरकारले मात्रै 'योग्यताअनुसारको काम' र 'कामअनुसारको ज्याला' बन्दोबस्त गर्नेछ । शिक्षा र स्वास्थ्य सेवा निजी भएकै कारण जनताले दु:ख पाएको र देश बरबाद भएको हुँदा निजी र विदेशी नाफामुखी शिक्षा र स्वास्थ्य सेवामा प्रतिबन्ध लगाइनेछ । आफ्नोभन्दा समाजको हित हेर्ने, 'मेरोभन्दा हाम्रो' भनाइलाई प्राथमिकता दिने भावना भएका गाउँपालिका र नगरको वडादेखि व्यक्तिगत स्वार्थलाई भन्दा सामूहिक स्वार्थलाई प्राथमिकता दिने जनताको बाहुल्यता नभएसम्म समाजवादले सफलता पाउने छैन भनी मनमा राखेर काम गर्दै जानुपर्नेछ । समाजवाद ल्याउने हल्लाले होइन व्यवहारले देखाउनु आवश्यक छ ।

देशका सबै भाषा र संस्कृतिको संरक्षणमा सरकारको ध्यान जानु जरुरी



नेपाल संवत्को नयाँ वर्ष ११४७ को अवसरमा आजको ऱ्यालीमा सहभागी सबैलाई र यो कार्यक्रममार्फत सम्पूर्ण नेपाली जनतालाई हामी शुभकामना व्यक्त गर्दछौं । नेपालका सबै जाति र भाषा हाम्रो सम्पदा हो । यसको संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो । नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्यता प्राप्त गर्न पेश गरेको नेपालभाषाको लिपि हो । सरकारमा गएकाहरूले नेपालभाषालगायत नेपालीले बोल्ने सबै भाषा संरक्षणमा ध्यान दिएका छैनन् । परिणाम किसान र हायु जातिको सङ्ख्या घट्दै छ भने यिनीहरूको भाषा लोप हुँदै छ । जाति, भाषा र संस्कृति मानव जातिको सभ्यताको विकासको सिलसिला भएको यथार्थ बुझ्न हामी सरकारहरूलाई सचेत गराउन चाहन्छौं ।

सरकारलाई प्रश्न गर्ने जनताको अधिकार हो । रास्वपा सरकारले दक्षिण एसियामा 'मोदी डक्ट्रिन' स्वाभाविक हुने दावी गऱ्यो । नेपाल नेपाली जनताको इच्छाअनुसार सञ्चालन हुने हो, भारतीय विस्तारवादको इच्छाअनुसार होइन । रास्वपाले आफ्नो नेतृत्वमा सरकार गठन गर्न नेपाललाई सिक्किमलाई जस्तै भारतको प्रदेश बनाउन तयार भएको दाबी पनि गऱ्यो ।

यतिखेर हरेक दिनको समाचारमा भ्रष्टाचारका घटना उल्लेख भइरहेको छ । बजेटको बेला रास्वपाबाट अर्थमन्त्री स्वर्णिम वाग्लेको नाम विद्युतीय गाडी आयातमा दुई अर्ब 'कमिशन' सँग जोडियो । बजेट पेश भइसकेपछि करका दर परिवर्तनमा पनि अर्थमन्त्री वाग्ले मुछिएको सार्वजनिक भयो । रास्वपा सरकारले ३५ सय रुपैयाँमा १ लाख रुपैयाँको स्वास्थ्य बिमाको उपचार गर्न नसक्ने भनी २५ हजारमा झाऱ्यो । जनताको उपचार गर्न नसक्ने भए रास्वपा सिंहदरबारबाट फिर्ता हुने हो । भर्खरै रास्वपा अर्थमन्त्री वाग्लेले भारतको विरोध गर्ने नेपालीको राष्ट्रियता खारेज गरेको दावी गरे । नेपाली जनताले भारतीय कामदारवर्गको कहिल्यै विरोध गरेका छैनन् ।

नेपाली जनताको विरोध नेपालीको जग्गा मिच्ने भारतीय विस्तारवादको हो । रास्वपा सरकारले भारतीय विस्तारवादले मिचेको नेपाली जग्गा फिर्ता लिनुपर्दछ, कालापानीबाट भारतीय सेना फिर्ता पठाउनुपर्दछ, लिम्पियाधुरासम्म नेपाली सुरक्षाकर्मी खटाउनुपर्दछ, भारतले मिचेको सुस्ता नेपालमै फर्काउनुपर्दछ । यी काम रास्वपाले किन गरेन ? हामीले यी प्रश्न गर्न छोड्नु हुँदैन ।

गएको फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा नेमकिपा र मादल नजितेकोमा हाम्रा विरोधीहरू खुशी देखिन्छन् । हामी उनीहरूलाई भन्न चाहन्छौं चुनावमा नेमकिपा र मादल नजितेको नेपाल र नेपाली जनताको हार भएको हो । नेमकिपाले जितेको नै देशले जितेको हुने थियो । रास्वपाका पाँच जना मुख्य मानिसको नाम उल्लेख गरेर संरा अमेरिकी सरकारले ३ अर्ब रुपैयाँभन्दा बढी सहयोग पठाएको र 'नीति संवाद' को नाममा उपद्रव मच्चाउन तयारी गरेको 'दि ग्रेजोन' सञ्चार माध्यममा छापिएको हो । यसबारे उठेको प्रश्नमा रास्वपा कसैले पनि स्पष्टिकरण दिएनन् । यसकारण गत फागुनको निर्वाचनमा नेमकिपा र मादल नजितेको होइन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको दलालहरू जितेका हुन् ।

देशमा यो सङ्कट आउनुमा ३५ वर्षयता पालैपालो सरकारको नेतृत्वमा गएका नेका, एमाले र माओवादी पनि दोषी छन् । गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भोलिपल्ट भदौ २४ गते बिहानसम्म राजीनामा नदिने अडान राखेका नेकाको समर्थनमा प्रधानमन्त्री भएका एमालेका केपी ओलीले अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर १२ दिन बेखर भए । राष्ट्रपति रामचन्द्र पौडेल पनि ओलीको राजीनामा स्वीकृत गरी ४ दिन बेखबर भए । सङ्कटको निकासको लागि पौडेल र ओलीले सर्वदलीय र सर्वपक्षीय बैठक बोलाउनुपर्ने थियो तर बोलाएनन् । राष्ट्रपति पौडेलले भदौ २७ गते नेपालको संविधानविपरीत पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्ति गरी प्रतिनिधिसभा भङ्ग गरे । यसलाई राष्ट्रपति पौडेलले बडो जुक्तिले संविधान जोगाएको दाबी गरे तर बडो जुक्तिले राष्ट्रपति पौडेल पदमा टाँसिएको पनि सार्वजनिक भयो ।

देशभक्तहरूले देश जलाउँदैनन् । देश जलाउनेहरूले 'आमा, हामी देश जोगाउँछौं' भन्नु देशद्रोहीको मुकुन्डो पनि हो । देश जलाउनेहरू र देश जलाइँदा भाग्नेहरू दुवै अपराधी हुन् । यस्ता अपराधीहरू एक दिन सजायको भागीदार हुनेछन् ।

नयाँ पुस्ता राम्रोसँग अध्ययन गरी सिर्जना र निर्माणमा लाग्ने हो, उपद्रवमा लाग्ने होइन । नेपाल मजदुर किसान पार्टी र यसका सांस्कृतिक र साहित्यिक दबुले सबैको शिक्षा, स्वास्थ्य, रोजगारी, खाने, बस्ने बन्दोबस्त भएको राम्रो समाज बनाउने हो ।

सरकारमा गएकाहरूले नेपाललाई भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको नवउपनिवेश बनाउने एमसीसी सम्झौता, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि, नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ति खारेज गरेनन् । यसकारण, शासक पार्टीहरूले चुनाव जित्नु र सरकार बनाउनु देशको हितमा भएन । यो यथार्थ नेपाली जनताले बुझ्दै छन् ।

(नेपाल संवत् ११४७ नयाँ वर्षको अवसरमा प्रेम सुवालले नेपालभाषा साहित्य त:मुंज्याको ऱ्याली र सभा दरबारक्षेत्र, चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजको झ्याँखेल, विविध भाषा साहित्यिक सम्मेलनको नगदेशको सभामा राख्नुभएको मन्तव्यको सार-सं)

शासकहरू लगानी बोर्डका कारण राष्ट्रघाती साबित



शुक्र

भारतीय विस्तारवाद नेपालको जलविद्युत् आफ्नो कब्जामा पार्ने दाउमा छ । तेस्रो देशले लगानी गरेको नेपालको बिजुली भारतले नकिन्ने घोषणा यसअघि नै गरेको हो । यसैले ४५६ मेगावाटको माथिल्लो तामाकोसीको बिजुली भारतले किनेको छैन ।

भारतले नेपालका शासकसँग असमान सन्धि गरी कोसी, गण्डकी, महाकाली, कर्णाली नदीमा बहने पानीको अधिकार आफ्नो मुट्ठीमा पार्ने कोसिस गऱ्यो । दुईतिहाइ बहुमतबाट पारित गराउने संविधानको व्यवस्था लत्याएर शासक दलहरूले लगानी बोर्डमार्फत सम्झौता गर्नु देशघात नै हो । लगानी बोर्डको पक्षमा लाग्ने पार्टीहरू देशघाती हुन् ।

भारतीय कम्पनीले नेपालका ठुला ७ ओटा जलविद्युत् आयोजना सञ्चालन गर्ने नाममा नदीहरू कब्जा गरिँदै छ । भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभीएन) को जिम्मामा ९०० मेगावाटको अरुण तेस्रो, ४९० मेगावाटको अरुण चौथो, ६७९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजना दिएको छ ।

भारतको नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेशन (एनएचपीसी) को जिम्मामा ८०० मेगावाटको पश्चिम सेती, ४५० मेगावाटको सेती छैठौं, ४८० मेगावाटको फुकोट कर्णाली तथा भारतको ग्रान्धी मल्लिकार्जुन राव (जीएमआर) को जिम्मा ९०० मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजना छ ।

भारतले ४७०० मेगावाटका यी जलविद्युत आयोजना निर्माण गर्न होइन होल्ड गरी कब्जामा लिएको स्पष्ट हुन्छ । एकदमै सस्तोमा निर्माण सम्पन्न हुने माथिल्लो कर्णाली जलविद्युत् आयोजना सम्झौता भएको दुई दशक बितिसक्दा पनि बहानाबाजी गरिरहेको छ । दुई दशकमा जीएमआरले वित्तीय व्यवस्थापनसम्बन्धी कागजातमात्र स्वीकृत गरी बसेको छ ।

अरुण चौथोको समझदारीपत्रको म्याद सकिए पनि डीपीआरसमेत बुझाएको छैन । तल्लो अरुणको वित्तीय व्यवस्थापनको काम नै भएको छैन । पश्चिम सेती र सेती छैठौंको डीपीआर बुझाए पनि पीडीए गर्न बाँकी छ । फुकोट कर्णालीको कुनै पनि कामनै भएको छैन भने अरुण तेस्रो हाल निर्माणाधीन आयोजना हो ।

भारतीय कम्पनीले निर्माण गरेको आयोजना समयमा सम्पन्न भएको छैन । यसरी एक चरणको काम गर्न वर्षौं लगाउने र अन्तिममा बहाना गरी निर्माण ढिला गर्ने दाउमा भारत रहेको स्पष्ट हुँदैन र ?

नेपालको बिजुलीको बजार भारत मात्र भएको उसको दाबी छ । नेपाल सरकारले बङ्गलादेशलाई केही मेगावाट बढी बिजुली बिक्री गर्नसमेत भारतले स्वीकृति दिएको छैन । भारत नेपालका जलविद्युत आयोजना पनि आफैले बनाउने र प्रशारण लाइन पनि आफैले बनाएर दक्षिण भारतसम्म नेपालको बिजुली पुऱ्याउने दाउमा छ ।

अहिले ४०० केभीको ढल्केवर–मजफ्रपुर प्रशारण लाइन मार्फत नेपाल–भारत बिजुली आयात–निर्यात भइरहेको छ । निर्माणाधीन बुटवल–गोरखपुर प्रशारण लाइन सन् २०२७ सम्म सम्पन्न गर्ने लक्ष्य राखे पनि सम्पन्न हुने कुनै छाँट छैन ।

नेपाललाई केही प्रतिशत नि:शुल्क बिजुली दिने सम्झौता गरी ठुला जलविद्युत् आयोजना भारतलाई दिने शासक दलले देशघाती काम गरे । देशभक्त नेपाली जनता यसको विरोधमा छ । नेपालीकै लगानीमा जलविद्युत् आयोजना निर्माण गर्नुपर्ने जनताको मागमा शासक दल नलागेकै कारण देशले यो अवस्था झेल्नुपरेको हो । नेपालीलाई सस्तोमा बिजुली दिए वर्षको खर्बौं व्यापार घाटा हुने गरी भारतसँग ग्याँस र पेट्रोलियम पदार्थ किन्नु पर्ने छैन ।

नेपाललाई आवश्यक पर्दा महँगोमा बिजुली किन्नुपर्ने र भारतलाई सस्तोमा बिजुली दिन नेपाल सरकार किन बाध्य भयो ? कोसी, गण्डक सम्झौतामा देशघात देख्ने शासक दल देश र जनतालाई नोक्सान हुने यस्ता तमाम काममा लाग्ने सबै प्रधानमन्त्री, मन्त्री, उच्च अधिकारीको घैघरानाबाट असुलउपर गरी हदैसम्मको सजाय गर्नुपर्ने जनताको माग चर्को स्वरमा लगाउने समय आएको छ ।

स्वास्थ्य बीमाप्रति किन जनताको विश्वास घट्दै छ ?

✍ विवेक

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नि:शुल्कको सुनिश्चितता गरेको छ । त्यसका लागि देशभरका सबै अस्पतालहरूमा आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक सबै प्रकारका औषधिहरू समयमै सरकारले व्यवस्था गरी दिनुपर्छ अथवा बीमाअन्तर्गत त्यसलाई पार्नुपर्थ्यो । अहिलेको सरकारले आधारभूत औषधिहरू बीमामा नपरेको भन्दै भुक्तानी बन्द गर्न थालेपछि कतिपय अस्पतालहरू समस्यामा परेका छन् ।

नेपाल सरकारले २०७२ साल चैत २५ गतेदेखि स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो । त्यसको विस्तार हुँदै अहिले ७५३ पालिकामध्ये ४८० वटा अस्पताल र स्वास्थ्य केन्द्रहरूसम्म फैलिएको छ । सबै नागरिकलाई गुणस्तरीय उपचार प्रदान गर्ने उद्देश्यले लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रम त्यस अनुरूप कार्य हुन सकिरहेको छैन । नयाँ सरकारले बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लाने धेरैको अपेक्षा थियो । तर, उल्टो सरकारको व्यवहारले अझ जटील बनाउने र बीमा कार्यक्रम नै बन्द गर्नेतर्फ सरकार अग्रसर भएको देखिएको छ ।

नेका, एमाले र माओवादीका सरकारहरूले रु.३५०० (पेंतीस सय रुपैयाँ) तिरेर बीमा गर्ने ५ जनाको परिवारलाई रु. १ लाखसम्म स्वास्थ्य बीमा सेवा उपलब्ध गराउँदै आएका थिए । नयाँ सरकार गठन पछि त्यसलाई सङ्कुचन गरी बहिरङ्ग सेवा (ओपीडी) को लागि जम्मा २५ हजारसम्ममात्र बीमाले व्यहोर्ने बाँकी पैसा बिरामीले आफ्नै खल्तीबाट तिरेर सेवा लिनुपर्ने व्यवस्था गऱ्यो । यसले चिनीरोग, मुटुरोग, उच्च रक्तचापजस्ता दीर्घरोग लागेका र दैनिक रूपमा औषधि सेवन गर्नुपर्ने बिरामीहरू ठुलो मर्कामा परेका हुन् । नियमित औषधि सेवन गर्नुपर्ने दीर्घ रोगीहरूका लागि २५ हजारको सेवा भनेको ज्यादै न्यून हो । यसअघि बिरामीले जुनसुकै उपचारमा पनि रु. १ लाखसम्मको उपचार सेवा पाइरहेको थियो ।

सरकारले बढी ध्यान दिनुपर्ने विषय भनेकै जनताको शिक्षा र स्वास्थ्य हो । समाजवादी देशहरूमा शिक्षा, स्वास्थ्य उपचार नि:शुल्क हुनाका साथै रोजगारीको सुनिश्चितता हुने भएकाले ती देशहरूमा यस्ता कुनै समस्याहरू हुँदैनन् । कतिपय पुँजीवादी देशहरूले समेत लोककल्याणकारी नीतिअन्तर्गत शिक्षा र स्वास्थ्य नि:शुल्क गरेको पाइन्छ । तर, नेपालमा भने विगत सरकारहरूले दिइरहेको सेवा समेत घटाइँदै छ । व्यवहारले वर्तमान सरकार पनि विगतका सरकारहरूका निरन्तरतामात्र भएको साबित हुँदै छ । धनी र सम्पन्न परिवारहरूका लागि ठुलठुला निजी अस्पतालहरू छन् । उनीहरू जति पनि पैसा खर्च गरेर उपचार गर्न सक्छन् । तर, स्वास्थ्य बीमा कार्यक्रम उनीहरूका लागिभन्दा व्यापक जनतालाई उपचारमा पहुँच पुऱ्याउने उद्देश्यले लागू गरिएको हो । यस कार्यक्रमले धेरै नागरिकहरूले फाइदा पनि लिइरहेका थिए ।

रास्वपा सरकारका नेता, मन्त्रीहरू विगत ३५ वर्षमा भएका कामलाई सराप्दै अघि बढ्दै छन् । ती सरकारहरूले गरेका कामहरूभन्दा राम्रो काम गरेर त्यसको खण्डन गर्न सक्नुपर्थ्यो । त्यतिबेला एमाले सरकारले पालिका पालिकामा अस्पतालहरूको शिलान्यास गऱ्यो । २ पटक गरी ६०० वटाभन्दा बढी अस्पतालहरूको शिलान्यास गरियो । तीमध्ये हालसम्ममा कतिवटा निर्माण सम्पन्न भएर सञ्चालनमा आए ? बाँकी अस्पतालहरू किन सम्पन्न हुन सकेनन् ? त्यसको समीक्षा गरी पालिका-पालिकामा अस्पतालहरू निर्माण गरी आवश्यक जनशक्तिको व्यवस्था गरी सञ्चालनमा ल्याएको भए जनताले हिजोका र आजका सरकारबिच भिन्नता अनुभव गर्न पाउने थिए ।

विगतमा नेपाली काङ्ग्रेसका स्वास्थ्यमन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमा रु. ५ लाख पुऱ्याउने घोषणा गरेका थिए । त्यसको लागि उनले समिति पनि गठन गरे । स्रोतको अभाव पूर्ति गर्न सूर्तिजन्य पदार्थ, बिलासिताका सामान, मादक पदार्थ आयातमा स्वास्थ्यको लागि छुट्टै कर लगाउने, सार्वजनिक सेवामा कार्यरत सबै कर्मचारीहरूबाट केही कर लिई त्यो रकम पूर्ति गर्ने सोच पनि अगाडि बढाएका थिए । पालिका-पालिकामा अस्पताल बन्नु, रु. ५ लाखसम्म स्वास्थ्य बीमा सेवा उपलब्ध गराउने सोच गलत त थिएन नि ! ती सरकारहरू कामभन्दा बढी चर्चामा नै रमाए । उनीहरूले बोलेका कुरा पूरा गर्नुपर्छ भन्ने ठानेनन् । ठुलठुला कुरा गरेर जनतालाई सधैँ बेवकुफ बनाउने काममात्र गरे । धेरैपटक जनतालाई झुक्याइएको हुँदा यो पटकको निर्वाचनमा जनताले आफ्नो मत बदलेर झूटा आश्वासन दिने दल र नेताहरूलाई नराम्ररी हराएर खबरदारी गरे ।

राम्रो र जनताको हितमा हुने काम जसले गरे पनि जनता खुसी हुनेछन् । अहिलेको दुइतिहाइको सरकारले हतार गर्नुपर्ने कुनै कारण छैन । शिक्षा र स्वास्थ्य उपचारमा मात्रै राम्रो ध्यान दिने हो भने पनि जनताका झन्डै आधा समस्या समाधान हुन्छ । भ्रष्टाचार न्यूनीकरणमा पनि त्यसले सहयोग नै पुऱ्याउने छ । शिक्षा र स्वास्थ्य उपचार अति नै महँगो भएकोले पनि भ्रष्टाचार बढेको भन्ने मत पनि धेरै छ ।

कतिपय सरकारी अस्पतालहरूमा महँगा महँगा स्वास्थ्य उपकरणहरू भए पनि त्यसको प्रयोग राम्रो भइरहेको छैन । कमिसनको लागि बिचौलियाहरूसँगको मिलेमतोमा करोडौँको सामान खरिद गर्ने, त्यसको प्रयोग नगर्ने धेरै सरकारी अस्पतालहरूको अवस्था हो । सामान बिग्रियो भने मर्मतको कुनै व्यवस्था नहुनु, उपकरण चलाउन सक्ने दक्ष जनशक्ति नहुनु र अस्पतालहरूमा आवश्यक विशेषज्ञ पूर्ति नहुनु स्वास्थ्य क्षेत्रका समस्याहरू हुन् । यस्ता समस्या समाधान गर्न अहिलेको सरकारलाई कसले रोक्यो ?

अहिले सहर-सहरमा निजी अस्पतालहरू छन् । सरकारी अस्पतालहरूमा उपचार राम्रो भएमा कोही पनि महँगा महँगा अस्पतालहरूमा गएर उपचार गराउन जाँदैनन् । कतिपय चिकित्सकहरू सरकारी अस्पतालमा हाजिर भएर कार्यालय समयमै निजी क्लिनिक वा अस्पतालमा गएर काम गर्ने, अस्पतालको एक्स-रे, सिटी स्क्यान जानाजान बिगारेर निजी क्षेत्रमा बिरामीहरूलाई पठाउनेजस्ता विकृतिहरू स्वास्थ्य क्षेत्रमाा व्यापक छन् । त्यस्तालाई सरकारले तत्काल कारबाही गर्नुपर्दछ ।

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवा नि:शुल्कको सुनिश्चितता गरेको छ । त्यसका लागि देशभरका सबै अस्पतालहरूमा आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक सबै प्रकारका औषधिहरू समयमै सरकारले व्यवस्था गरी दिनुपर्छ अथवा बीमाअन्तर्गत त्यसलाई पार्नुपर्थ्यो । अहिलेको सरकारले आधारभूत औषधिहरू बीमामा नपरेको भन्दै भुक्तानी बन्द गर्न थालेपछि कतिपय अस्पतालहरू समस्यामा परेका छन् ।

रास्वपाको सरकार आएपछि बीमासम्बन्धी पटक-पटक फरक-फरक निर्णय गरेर सरकारी र सामुदायिक अस्पतालहरूलाई अन्योलमा पारेको छ । सुरुमै बीमा भुक्तानी दाबी बढी गऱ्यो भनी सबै औषधिहरूको लागत मूल्यभन्दा धेरै कम भुक्तानी दियो । अस्पतालले नियमानुसार टेन्डर गरेर खरिद गरेको भन्दा निकै कम भुक्तानी पछि धेरै अस्पतालहरूले बीमा सेवा नै बन्द गरे । अस्पतालहरूको दबाबमा केही बढाएर भुक्तानी गरियो । मूल्य घटाएर किन भुक्तानी गरियो, वैज्ञानिक कारण के छ ? कसैलाई थाहा छैन । स्वास्थ्य क्षेत्रमा मनोमानी गर्नु कसैलाई पनि छुट छैन ।

स्वास्थ्यमन्त्री स्वास्थ्यबारे जानकार व्यक्ति हुन् । तर, कुनै अध्ययनबिना हतार हतारमा निर्णय गर्दा सरकार पटक-पटक अप्ठ्यारोमा पर्दै आएको छ । नयाँ सरकारले जनविश्वास बढाउन नयाँ-नयाँ अस्पताल र सेवाहरू थप गर्दै लानुपर्ने हो । पहिलेदेखि भइरहेको सेवा कटौती गरेर जनताको विश्वास जित्न सक्दैन । यो अहिले स्वास्थ्य क्षेत्रको जिम्मा लिएर बसेकाहरूमा हेक्का रहनुपर्छ ।

अहिलेको सरकारको गलत नीतिले विगतमा ८०/९० लाख मानिसहरू स्वास्थ्य बीमामा आबद्ध भएकोमा अहिले घट्दो क्रममा छ । जोसुकै सरकार भए पनि संविधानले सुनिश्चित गरेका दायित्वबाट पन्छिन मिल्दैन । स्वास्थ्य क्षेत्र नाफालिने व्यापार व्यवसाय होइन । जनताको सेवाको निम्ति राज्यले गर्नैपर्ने जिम्मेवारी हो । त्यो सरकारले गर्ने सेवा हो । सेवामा नाफाघाटाको हिसाब हुँदैन ।

सरकारी अस्पतालहरू राम्रा भए नाफाको लागि खोलिएका अस्पतालहरूको औचित्य कम हुँदै जाने छन् । अहिले राजधानीका अस्पतालहरूले वर्षको करोड होइन, अरबौँको नाफा गरिरहेका छन् । ती अस्पतालहरूले कसरी स्वास्थ्य उपचार गरेर मात्र अरबौँको नाफा कमाए ? काम गर्ने कर्मचारीको शोषण, औषधिमा बढी मूल्य र महँगो उपचार खर्च नै त्यसरी नाफाका कारणहरू हुन् ।

स्वास्थ्य क्षेत्रमा नमुना बन्दै भक्तपुर नगरपालिका

अन्य क्षेत्रमा झैं भक्तपुर नगरपालिका स्वास्थ्य क्षेत्रमा पनि नमुना बन्दै छ । जनताको सहज स्वास्थ्य उपचारको लागि १०० शय्याको ख्वप अस्पताल सञ्चालनमा छ । अस्पतालले देशभरिका जनतालाई सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै छ । बीमाको भुक्तानी बाँकी भएको कारण धेरै अस्पतालहरूले बीमा सेवा बन्द गरेको बेलासमेत ख्वप अस्पतालले सुचारु गऱ्यो । त्यसले ख्वप अस्पतालप्रति जनताको विश्वास अझ बढ्दै छ ।

गत आ.व. २०८२/८३ मा मात्र त्यस अस्पतालले ७४ जिल्लाका ३ लाख २७ हजार ३१८ बिरामीलाई सेवा दिएको रेकर्ड छ । ५० भन्दा बढी विशेषज्ञहरूको टोली र ७५/७६ जना डाक्टरहरूसहित करिब ३०० जना कर्मचारीहरूको टोलीले उपचार सेवा प्रदान गरिरहेको छ । नि:शुल्क रगत र नि:शुल्क अक्सिजन प्रदानले भक्तपुरका जनताहरू थप खुसी छन् । नगरपालिकाले घरघरमा गएर नर्स सेवा दिइरहेका कारण जनविश्वास जित्दै छ । सिटी स्क्यान सेवासम्म उपलब्ध भएको ख्वप अस्पतालले यो वर्ष एमआरआई सञ्चालन गर्न बजेट विनियोजन गरेर खरिद प्रक्रिया अगाडि बढाइसकेको छ ।

भक्तपुरको स्वास्थ्य क्षेत्रको अध्ययन गर्न देशका विभिन्न पालिकाका प्रमुख, उपप्रमख र जनप्रतिनिधिहरू आइरहेका छन् । उनीहरूको एउटै प्रश्न छ, एउटा पालिकाले यस्तो स्तरीय अस्पताल सञ्चालन गर्न कसरी सम्भव भयो ? यहाँका जनप्रतिनिधिहरूले सहज जवाफ दिन्छन्, इमानदारीपूर्वक जनताको सेवा गर्ने भावना नै यसको सफलता आधार हो ।

सन्दर्भ : अरब वसन्त

साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – ४६

✍ रामरतन चौधरी

पश्चिम एसिया र उत्तर अफ्रिकामा अवस्थित १९ वटा राज्यलाई 'अरब संसार' भनिन्छ । यो क्षेत्र पश्चिममा एट्लान्टिक महासागरदेखि पूर्वमा अरब सागरसम्म र उत्तरमा भूमध्यसागरदेखि दक्षिणपूर्वमा हिन्द महासागरसम्म फैलिएको छ । यहाँका अधिकांश मानिसहरू अरबी भाषा बोल्छन् । यी देशमा अरब जातिको बाहुल्यता रहेको छ । यस क्षेत्रमा अरब जातिबाहेक कुर्द, सोमाली र न्युबियन जातिका मानिसहरूको पनि उल्लेखनीय बसोबास रहेको छ ।

१० औँ शताब्दीमा एक अरब भूगोलविद् अल मकदिसी (Al Maqdisi) ले अरबी प्रायद्वीप (बहराइन, इराक, जोर्डन, कुवेत, ओमान, कतार, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स र यमन) को भूमिलाई जनाउन 'अरब क्षेत्रहरू' शब्द प्रयोग गरेका थिए । उनले माथिल्लो मेसोपोटामिया (इराक, सिरिया र टर्की), आश-शाम (इजरायल, जोर्डन, लेबनान, प्यालेस्टाइन, सिरिया र टर्की), इजिप्ट र मगरेब (अल्जेरिया, लिबिया, मौरिटानिया, मोरक्को, ट्युनिसिया र पश्चिमी सहारा सहरवी अरब लोकतान्त्रिक गणतन्त्र) लाई अरब क्षेत्रहरूको भाग मान्थे ।सन् १९४५ मा १९ अरबी मुलुकहरू मिलेर एक अन्तर्राष्ट्रिय संस्था 'अरब लिग' गठन गरेका छन् । जसमा ३ गैरअरब देशहरू कोमोरोस, जिबूटी र सोमालिया पनि संलग्न छन् । अहिले अरब लिगमा २२ वटा सदस्य मुलुकहरू समावेश छन् ।

विश्व बैङ्कका अनुसार सन् २०२१ सम्ममा अरब विश्वको कुल जनसङ्ख्या ४५ करोड ६० लाख रहेको छ । यहाँको कुल गार्हस्थ उत्पादन ४२.८५ ट्रिलियन छ । यो क्षेत्र आर्थिक रूपमा विविधतापूर्णरहेको देखिन्छ । अरब संसारको अर्थतन्त्रको ठूलो हिस्सा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासमा निर्भर छ । यसमा विश्वका धनी र गरिब मुलुकहरू पनि रहेका छन् । मध्यपूर्वी र उत्तर अफ्रिकी देशहरूको अर्थव्यवस्थाको संरचना फरक छ । यस क्षेत्रका तेल निर्यात गर्ने लिबिया र अल्जेरियाजस्ता राज्यहरूको जीडीपी स्तर अन्य देशहरूभन्दा उच्च रहेको छ भनेसाउदी अरब १.३ ट्रिलियन अमेरिकी डलरभन्दा बढी जीडीपीका साथ अरब संसारकै सबभन्दा ठूलो अर्थतन्त्र बनेको छ । करिब ६०१ बिलियन डलरसहित संयुक्त अरब इमिरेट्स दोस्रो स्थानमा रहेको छ । प्रतिव्यक्ति आयका आधारमा कतारलाई संसारकै धनी मुलुक मानिन्छ । इजिप्ट, ट्युनिसियाजस्ता देशलाई मध्यम आर्थिक अवस्था भएको देशको रूपमा मानिन्छ । यमन, सुडान, सिरिया र सोमालियाजस्ता देशहरू आर्थिक रूपले कमजोर छन् । अरबका कतिपय देशहरूले राजनीतिक अस्थिरता र द्वन्द्वको सामना गर्नुपरेको कारण पनि कमजोर हुन पुगेको देखिन्छ ।

अरब वसन्त (Arab Spring)

सन् २०१० को डिसेम्बर १७मा ट्युनिसियाका सडकमा व्यापार गर्दै गुजारा गर्ने एक २६ वर्षीय युवा मोहम्मद बुअजिजी (Mohamed Bouazizi) ले चरम आर्थिक निराशा र प्रहरी दुर्व्यवहारविरुद्ध आफैलाई आगो लगाएर आत्मदाह गरेका थिए । त्यसपछि १८ डिसेम्बरदेखि ट्युनिसियाका सडकमा सरकारविरोधी प्रदर्शन सुरु भएको हो । बुअजिजीको सन् २०११ जनवरी ४ मा निधन भयो । आन्दोलनका कारण ट्युनिसियाका राष्ट्रपति जेन एल आबिदिन बेन अलीदेश छाडेर साउदी अरब भाग्न बाध्य भए । उनको २३ वर्ष लामो शासन अन्त्य भयो । सडक प्रदर्शनको बलमा सत्ताच्यूत हुने बेन अली पहिलो अरब शासक हुन् ।

ट्युनिसियाबाट सुरु भएको आन्दोलन मध्यपूर्व र उत्तर अफ्रिकी अरब देशहरूमा समेत आगोसरी फैलियो । यसले ठूलो शरणार्थी सङ्कट र पश्चिम एसियाली क्षेत्रमा गहिरो भू-राजनीतिक जटिलता निम्त्यायो । इजिप्टका हुस्नी मुबारक र लिबियाका मुअम्मर गद्दाफीजस्ता लामो समयदेखि सत्तामा रहेका शासकहरूसमेत यसको चपेटामा परे।सन् २०१० डिसेम्बरदेखि सुरु भएर सन् २०१२ सम्म रहेको त्यस क्षेत्रको आन्दोलनलाई अरब बसन्त (Arab Spring) भनियो ।

अरबी मुलुकमा चलेको आन्दोलनको लहरलाई 'अरब वसन्त' वाक्यांशको पहिलो प्रयोग एक अमेरिकी राजनीतिक वैज्ञानिक मार्क लिन्च (Marc Lynch) ले अमेरिकामा प्रकाशन हुने राजनीतिक शैक्षिक पत्रिका 'विदेश नीति' (Foreign Policy) मा लेखिएको आफ्नो लेखमा प्रयोग गरेका थिए । त्यसपछिअरब मुलुकहरूमा भएका त्यसबेलाको आन्दोलनलाई 'अरब वसन्त' (Arab Spring) भन्न थालियो । (Arab Spring Its Causes And Consequences, University of the Punjab)

ट्युनिसियामा भएको आन्दोलनको प्रभावले सन् २०११ जनवरी २५ मा इजिप्ट (मिस्र) को राजधानी कायरो, अलेक्जाड्रियालगायत सहरहरूमा पनि प्रदर्शनहरू भए । जसको कारण ३० वर्षदेखि (सन् १९८१ देखि २०११ सम्म) सत्तासीन राष्ट्रपति होस्नी मुबारक राजीनामा दिन बाध्य भए ।

सोही वर्षको फेब्रुअरी १५ मा बहराइनको तहरिर स्क्वायरमा संवैधानिक राजतन्त्रलगायतका सुधारका मागहरू राखेर अर्को प्रदर्शन भयो । सो क्रममा तीनजनाको मृत्यु भयो भने कयौँ घाइते भए । बहराइनमा प्रदर्शन सुरु भएकै दिन लिबियाको बेन्गाजी (Benghazi) सहरमा पनि प्रदर्शन भयो । सरकारविरुद्धको प्रदर्शन बिस्तारै गृहयुद्धमा बदलियो जसमा फ्रेन्च, बेलायती र अमेरिकी सैनिकहरूले हस्तक्षेप गरे । सन् २०११ अक्टोबर २० मा गद्दाफीलाई अमेरिकी भरौटेहरूले हत्या गरे । अहिले लिबिया अशान्त छ । गद्दाफीको हत्यापछि लिबियाको प्राकृतिक स्रोत-साधन अमेरिकाले कब्जा गऱ्यो ।

मार्च ६ मा सिरियामा केही युवाले विद्यालयको भित्तामा राष्ट्रपति बसर अल-असदलाई लक्षित गर्दै "डाक्टर, अब तिम्रो पालो" भनेर लेखे । त्यसपछि असद सरकारविरुद्ध प्रदर्शन सुरु भयो । त्यहाँ पनि अमेरिकाले प्रत्यक्ष हस्तक्षेप गरेको थियो । अमेरिकाकै कारण सिरियाको प्रदर्शन गृहयुद्धमा परिणत भयो । सिरियाली गृहयुद्धको असर छिमेकी इराकमा समेत देखा परेको थियो ।

सन् २०११ जनवरीदेखि यमनको राजधानी साना (Sanaa), ताइज (Taizz) र आदेन (Aden) मा पनि राष्ट्रपति सालेहको राजीनामा माग गर्दै ठूल्ठूला प्रदर्शनहरू भए । एक वर्ष लामो प्रदर्शनले हिंसात्मक रूप लिन थाल्यो । सन् २०११ जुन ३ मा राष्ट्रपति कार्यालयभित्र बम हमला भयो । त्यसमा सालेह घाइते हुन पुगे । आन्दोलनको क्रममा करिब ५० जनाभन्दा बढीको मृत्यु भयो । अन्ततः यमनमा ३३ वर्ष शासन गरेका अली अब्दुल्लाह सालेहको शासन सन् २०१२ फेब्रुअरी २७ मासमाप्त भयो ।

यी देशमा सामाजिक सञ्जाल तथा इन्टरनेटको प्रयोग व्यापक गरिएको थियो । प्रदर्शनहरूमा फेसबुक, ट्विटर जस्ता इन्टरनेट र सामाजिक सञ्जालको भूमिका महत्त्वपूर्ण रह्यो । अल-जजीरा र अल-अरेबिया जस्ता टेलिभिजन च्यानलहरूले सूचना फैलाउने र विश्वभर समाचार सम्प्रेषण गर्ने काम गरे । जसले प्रदर्शनलाई मलजल गऱ्यो । क्रमशः

२०८३ कार्तिक २२ गते

सचेतताका लागि कर्मचारीहरूको नियमित भेला हुनुपर्ने

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा ख्वप मा.वि. र ख्वप कलेजमा कार्यरत कर्मचारीहरूको भेला कार्तिक २० गते सम्पन्न भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले एक जना कर्मचारीले गरेको गल्तीको परिणाम सिङ्गै संस्थाले क्षति भोग्नुपर्ने स्थिति आउन सक्ने भएकोले नियमित भेला राखी कर्मचारीहरूलाई सचेत र सतर्क गराइराख्नु जरुरी छ भन्दै नक्कली काम गर्ने र गल्ती गर्नेहरूलाई समयमै आलोचना गरी सुधार्ने मौका दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "अपराधीलाई दण्डित गर्नु जरुरी छ । प्रायश्चित नगर्ने अपराधीहरू भविष्यमा मानसिक रोगी हुनसक्ने सम्भावना छ ।"

हरेक दिनको अखबारमा भ्रष्टाचारको समाचार आइरहनु पुँजीवादी बन्दोबस्तको दोष भएको स्पष्ट पार्दै उहाँले जहिलेसम्म तेरो-मेरोको भावना हुन्छ, धनी-गरिब रहन्छ तबसम्म समाजमा शोषण भइरहने बताउनुभयो ।

साम्यवादी समाजमा मात्र भ्रष्टाचार अन्त्य हुने धारणा राख्दै उहाँले पुँजीवादी क्रान्ति र समाजवादी क्रान्तिको भेदबारे जनतालाई सचेत पार्नु जरुरी छ भन्नुभयो ।

समाज र जनताप्रति समर्पित भई काम गर्ने पार्टी र नेतृत्व नभएसम्म समाजवाद नआउने र आए पनि समाजवादी व्यवस्था टिक्न नसक्ने यथार्थ अध्यक्ष बिजुक्छेँले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "सङ्गठन नहुने ठाउँ र पार्टीप्रति आस्था नहुने व्यक्तिबाट पार्टीलाई मत आउने छैन ।"

भक्तपुर नगरपालिकाका प्रमुख एवं विद्यालय/कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले ख्वप शैक्षिक सर्कलको प्रगतिलाई अझ उच्च बनाउने प्रयास भइरहेको बताउनुभयो ।

ख्वप मा.वि. स्थापना र सञ्चालन स्वीकृतिको घटना आफ्नो जीवनमा अविस्मरणीय रहने उल्लेख गर्दै उहाँले ख्वप सर्कलका शैक्षिक संस्थाहरूको प्रगतिकै कारण आज भक्तपुर नगरपालिकाको चर्चालाई उचाइमा पुऱ्याइरहेको छ भन्नुभयो ।

"जस्तोसुकै बाधा व्यवधान आए पनि पछाडि नहटी ख्वप सर्कलका कलेजहरू अगाडि बढिरहने छन् । मितव्ययी र पारदर्शिता नै ख्वपको सफलताको परिचय हो", उहाँले भन्नुभयो ।

नेपालका विश्वविद्यालयमा हुनुपर्ने भिड अन्तर्राष्ट्रिय विमानस्थलमा हुनु दु:खको कुरा भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

नेमकिपाको निर्वाचन घोषणापत्रअनुसार नै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले काम गर्दै आएको र निर्वाचनमा व्यक्त गरेका अधिकांश प्रतिबद्धता पूरा भइसकेको चर्चा गर्दै प्रमुख प्रजापतिले काबु बाहिरको परिस्थितिमा रहेका केही योजनालगायत सरकारको पूर्वाग्रही सोच र पक्षपातपूर्ण व्यवहारको कारणले मात्र ख्वप विश्वविद्यालय स्थापना गर्न नसकेको उल्लेख गर्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले बोली र व्यवहारमा समानता हुनुपर्ने आवश्यकता औँल्याउँदै आफ्नो कमीकमजोरी थाहा पाई कमजोरी हटाउने प्रयत्न गर्नु जरुरी छ भन्नुभयो ।

हरेक काम जवाफदेहिताका साथ गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, मावि तथा कलेजका शाखा प्रमुख एवं अधिकृत कर्मचारीहरूले पनि बोल्नुभएको थियो ।

भेलामा अनिवार्य अवकाश भएका सुरक्षा गार्ड शिवराम श्रेष्ठलाई कदरपत्रसाथ सम्मान गरिएको थियो ।

सहकारीलाई आर्थिक गतिविधिमा मात्र सीमित नगरी अध्ययनमा पनि जोड दिनुपर्ने

भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा नेपाल संवत् ११४७, स्वन्ति न:खा तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम कार्तिक २१ गते खँचास्थित सिद्धि गणेश तालिम हलमा सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले श्रमिक आन्दोलनको ऐतिहासिक पृष्ठभूमिबारे चर्चा गर्दै सन् १८८६ मा अमेरिका र युरोपबाट सुरु भएको आठ घण्टा कामको आन्दोलनले मजदुरहरूको स्वास्थ्य, व्यक्तिगत जीवन र अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले इतिहासको अध्ययनले भविष्यका समस्या समाधान गर्न मार्गदर्शन गर्ने उल्लेख गर्दै सहकारीका सञ्चालक तथा उपसमितिका सदस्यहरूले आर्थिक गतिविधिमा मात्र सीमित नभई नियमित अध्ययन, छलफल र अन्तरक्रियामा सहभागी हुनुपर्ने बताउनुभयो ।

युद्धको बेला बस्तीमा सैनिक ब्यारेक राख्न नहुने धारणा राख्दै उहाँले सुशासनका लागि प्रहरीको मात्र प्रयोग गरिनुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले पढ्ने, बस्ने, खाने र स्वास्थ्यको राम्रो व्यवस्था भएको समाज निर्माणमा जोड दिँदै आएको उहाँले उल्लेख गर्नुभयो ।

संस्थाका अध्यक्ष विष्णुराम दुमरूले सदस्यहरूको आयआर्जन क्षमता वृद्धि गर्न फोटोग्राफी, सिलाइ, झोल साबुन तथा अचार बनाउनेलगायत सीपमूलक र आयमूलक तालिम सञ्चालन गर्दै आएको बताउनुभयो ।

सदस्यहरूलाई उद्यमी बनाउन सफल उद्यमीबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने र साना ऋण धेरै सदस्यमा प्रवाह गर्ने नीति लिनुपर्ने उहाँको भनाइ थियो ।

संस्थाका उपाध्यक्ष ईश्वरमान दुमरूले सदस्यहरूको सांस्कृतिक, सामाजिक र आर्थिक स्तर उकास्न सीपमूलक, रोजगारीमूलक तथा चेतनामूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

सचिव रमेश दुमरूले ३१ जना सदस्यबाट सुरु भएको संस्था ३२ वर्षदेखि सञ्चालनमा रहेको र भूकम्प तथा कोभिड महामारीजस्ता कठिन परिस्थितिमा पनि सदस्यलाई नियमित सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

कोषाध्यक्ष रामप्रसाद लाखाजुले संस्थाको प्रगतिका लागि सञ्चालक समिति, उपसमिति, संस्थापक तथा कर्मचारीबिच सहकार्य आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाईले पनि बोल्नुभएको थियो ।

सुशासन र समृद्धिबारे सरकारको समीक्षा गर्ने समय



भक्तपुर । वागीश्वरी माध्यमिक विद्यालय, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा तिहार, नेपाल संवत् ११४७ र छठ पर्वको अवसरमा शुभकामना एवं नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा सांस्कृतिक कार्यक्रम कार्तिक २२ गते सम्पन्न भयो । भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले दीप प्रज्वलन र उपाध्यक्ष एवम् वागीश्वरी मावि का पूर्वप्रधानाध्यापक मोहनप्रसाद प्रजापतिले बेलुन उडाएर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि सुनिल प्रजापतिले सुशासन र समृद्धिको कुरा ल्याउने सरकारले व्यवहारमा अर्कै काम गर्नुले जनताले समीक्षा गर्नुपर्ने समय आएको बताउनुभयो । उहाँले नाफा र व्यक्ति विशेषको लागि नभई समग्र वागीश्वरीको विकास गर्न अनुशासित, इमानदार र जिम्मेवार भई काम गरिरहेको स्पष्ट पार्नुभयो । सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा नै फिर्ता गरी शासन पद्धतिमै अराजकता ल्याएको उहाँको भनाइ छ । सचेत नागरिकले राजनीति नगरे योभन्दा बढी दुर्गति व्यहोर्नुपर्ने बताउँदै उहाँले गलत कार्यलाई हटाउन इमान्दार शिक्षक विद्यार्थीबाटै राजनीति गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालको सम्पत्ति खरानी पार्न विदेशीहरूले लगानी गरिरहेको औँल्याउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर न.पा. वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले सभ्य, सुसंस्कृत समाज र योग्य नागरिक बन्नका लागि शुभ काम र शुभ बचनको थालनी गर्नुपर्नेमा जोड दिनुभयो । जातीय, भाषिक र सांस्कृतिक विविधता रहेको यो देशमा सम्मानित र संस्कारयुक्त जीवन विताउन सकारात्मक सोचको विकास गर्नु आवश्यक रहेको उहाँले बताउनुभयो । त्यस्तै वर्गीय भेद र आर्थिक असमानताको अन्त्य हुनुपर्नेमा जोड दिँदै उहाँले सम्मान, उचित व्यवहार र विभेदमुक्त भएर काम गर्न सबैलाई उत्प्रेरित गर्नुपर्ने बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानाजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले नयाँ वर्ष ११४७, तिहार र छठ पर्व मनाउँदा नयाँ काम के गर्ने र के नगर्ने भनी स्पष्ट पार्दै कविता वाचन गर्नुभयो । त्यस्तै कलेज व्यवस्थापन समितिका सदस्य एवम् कक्षा ११/१२ का संयोजक ज्ञानसागर प्रजापतिले वागीश्वरीले शुभकाम गरेर मात्र शुभकामना आदानप्रदान गरेको बताउनुभयो । उहाँले शंखधर साख्वाले आफ्नो सुन बेचेर जनताको ऋण मोचन गरेको सन्दर्भ बताउँदै अहिलेको सरकारले ऋणमोचनभन्दा राज्यको ऋण भार ३० खर्बभन्दा बढी बनाएको बताउनुभयो । उहाँले सरकार थितिभन्दा बेथितितिर लागेको सन्दर्भ जोड्दै स्वतन्त्रता छाडापन नभएकोले विद्यार्थीहरूलाई इमानदार, अनुशासित र मर्यादामा बस्न सिक्नुपर्ने बताउनुभयो ।

वागीश्वरी मावि का प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले वागीश्वरीमा पढ्ने विद्यार्थीहरू आर्थिक अभावमा बस्न नपरेको बताउनुभयो । उहाँले विद्यालय तहमै ४५ लाख रुपैयाँ र कलेजसम्म १ करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था गरेको औँल्याउनुभयो ।

विद्यालयले कक्षा १ सम्मका विद्यार्थीहरूका लागि तुमचोको बनसीमा छुट्टै बालमैत्री भवनको व्यवस्था गरिसकेको उहाँले बताउनुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले कलेजमा अध्ययनरत विद्यार्थीका लागि क्षमता वृद्धि हुने गरी कार्य गरिरहेको बताउनुभयो । उहाँले वागीश्वरीका विद्यार्थी संसारका जुनसुकै देशमा गए पनि योग्य र सक्षम बनाउन कार्यक्रमहरू ल्याएको स्पष्ट पार्नुभयो ।

कार्यक्रम संयोजन समितिका संयोजक सुमित्रा कार्कीको सभापतित्वमा भएको उक्त कार्यक्रममा विद्यार्थीहरू लक्ष्मी तामाङ, एल्भिसा कोजु,, असीम ध्वोंजु, ग्रिष्मा हुमागाई, सुवान सुवाललगायतले शुभकामना आदानप्रदान गर्नुभएको थियो ।

कार्यक्रममा प्रसिद्ध गायक थानेश्वर गौतम र गनु साम्पाङ राईको बेजोड प्रस्तुतिसँगै विद्यार्थीहरूबाट गीत, नृत्य आदि प्रस्तुति भएको थियो ।

यसैगरी विद्यार्थी हित समिति वागीश्वरी एकाइ समितिको आयोजनामा वागीश्वरी मावि च्याम्हसिंह ब्लकमा तिहार, नेपाल संवत् ११४७ र छठ पर्वको उपलक्ष्यमा शुक्रबार शुभकामना आदानप्रदान, पुरस्कार वितरण एवं सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भनपा ९ नं वडा अध्यक्ष रवीन्द्र ज्याख्वले कार्यक्रमबाट धेरै कुरा सिक्न सकिने उल्लेख गर्दै विगतमा विद्यार्थी हित समितिमा बसेर विद्यार्थीहरूका विभिन्न समस्या समाधान गर्न सक्ने कुराको स्मरण गर्नुभयो । विद्यार्थीहरूले बिदाको समय विभिन्न हिसाबले सदुपयोग गर्नुपर्ने धारणा प्रस्तुत गर्दै चाडपर्वको समयमा लङ्गुर बुर्जा र जुवातासतिर नजानिँदो गरी लागियो भने भविष्यमा त्यसले आफूमा दाग लगाउने र पटाका पड्काउँदा हुनसक्ने खतरातर्फ पनि उहाँले सचेत गराउनुभयो ।

प्रअ कृष्णप्रसाद कर्माचार्यले विद्यालयले विभिन्न तहको शैक्षणिक नतिजामा उच्चतम उपलब्धि कायम गरेको चर्चा गर्दै आगामी दिनमा पनि शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको सहयोग एवं सक्रियताबाट विद्यालयले अझै प्रगति गर्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

सहायक प्रअ उकेश सुवालले विद्यार्थीहरू अनुशासित भएकोमा खुसी व्यक्त गर्दै विद्यार्थीको अनुशासन भन्ने कुरा पारिवारिक संस्कारबाट प्रभावित हुने बताउनुभयो ।

अर्का सहायक प्रअ ज्ञानेन्द्र श्रेष्ठले विद्यार्थी अनुशासनमा जोड दिँदै नयाँ वर्ष मनाउँदा आफ्ना नराम्रा बानी त्याग्ने र दीपावली कार्यक्रम मनाउँदा होसियारी पनि अपनाउनुपर्ने बताउनुभयो ।

विद्यार्थी हित समितिका अध्यक्ष निशा थापाको सभापतित्वमा भएको उक्त कार्यक्रममा केही महिनाअघि भारतको अहमदाबादमा आयोजित विश्व योग दिवसमा द्वितीय स्थान हासिल गर्ने प्रज्ञा गौतम, बङ्गलादेशमा आयोजित दक्षिण एसियाली सितेरियोमा प्रथम स्थान हासिल गर्ने पूर्णिमा खत्री र हालै सम्पन्न जुनिएर पोइट आइडलकी उपविजेता मनीषा थापालाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा विभिन्न कलाकार विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

मन्थली नपाको टोली भक्तपुरमा अनुभव आदानप्रदान

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रामेछापको मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठको नेतृत्वमा आएको टोलीलाई कार्तिक १८ गते भादगाउँले टोपी र खादाद्वारा स्वागत गर्नुभयो । सो क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले जनस्वास्थ्य सेवा केन्द्रलाई २०७७ सालदेखि ख्वप अस्पतालको रूपमा सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । अस्पतालले वर्षको ३६५ दिन नै स्वास्थ्य सेवा प्रदान गर्दै आएको उल्लेख गर्दै उहाँले अस्पतालमा विभिन्न विशिष्टीकृत स्वास्थ्य सेवासमेत सञ्चालनमा रहेको बताउनुभयो ।

नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतको रकम शोधभर्ना प्राप्त नभए पनि नागरिकको स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै स्वास्थ्य बीमा सेवा निरन्तर सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालबाट सीटी स्क्यान सेवा सञ्चालन भइरहेको र एमआरआई सेवा सञ्चालन गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो ।

जनप्रतिनिधिहरू जहाँ रहे पनि आपसी समन्वयमा काम गर्नुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्वास्थ्यलाई प्राथमिकता दिई वडावडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरिरहेको बताउनुभयो । नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय लगानी गर्दै आएको उहाँले बताउनुभयो ।

मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठले मन्थली नगरपालिकाले १५ शय्याको नगर अस्पताल सञ्चालन गरिरहेको जानकारी दिँदै पर्याप्त स्रोत र साधनको अभावमा सोचेजस्तो स्वास्थ्य सेवा प्रदान गर्न कठिनाइ भइरहेको बताउनुभयो । अस्पतालको सेवा तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले ख्वप अस्पतालको सञ्चालन र व्यवस्थापनबारे जानकारी लिन टोली भक्तपुर आएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालको व्यवस्थापन व्यवस्थित र प्रभावकारी लागेको उल्लेख गर्दै नगर प्रमुख श्रेष्ठले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको काम नमुनायोग्य रहेको बताउनुभयो । स्थानीय तहबाट अस्पताल सञ्चालन गर्दा सेवा प्रवाहमा सहजता हुने अनुभव भएको उहाँको भनाइ थियो । मन्थली नपा आकारमा ठुलो भएकोले जनतालाई सहज सेवा दिन कठिनाइ भएको उहाँले बताउनुभयो ।

टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज तथा ख्वप अस्पतालको अवलोकन गरी त्यहाँबाट प्रदान हुँदै आएका सेवाबारे जानकारी लियो ।

टोलीमा मन्थली अस्पताल प्रमुख डा. केशव सिंह धामी, स्वास्थ्य शाखा प्रमुख केशवराज फुयाँल, प्रशासनको तर्फबाट बलबहादुर केसी, नवीन ढुङ्गेल (जिन्सी), सोहत सुवेदी (फार्मेसी), कौशलकुमार थापालगायतको उपस्थिति थियो ।

सो अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले मन्थली नगरपालिकाको टोलीलाई नगरपालिकाका प्रकाशनहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभयो ।

पेइचिङ रिभ्यू : चीन र विश्व अर्थतन्त्रबारे एक चर्चा

✍ समा

पेइचिङ रिभ्यू सन् १९५८ देखि निरन्तर प्रकाशित चीनको राष्ट्रिय साप्ताहिक पत्रिका हो । चिनियाँ कम्युनिस्ट पार्टीअन्तर्गतको अन्तर्राष्ट्रिय प्रकाशन विभागले प्रकाशन गर्ने यस बुलेटिन संसारका पाँच महादेशमा १५० भन्दा बढी देशहरूमा वितरण हुन्छ । पेइचिङ रिभ्यू चीन र विश्व व्यवस्थामा आएका उतारचढावको सुन्दर दर्पण बन्न सफल छ । चीनको सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक रूपान्तरणको प्रमाण या दस्तावेज बन्दै छ, पेइचिङ रिभ्यू । चिनियाँ कम्युनिस्ट पार्टीको विचार, चीनको नीति तथा कार्यक्रम र विकासका एजेण्डाहरूलाई विश्वसामु राख्ने सशक्त माध्यमको रूपमा लिइन्छ, पेइचिङ रिभ्यू । यो बुलेटिन चीनको विकास र व्यापारसँग विश्वलाई जोड्ने एउटा बौद्धिक पुल बन्न सफल छ । चिनियाँ, अङ्ग्रेजी, जापानी, फ्रान्सेली, जर्मनलगायत विभिन्न भाषामा प्रकाशित हुने यस बुलेटिन वेबसाइट र इन्टरनेटमा सजिलै पढ्न पाइन्छ ।

यो वर्ष अर्थात् सन् २०२३ मार्च महिनामा 'पेइचिङ रिभ्यू' प्रकाशनको ६५ वर्ष पुग्यो । यहाँ मार्च महिनाको अङ्क ६६ बारे चर्चा गर्नु अझ सान्दर्भिक होला । यस अङ्कमा विशेषत: चीनको अर्थतन्त्र र विश्व आर्थिक उतारचढावबारे चर्चा छ । चीनको सभ्यता, महादेशहरूको सभ्यता र सांस्कृतिक पुनर्जागरणदेखि आर्थिक सामाजिक रूपान्तरणको विषयमा यस अङ्कले चासो राखेको छ ।

नयाँ युगमा प्रजातन्त्रको व्याख्या

यो शताब्दीमा आधुनिकीकरणको विवेचना कस्तो हुनुपर्छ ? भन्ने प्रश्नबारे राम्रो मन्थन छ । त्यति मात्र होइन विश्वमा चुनौति बनेर तेर्सिएको जलवायु परिवर्तनको सवालमा समाधान के हुन सक्छ भन्ने चिन्तन छ । विशेषत: यो अङ्क चीनको अर्थतन्त्र र आर्थिक विकासमा केन्द्रित छ । विश्व यतिबेला आर्थिक मन्दी अर्थात् सङ्कट सामना गर्दै छ । कोभिड महामारीपछिको विश्वमा देखिएको आर्थिक सङ्कटले युरोप र पश्चिमा विश्वको अर्थतन्त्र सङ्कटग्रस्त देखिन्छ । कोभिड महामारीकै कारण अर्थतन्त्र कमजोर भएको हो भन्ने तर्क पनि सही होइन । पश्चिमा विश्वको आर्थिक र राजनीतिक नीतिका कारण परिस्थिति अझ जटिल भएको हो भन्न सकिन्छ । युरोप र पश्चिमा विश्वले आफ्नो आर्थिक वृद्धिदर १ प्रतिशतभन्दा माथि पुऱ्याउन नसक्ने बताइरहँदा चीनले ५ प्रतिशत आर्थिक वृद्धिदर प्रक्षेपण गरेको छ । चीनको कुल गार्हस्थ उत्पादन वृद्धिदरको उद्देश्य हो यो । चीनले यो वर्ष कम्तीमा १ करोड २० लाख वटा नयाँ सहरी रोजगारी सृजना गरी सहरको बेरोजगारी दर ५.५ प्रतिशतभन्दा न्यून बनाउने उद्देश्य राखेको छ । चिनियाँ जनताको उपभोग क्षमता बढाउन उपभोक्ता मूल्य सूचाङ्कलाई ३ प्रतिशत पुऱ्याउने योजना छ । चीनको उत्पादन वृद्धिदर ३ प्रतिशतबाट तल झरेको छैन । अहिले ५ प्रतिशत कायम गर्न चीन र चीनसँग सहकार्य र साझेदारीमा रहेका देशहरूलाई हितकर हुने देखिन्छ । चीनले सन् २०२१-२०२५ सम्मको १४ औँ पञ्चवर्षीय योजनाअनुसार राष्ट्रिय अर्थतन्त्र, सामाजिक विकासको उद्देश्य बोकेको छ ।


चीनले सन् २०३५ सम्मको योजना बनाएर चीनको रणनीतिक उद्देश्य, सरकारका प्राथमिकता, बजार सञ्चालन र नियमनका नीतिहरू प्रस्ट पारेको छ । त्यति मात्र होइन आफ्नो क्षेत्रीय आर्थिक वृद्धि बढाउनुका साथै सम्भावित चुनौतिसँग सामना गर्ने तयारी थालेको छ । चीनको दिगो विकास, स्वस्थ आर्थिक विकास, गुणस्तरीय र प्रभावकारी विकासको उद्देश्य राखेर आर्थिक वृद्धिको लक्ष्य तय गरेको बुझ्न गाह्रो छैन । निर्धारण गरिएको ५ प्रतिशतको आर्थिक वृद्धिदरले चीनको अर्थतन्त्रको गतिलाई तीव्र या कमजोर दुवै बनाउँदैन । स्थिर अर्थतन्त्र, रोजगारी र मूल्यका लागि ५ प्रतिशत वृद्धिदर आवश्यक छ । कोभिड महामारीको असर चिनियाँ अर्थतन्त्रमा पनि परेको थियो । तर चीन ती सबै असर र चुनौतिलाई पछाडि छोडेर अघि बढ्दै छ । वस्तु उत्पादन क्षेत्रमा उपभोग्य म्यानेजरको सूचाङ्क ५०.१ पुगेको छ जसले उत्पादनमा व्यापकता र विराट आकारको सङ्केत गर्छ ।

चीनसँगै अन्तर्राष्ट्रिय समुदाय समेत चीनको वृद्धिबारे ढुक्क छ । अन्तर्राष्ट्रिय मुद्राकोषले त चीनको आर्थिक वृद्धि ५.२ प्रतिशत हुने प्रक्षेपण गरेको छ । जुन गत वर्षको अक्टोबरभन्दा ०.८ प्रतिशत बढी हो । यो आर्थिक वृद्धिदर विश्वका अन्य आर्थिक शक्तिहरूको भन्दा ज्यादा हो । चीनले विश्वव्यापी अर्थतन्त्रमा एक शक्तिकेन्द्र भई आफ्नो सेवा कर्मलाई निरन्तरता दिने निश्चित छ ।

चीनले अङ्कगणितमा मात्र आर्थिक वृद्धिको हिसाबकिताब गरेको छैन बरु सम्पूर्ण चिनियाँ जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको छ । चीनले परिमाणात्मकभन्दा गुणात्मक उत्पादनहरूमा जोड दिएको देखिन्छ । उच्च गुणस्तरीय आर्थिक वृद्धि चीनको उद्देश्य हो । चिनियाँ जनताको उपभोग्य क्षमता वृद्धिसँगै व्यापार, पर्यटनमार्फत अन्य देशको आर्थिक विकासमा सघाउने चीनको नीति छ । चीनले अन्न उत्पादन ६५ करोड टन वृद्धि गर्ने र कुल गार्हस्थ उत्पादनमा ऱ्हास ३ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । त्यसको लागि सरकारले स्थानीय तहमा ३ अर्ब ८० करोड युआनको विशेष उद्देश्यको बण्ड विनियोजन गरेको छ । सकेसम्म घरेलु माग वृद्धि गर्न सरकारले उपभोग क्षमता अभिवृद्धि गर्नुका साथै व्यापक बनाउने सोच राखेको छ । सहर या गाउँमा बसोबास गर्ने चिनियाँ जनताको आयमा सुधार र वृद्धिले घरेलु मागमा सकारात्मक सम्बन्ध राख्दछ । सन् २०२२ को तथ्याङ्कअनुसार चीनको उत्पादन उपभोग या घरेलु अर्थतन्त्रमा घरेलु माग या बजारले ५० प्रतिशतको योगदान गरेको देखिन्छ । यो तथ्याङ्क विकसित देशको तुलनामा अझै कम हो । त्यसकारण चीनले यो वर्ष घरेलु माग र घरेलु उपभोग वृद्धिमा जोड दिइरहेको छ ।

सहर-गाउँबिच भौतिक पूर्वाधार निर्माणमा देखापरेको भेद कम गर्ने, घरेलु मागमा कर र मूल्य कम गर्ने नीतिबाट घरेलु बजार अझ बलियो हुन सक्ने चिनियाँ विज्ञहरूको धारणा हो । सहरमा जस्तै गाउँमा पनि अत्याधुनिक बन्दोवस्तका सेवाहरू उपलब्ध गराई घरेलु पर्यटन उद्योगहरूलाई जोड दिन सके हितकर हुने अध्ययनले बताउँछ । चीनमाथि पश्चिमा विश्वको चुनौति र धम्कीहरूविरुद्ध चीनले घरेलु बजार बलियो बनाउनुको विकल्प छैन भन्छन् केही विज्ञहरू ।

चीनले उच्च गुणस्तरको विकासअन्तर्गत हरित विकास, पर्यावरणमैत्री विकासको वकालत गरेको छ । ऊर्जा खपत न्यूनीकरण र कार्बन उत्सर्जन न्यूनीकरण चीनको प्राथमिकता हो । वास्तवमा उच्चस्तरीय तवरले वातावरण जोगाउँदा आर्थिक वृद्धिमा कुनै बाधा हुँदैन बरु गुणस्तरीय विकास संस्कृतिको विकास हुन्छ भन्ने मान्यता स्थापित हुँदै छ ।



चीनले अङ्कगणितमा मात्र आर्थिक वृद्धिको हिसाबकिताब गरेको छैन बरु सम्पूर्ण चिनियाँ जनताको जीवनस्तर उकास्ने उद्देश्य राखेको छ । चीनले परिमाणात्मकभन्दा गुणात्मक उत्पादनहरूमा जोड दिएको देखिन्छ । उच्च गुणस्तरीय आर्थिक वृद्धि चीनको उद्देश्य हो । चिनियाँ जनताको उपभोग्य क्षमता वृद्धिसँगै व्यापार, पर्यटनमार्फत अन्य देशको आर्थिक विकासमा सघाउने चीनको नीति छ । चीनले अन्न उत्पादन ६५ करोड टन वृद्धि गर्ने र कुल गार्हस्थ उत्पादनमा ऱ्हास ३ प्रतिशतले घटाउने लक्ष्य लिएको छ । त्यसको लागि सरकारले स्थानीय तहमा ३ अर्ब ८० करोड युआनको विशेष उद्देश्यको बण्ड विनियोजन गरेको छ । सकेसम्म घरेलु माग वृद्धि गर्न सरकारले उपभोग क्षमता अभिवृद्धि गर्नुका साथै व्यापक बनाउने सोच राखेको छ । सहर या गाउँमा बसोबास गर्ने चिनियाँ जनताको आयमा सुधार र वृद्धिले घरेलु मागमा सकारात्मक सम्बन्ध राख्दछ । सन् २०२२ को तथ्याङ्कअनुसार चीनको उत्पादन उपभोग या घरेलु अर्थतन्त्रमा घरेलु माग या बजारले ५० प्रतिशतको योगदान गरेको देखिन्छ । यो तथ्याङ्क विकसित देशको तुलनामा अझै कम हो । त्यसकारण चीनले यो वर्ष घरेलु माग र घरेलु उपभोग वृद्धिमा जोड दिइरहेको छ ।

राष्ट्रपति सी चिङ फिङले पनि भन्नुभएको थियो -"हरेक हिसाबले चीनलाई आधुनिक समाजवादी देशमा रूपान्तरण गर्नका लागि उच्च-गुणस्तरको विकास मुख्य प्राथमिकता बन्नुपर्छ ।" उहाँले जोड दिनुभएको छ, "चीनले इमानदारीपूर्वक नयाँ विकास ढाँचा या दर्शन अघि सारेको छ । विकास भनेको रचनात्मक, नवीन, हरित, खुला हुनुपर्छ । सहकार्यमा आधारित सबैका लागि र सबै मिलेर गरिएको विकास मात्र सारा संसार र सम्पूर्ण मानवजातिले अनुभूत गर्न सक्दछ ।"

चीनले विकासको गुणस्तरमा प्रभावकारी उचाइ र परिमाणमा व्यावहारिक वृद्धिबिच तालमेल आवश्यक छ भन्छ । गुणस्तर वृद्धि प्रथम र प्राथमिकताको नीतिले आर्थिक मात्र होइन सामाजिक हितसमेत हुन्छ । चीन गुणस्तरीय आर्थिक वृद्धिसँगै सुधार र खुलापनलाई अझ व्यापक र सुदृढ बनाउन प्रतिबद्ध छ ।

चीनले आत्मनिर्भर र बलियो विज्ञान प्रविधिको आधार तयार गर्दै छ । प्राविधिक पक्षमा पनि गुणस्तरलाई नै जोड दिइएको छ । विश्वव्यापीरूपमा देखापरेको प्राविधिक क्षेत्रको प्रतिस्पर्धामा खरो उत्रन चीनले विज्ञान-प्रविधिमा नवीनतम विकासमा जोड दिएको छ । प्रविधिको क्षेत्रमा अन्य देशमाथि निर्भरता हटाई लगानी बढाउने व्यावहारिक प्रयासहरू भइरहेको देखिन्छ । यो क्षेत्रमा पनि घरेलु बजारलाई बलियो बनाउनुका साथै पूर्ति पक्षको संरचनात्मक सुधारलाई जोड दिने नीति चीनले लिएको छ । विकसित नयाँ औद्योगिकीकरण, औद्योगिक आधारहरूको पुन:संरचना, प्रमुख प्रविधि र उपकरणहरूको निर्धारणसँगै उत्कृष्ट वस्तु उत्पादन र वातावरणमैत्री उत्पादनमा चीन जोड दिँदै छ । चीनले निजी लगानीका व्यापार व्यवसाय, साना मझौला स्तरका उद्योगहरूलाई पनि विशेष नियमनसाथ प्राथमिकतामा राखेको छ । राज्य नियन्त्रित उद्योग वाणिज्यसँगै स-साना व्यवसायहरूबाट पनि चिनियाँ अर्थतन्त्र प्रभावित छ । निजी क्षेत्र अर्थात् राष्ट्रिय पुँजीलाई उत्साहित गर्न सके देशको उत्पादन मात्र होइन विज्ञान र प्रविधिमा रूपान्तरण पनि सम्भव हुन्छ । केही निजी क्षेत्र वित्तीय र भूमि प्रयोगको समस्या सामना गर्दै छन् । इमानदारीपूर्वक देशको अर्थतन्त्रमा योगदान गर्ने क्षेत्रहरूलाई सरकारले लागत घटाउन सघाउँछ । त्यस्ता क्षेत्रबाट रोजगारी सिर्जनासँगै उपभोगलाई जोड दिइने अर्थतन्त्रको विकास सहज बनेको समीक्षा छ । चीनले राष्ट्रिय पुँजीसँगै वैदेशिक लगानी आकर्षित गर्न आधुनिक सेवा क्षेत्रमा खुलापनलाई जोड दिइरहेको छ । यसले बैङ्किङसहित विमा र धितोपत्रहरूको क्षेत्रलाई व्यापक बनाउँछ । चिनियाँ सरकार नकारात्मक प्रभाव अर्थात् नतिजाका उद्योगहरूलाई तालिकाबद्ध गर्दै व्यापार वातावरणलाई अझ विश्वसनीय र प्रभावकारी बनाउँदै छ । पछिल्लो समय विदेशी लगानीका केही कम्पनी बाहिरिएका छन् तर चीन अझै पनि विदेशी लगानीको आकर्षण केन्द्र बन्न सफल छ । चीनमा प्रत्यक्ष वैदेशिक लगानीको रेखाचित्र सकारात्मक या बढ्दो छ । यसलाई स्थायी बनाउन चीनले परिमाणात्मकसँगै गुणात्मक विकासलाई जोड दिनुपर्ने छलफल छ ।

चीनले परिमाणमा जोड दिने या गुणस्तरमा ? भन्ने प्रश्न आफैमा चुनौतिपूर्ण छ । दुवैका आ-आफ्ना फाइदा र बेफाइदा छन् । कोभिड महामारीका कारण आफ्नो व्यवसाय र रोजगारी गुमाएका जनताका निम्ति बढीभन्दा बढी परिमाणमा रोजगारी सृजना चुनौतिपूर्ण छ । स-साना खुद्रा व्यापारी, रेस्टुराँ, डिपार्टमेन्टल स्टोर, मलहरू र कोभिड १९ महामारीको समयमा अग्रमोर्चामा लड्ने सबै-सबैका लागि रोजगारीको सुनिश्चितता र व्यापार-व्यवसायको वातावरण निर्माणमा चीनले जोड दिएको छ । निर्यात परिमाण बढाउने, घरेलु उपभोगको परिमाण बढाउनेदेखि परिमाणात्मक आय वृद्धिलाई चिनियाँ सरकारले महत्त्व दिएको छ ।

आज विश्व डिजिटल अर्थतन्त्रको कुरा गर्दै छ । चीनको निकट र सुदूर भविष्यमा आर्थिक विकासको सुनिश्चितताका लागि डिजिटल अर्थतन्त्रको गुणस्तरीय विकास आवश्यक छ । स्थायीरूपमा बेरोजगारी समस्या समाधान गर्न अर्थतन्त्र स्थिर र दिगो बनाउन जरुरी हुन्छ । त्यसकारण चीनले विद्युतीय सवारीसाधन, डाटा विज्ञान, उच्च प्राविधिक उत्पादन, प्रदूषणरहित ऊर्जा, सेमिकण्डक्टर र बायो फर्मास्यूटिकल्स सुधारमा जोड दियो । जसले गुणस्तरीय विकास प्रत्याभूत गर्छ । चीनका लागि यतिबेला औद्योगिक प्रणालीको अत्याधुनिकीकरण भनेकै हरित विकास ढाँचा पछ्याउनु हो । चीनले यो वर्ष प्रतियुनिट कुल गार्हस्थ उत्पादन ऊर्जा खपट दुई प्रतिशतले घटाउने योजना बनाएको छ । त्यति मात्र होइन नियमित प्रयोग हुने प्राकृतिक इन्धनको प्रयोग घटाई प्राकृतिक वातावरण सुधारमा जोड दिएको छ । प्राविधिक क्षेत्रमा गुणस्तरको मुद्दा चीनको प्राथमिकता हो भने परम्परागत उद्योग, कारखानालाई पर्यावरणमैत्री बनाउनु अर्को प्राथमिकता हो । त्यसको निम्ति कार्बन उत्सर्जन न्यून गरी नवीकरणीय ऊर्जा प्रयोगका लागि उद्योगी र व्यापारीहरूलाई उत्साहित गर्न चीनले निकै मेहनत गऱ्यो ।

त्यतिमात्र होइन चीन एआई (आर्टिफिसियल इन्टेलिजेन्स) र फाइभ जी (5g) प्रविधि विकासमा आफ्नो ध्यान केन्द्रित गर्दै छ । चीनले विश्व अर्थतन्त्रको प्रतिस्पर्धामा अग्रस्थान लिने हो भने उत्पादकत्व वृद्धिसँगै प्रतिस्पर्धात्मक विश्वको सामना गर्न खोज र अनुसन्धानमा उच्च लगानी गर्नुपर्छ । अर्थतन्त्रमा आएको उतारचढावमा देखिएको गरिबी दर र धनी गरिबबिचको दूरी कम गर्न गुणस्तरीय विकास मोडलले सघाउँछ । चिनियाँ समाजलाई जोड्ने र सभ्यतालाई पुनर्जागृत गर्न गुणस्तरीय विकास आवश्यक छ ।

चीनले राज्यनियन्त्रित इन्टरप्राइजेजसँगै स-साना व्यापार, व्यवसाय, खोज, अनुसन्धान र नवीनतम अगुवाइहरूलाई उत्साहित गर्दै छ । यसरी परिमाणात्मक विकासको लामो यात्रा पार गरिसकेको चीन गुणस्तरीय विकासको नयाँ ढाँचा र बाटो हिँड्दै छ । यो नीतिले चीन आधुनिक विश्वमा पनि लोकप्रिय रहिरहने निश्चित छ ।

आर्थिक विषयवस्तुबाहेक पेइचिङ रिभ्युको यो अङ्कमा चीन र विश्वबिचको अन्तरक्रियाबारे सङ्क्षिप्त चर्चा छ । बाहिरी विश्वलाई हेर्ने चीनको आँखा र बाहिरी विश्वसँग चीनको सम्बन्धको स्पष्ट चित्र यस अङ्कले प्रस्तुत गर्छ । विश्वलाई एउटै साझा विकासको लयमा समेट्न चीनले अगुवाइ गरेको मार्ग तथा क्षेत्र अगुवाइको महत्त्व यो शताब्दीमा कति छ भन्ने समीक्षात्मक चर्चा पनि छ । नयाँ पुस्तामा चिनियाँ कला, संस्कृति र सभ्यता हस्तान्तरणका कथाहरू समेटिएका छन् । समग्रमा पेइचिङ रिभ्यूको यो अङ्क निकै पठनीय छ । विश्व राजनीतिक घटनाक्रम तथा आर्थिक उतारचढाव बुझ्न सहयोगी छ ।

ब्राजिलका लुला र प्रतिक्रान्तिको युग

✍ द ट्राइकन्टिनेन्टल

ब्राजिलका लुला उमेरले ८० वर्ष पुगे ।

हालै उनले फेरि राष्ट्रपति निर्वाचन जिते । यसपालि उनी चौथो पटक देशको राष्ट्रपति बन्दै छन् । सन् १९८९ यता उनले आठपल्ट राष्ट्रपति पदमा उम्मेदवारी दिए । सन् २००२, २००६, २०२२ र २०२६ गरेर उनी चारपल्ट विजयी भए ।

सकिन्न अथवा देशका धनाढ्यहरूले सत्ताको अभ्यास गर्ने राज्यका निकायहरूलाई खारेज गर्न सकिन्न । ब्राजिलका जनताले ठूलो दु:खले आर्जेका थिए लोकतन्त्र । लुलाको विजयले लोकतन्त्र र त्यसका सामाजिक उपलब्धिलाई दक्षिणपन्थीहरूबाट जोगाएको छ । तर, यसले प्रतिक्रान्तिको पेचिलो युगलाई उल्ट्याउन भने



उनको पूरा नाम लुइज इनासियो लुला दा सिल्भा हो । पहिले उनी धातु-मजदुर युनियनका नेता थिए । सन् १९६९ मा उनी मजदुर नेतामा निर्वाचित भएका थिए । साओ बेर्नार्डो डो काम्पो र डियडेमा । राजनीतिक जीवन सुरु गरेपछि उनले धेरै उथलपुथल व्यहोरे । यसबिच धेरै समय ब्राजिलमा सैनिक तानाशाही चलिरह्यो । सन् १९६४-१९८५ मा ब्राजिलमा सैनिक तानाशाही थियो । त्यो तानाशाही हटेपछि ब्राजिलमा पुरानो शासक वर्गको शासन रह्यो । भन्नलाई लोकतान्त्रिक व्यवस्था भनियो । तर, ती शासकहरूले वासिङ्टनसँग घाँटी जोडे र सत्तामा ढलिमली गरिरहे । लुला राष्ट्रपति छँदा देशको पक्षमा धेरै गर्न नसक्नुको कारण अमेरिकासँग



यही असमान सम्बन्ध थियो ।

'लौ जाऔं लुला ।' पछिल्लो निर्वाचनको नारा थियो यो । तर, कहाँ जाने ? ब्राजिलमा दुई चरणमा चुनाव भयो । पहिलो (अक्टोबर ४) मा कसैले पनि ५० प्रतिशतभन्दा बढी मत ल्याउन सकेन । दोस्रो (अक्टोबर २५) मा लुलाले फ्लाभियो बोल्सोनारोलाई झन्डै ४५ लाख मतले उछिने ।(फ्लाभियो ब्राजिलका फासिवादी पूर्वराष्ट्रपति जायर बोल्सोनारोका छोरा हुन् । उनी दक्षिणपन्थीहरूका नेता हुन् ।)

त कहाँ जाने ? दोस्रो चरणको निर्वाचनभन्दा अगाडि ब्राजिलमा जनता सडकमा आएका थिए । मजदुर र किसानहरूले, सीमान्त इलाकामा बसोबास गर्ने दरिद्रजनले आफ्ना माग स्पष्ट राखे । उनीहरूले भूमि र आवासको समस्या नै सबैभन्दा ठूलो समस्या हो भने । लुलाले तीनपल्ट राष्ट्रपतिको रूपमा शासन गरे पनि यी समस्या लगभग उस्तै छन् । राष्ट्रपति पदमा विजयी हुँदैमा वित्तको सत्तालाई निमिट्यान्न पार्न सकिन्न, भूमिसुधार गर्न सकिन्न, दरिद्रता अन्त्य गर्न सक्दैन ।

सन् १९९० को दशकयता विश्वभरि नै प्रतिक्रान्तिकारी शक्तिले वर्चस्व कायम गर्दै आएको छ । यसलाई हामीले नरम भाषामा नवउदारवाद वा भूमण्डलीकरण नाम दिएका छौं । त्यसअघि दशकौंसम्म धेरै ठाउँमा सैनिक तानाशाही र सत्ताविद्रोह भएका थिए । तिनले विश्वभरि नै राष्ट्रीय मुक्तिका लागि क्रियाशील देशभक्त र समाजवादी शक्तिलाई दबाउन खोज्दै थिए । सन् १९८० को दशकमा विश्वमा ऋण सङ्कट लाग्यो । त्यसपछि सोभियत सङ्घको विघटन भयो । त्यसले विश्वको शक्ति सन्तुलन फेरिदियो । यसले गर्दा प्रतिक्रान्तिकारी शक्तिहरू सर्वत्र बलिया र आक्रामक भए । त्यसअघि साम्राज्यवादलाई एक हदसम्म सोभियत सङ्घले ठाउँमा राखिरहेको थियो । अब साम्राज्यवाद फुक्काफाल भयो । उसले आफ्नो आदेश नमान्ने सरकारहरूमाथि लौरो चलाउन थाल्यो । यो अवधिलाई नवउदारवाद वा भूमण्डलीकरण भनियो । यी दुई शब्दले नीतिनियम र अर्थतन्त्रलाई परिभाषित गरे । यी शब्दले यस अवधिको राजनीतिक आन्तर्यलाई ढाकछोप गर्न सक्छन् । यो अवधि राजनीतिकरूपमा प्रतिक्रान्ति थियो । प्रतिक्रान्ति एउटा अवधारणा हो । समाजवादी, मजदुर वर्ग र राष्ट्रिय मुक्ति सङ्घर्षहरूबाट प्राप्त उपलब्धिलाई व्यवस्थित रूपमा उल्ट्याउनु नै प्रतिक्रान्ति हो । प्रतिक्रान्तिले



कुन शक्तिलाई पछि हट्न बाध्य पार्ने र कुन शक्तिलाई सत्तामा ल्याउने भन्ने निर्क्योल गर्छ ।

सन् १९९५ मा विश्व व्यापार सङ्गठन (WTO) को गठन भयो । यसले विश्व अर्थतन्त्रलाई एकै सूत्रमा बाँध्ने महत्त्वाकाङ्क्षा लियो । एकै इतिहास नभएका र उत्पादक क्षमताका हिसाबले असमान देशहरूलाई एकैनासको नियम लगाइयो । यी नियमहरू शक्तिशाली बहुराष्ट्रिय कम्पनीहरूको हितमा थिए । सबथोक समान भने पनि बौद्धिक सम्पत्तिमाथि सीमा लगाइयो । यसले गर्दा उत्पादक शक्ति बढाउन चाहिने प्रविधिमा सबैको समान पहुँच भएन । पुँजीगत खातामा उदारीकरण बढ्यो । सन् १९९७ मा व्यापार सेवामा सामान्य सम्झौता (GATS) को पाँचौ प्रोटोकल लागु गरियो । यसले विदेशी वित्त कम्पनीहरूका लागि सदस्य देशको वित्तीय बजार खुला गऱ्यो । पुँजी अझ चलायमान भयो । सदस्य राज्यहरूले लगानीका लागि हानथाप गर्नुपर्ने दबाब महसुस गर्न थाले । यो दबाब बढ्दै गयो । नवउदारवादी सुधारहरूले पुँजीमाथिको नियन्त्रण कमजोर बन्यो । वित्ततन्त्रमाथि सरकारी नियन्त्रण खुकुलो बन्यो । सरकारले केन्द्रीकृत रूपमा गर्ने योजना निर्माण फितलो भयो । देश-देशबिच हुने वित्तको फैलाव ह्वात्तै बढ्यो । 'ब्ल्याकरक' नामक संस्थाले यो वित्त व्यवस्थापनको यो असामान्य विस्तारबारे तथ्याङ्क निकालेको छ । सन् १९९९ मा १६५ अर्ब डलर वित्त व्यवस्थापनमा गएको थियो भने सन् २०२६ सेप्टेम्बरमा यसको आकार १५५ खर्ब डलर छ । यसबिच वित्त व्यवस्थापनमा ९४ गुणा वृद्धि भएको छ । गोल्डमान साक्सको तथ्याङ्कले पनि बैङ्किङ र लगानी व्यवस्थापनको



विस्तार भएको देखाउँछ । सन् १९९९ मा वित्तीय स्रोत २५० अर्ब डलर भएकोमा सन् २०२५ मा १८१ खर्ब डलर पुगेको उसको ठहर छ । त्यो भनेको सात गुणा वृद्धि हो ।

युरोप र उत्तर अमेरिकाभरि नवउदारवादी अर्थनीति लागु गरियो । सामाजिक प्रजातन्त्रवादी र उदारवादी पार्टीहरूले आफूलाई नयाँ नीति अनुसार ढाले । पहिले ती पार्टीले सामाजिक कल्याणका क्षेत्र विस्तार गर्ने र कामदार जनतालाई सबल बनाउने मुद्दामा प्रतिबद्धता जनाउँथे । अब ती पार्टी पुराना प्रतिबद्धताहरूबाट पछिहटे । यसको अर्थ वामपन्थी शक्तिहरूले फगतलोकतान्त्रिक अधिकार र सामाजिक कल्याणका लागि पनि ठूलै सङ्घर्ष गर्नुपर्ने भयो । उनीहरूमाथि अमेरिकी साम्राज्यवादको ठाडो प्रहार त छँदै थियो । उत्पादनको पुन: संरचना भयो । सन् १९८० को दशकपछि उत्पादनको तरिकामा पुन: संरचना



गरियो । सामाजिक असुरक्षा ह्वात्तै बढ्यो । यी सबैको मारले वामपन्थी शक्तिहरू कमजोर भए ।

सोभियत सङ्घको विघटन भयो । धेरै कम्युनिस्ट र वामपन्थी पार्टीहरूमाथि प्रतिबन्ध लाग्यो । कतिपय पार्टीले लक्ष्य नै त्यागे । कति कमजोर बने । सशस्त्र आन्दोलनहरू छिन्नभिन्न भए । सरकारले लामो समयसम्म सेना परिचालन गऱ्यो । आन्दोलन कमजोर भयो (भारतका माओवादी) । लामो समयको सङ्घर्षका कारण कतिपय सशस्त्र दलहरू विघटनको बाटोमा गए (कोलम्बियाको फार्क-इपी र टर्कीको पिकेके) । यो अवधिमा धेरैदेशमा नौलो दृश्य पनि देखियो । जस्तो, सन् १९९४ मा दक्षिण अफ्रिकामा रङ्गभेदी शासन अन्त्य भयो । सन् १९९८ मा भेनेजुयलामा बोलिभारियाली क्रान्ति अघि बढ्यो । सन् २००८ मा नेपालमा राजतन्त्रको अन्त्य भयो । यी सबै घटनामा देशभित्र लोकतान्त्रिक रूपान्तरण देखियो । तर, पुँजीवादी उत्पादन सम्बन्ध ज्यूँकात्यूँ रह्यो । यीमध्ये बोलिभारियाली क्रान्ति धेरै अगाडि बढ्यो । राजनीतिक व्यवस्था नै बदल्ने बिन्दुमा पुग्यो । समाजवादी कम्युनहरू निर्माण गरेर ऊ त्यहाँ पुग्न त पुग्यो । तर, कच्चा तेलको निर्यातमाथि निर्भर देशको नियति बदल्न सकेन ।

यिनै परिवेशमा वामपन्थीहरूले व्यवहारिक कार्यक्रमहरू अघि सारे । ती सबै कार्यक्रमका तीन स्तम्भ थिए । पहिलो, लोकतान्त्रिक संस्थाहरूको रक्षा । दोस्रो, सरकारी सहुलियतको रक्षा र विस्तार । तेस्रो, बहुपक्षीय संस्थाहरूको निर्माण । किनभने, यस्ता संस्थाको निर्माणले सार्वभौम विकासको बाटो तय गर्ने सम्भावना बढाउँथ्यो । ब्राजिलमा लुलाले गरेका कामलाई यही फराकिलो बिस्कुनमा राखेर केलाउनुपर्छ ।

लोकतन्त्र

सन् १९७५ लुला युनियनका अध्यक्षमा निर्वाचित भए । छिट्टै उनी मजदुर आन्दोलनका प्रमुख नेता बने । उनको नेतृत्वमा सैन्य तानाशाहीविरुद्ध मजदुर आन्दोलन चर्कियो । आज धेरैले बिर्से पनि सन् १९७८ र १९८० को बिचमा ब्राजिलमा हडतालहरूको लहर नै चल्यो । सन् १९८० मा मजदुर पार्टी (पिटी) को स्थापना भयो । त्यसमा लुलाले नेतृत्वदायी भूमिका खेले । तानाशाहीलाई कमजोर बनाउने र लोकतन्त्रलाई पुन: स्थापित गर्ने सङ्घर्षमा लुलाले टेवा दिए । ती सङ्घर्षहरू एउटा बृहत् प्रतिरोधका हिस्सा थिए । यही प्रतिरोधका कारण सन् १९८५ को अन्त्यमा सैन्य शासन ढल्यो ।

किसान सङ्घर्षसँगै मजदुर वर्ग पनि परिचालित भयो । मजदुर-किसान एकता देशभरि देखियो । अन्तत: सन् १९८४ मा भूमिहीन मजदुर आन्दोलन (MST) गठन भयो । यसले सङ्घर्षको दायरा बढाउँदै लग्यो । सङ्गठन गर्ने अधिकार, पत्रिका प्रकाशनको अधिकार, राजनीतिक दल खोल्ने अधिकार र निर्वाचन लड्ने अधिकारका लागि सङ्घर्ष चल्यो । ल्याटिन अमेरिकाभरि दक्षिणपन्थी र तिनका सहयोगीहरूले विभिन्न दाउपेच प्रयोग गर्दै आएका छन् । कहीं कानुनी लडाइँ त कही ठाडो सैन्य हस्तक्षेप गर्दै आएका छन् । लोकतान्त्रिक उपलब्धिहरू फिर्ता लिन वामपन्थीहरूलाई बाध्य पार्दै छन् । जस्तो, तिनले सन् २०१६ मा ब्राजिलकी राष्ट्रपति डिल्मा रुस्सेफविरुद्ध महाअभियोग लगाउन लगाए । सन् २०२६ जनवरीमा अमेरिकाले भेनेजुयलामा आक्रमण गरेर राष्ट्रपति निकोलस मादुरो र राष्ट्रिय सभा सदस्य सिलिया फ्लोरेसको अपहरण गऱ्यो ।

लुलाको विजयले निकै दु:ख खेपेर प्राप्त गरेका लोकतान्त्रिक हकअधिकार जोगाउँछ । तर, यो पनि निर्वाचनदेखि निर्वाचनसम्म जाने सरकार हुनेछ । यसले जनसहभागिता भने बढाउने छैन । एमएसटी (MST) लगायत जनसङ्गठनले अन्य युवा सङ्गठनहरूसँग मिलेर निर्वाचनको बेला मतदातालाई परिचालन गर्न सक्रिय भूमिका खेल्यो । साथमा विभिन्न डिजिटल माध्यमको पनि प्रयोग भएको थियो । जस्तो, 'लुलाको सेना' नामक ह्वाट्सएप च्यानलको व्यापक प्रयोग भयो । यसका १ करोड भन्दा बढी फलोअर छन् । खासगरी दोस्रो चरणको निर्वाचनमा यसको प्रयोग भएको थियो ।

अबका केही वर्षमा ट्रेड युनियन, वडा समितिहरू, किसान आन्दोलन र सहरिया गरिबहरूको आन्दोलनको सामाजिक शक्ति बढाउनुपर्नेछ । तब मात्र लोकतान्त्रिक प्रक्रिया पैसा, हल्लाबाजी र गुन्डाहरूबाट अलि सुरक्षित हुनेछ । साथै, विचारको लडाइँ र भावनाको लडाइँमा पनि धक्का दिनुपर्छ । किनभने, यी लडाइँमा उग्र दक्षिणपन्थी शक्तिले पकड जमाउँदै आएको छ । जस्तो, सोसल मिडिया र आस्थामा आधारित सङ्घसंस्थामा तिनको पकड छ ।

सामाजिक कल्याण

यसअघि तीनपल्ट राष्ट्रपति हुँदा लुलाले सामाजिक कल्याणका कार्यक्रममा योगदान गरे । जस्तो, स्वास्थ्य, शिक्षा, पेन्सन, आवास र आयस्तर



बढाउन उनले सङ्घर्ष नै गरे । ब्राजिलको तथ्याङ्क विभाग (IBGE) का अनुसार सन् २०२३ मा गरिबी दर २७.३ प्रतिशत थियो भने सन् २०२४ मा यो घटेर २३.१ प्रतिशत भयो । तथापि, जनतालाई यो पनि स्वीकार्य छैन । जेहोस्, तीन वर्षसम्म गरिबी दर घटिरहयो । गरिबी दर घटेसँगै आवश्यक सामग्री किन्ने क्षमता बढ्यो । छोराछोरीले अझ सुरक्षित जीवन पाए । आवासको अधिकारले जनताको स्वाभिमान बढेर गयो । सैन्य तानाशाही हटेपछि ब्राजिलमा उद्योगधन्दाको सङ्ख्यामा गिरावट आइरहेको छ । देशमा लगानी पनि लगातार घट्दै छ । खासगरी पूर्वाधारमा हुने लगानीमा गिरावट आएको छ ।

सामाजिक कल्याणका कार्यक्रमलाई प्रभावकारी बनाउन उत्पादनको आधार बलियो हुनुपर्छ र राजस्वका क्षेत्र फराकिलो पार्नुपर्छ । नत्र धनाढ्यहरूलाई पोस्ने राजनीतिक तानातान र वित्तीय समस्याले यस्ता कार्यक्रम फितलो हुने सम्भावना रहन्छ । दिगो आर्थिक वृद्धि र व्यापक भन्सार र व्यापक करको व्यापक दायराले मात्र कल्याणकारी कार्यक्रमलाई थेग्न सक्छ ।

लुलाका तीनवटै सरकारले सामाजिक प्रगतिमा उल्लेख्य फड्को मारे । तर, राजनीतिक सम्झौताले यो प्रगतिको सीमा तोक्दै आएको छ । जनताप्रति राज्यको सद्भावका लागि लड्दा राजनीतिक गठबन्धन टुटफुट आउँछ । यही फुटमा दक्षिणपन्थीहरू मौलाउँछ । पेशा असुरक्षित

बाँकी पृष्ठ ८ मा

ग्लोबल टाइम्स सम्पादकीय

पश्चिमी शैलीको लोकतन्त्रको 'मिथ' पश्चिममा पनि आफ्नो आकर्षण हराउँदै गएको छ

लोकतन्त्र राम्रो छ कि छैन भनेर मूल्याङ्कन गर्ने सबैभन्दा आधारभूत र महत्त्वपूर्ण मापदण्ड भनेको यसले जनतालाई स्थिर जीविकोपार्जन, स्पष्ट अपेक्षाहरू र आशावादी सम्भावनाहरू प्रदान गर्न सक्छ ।

प्यू रिसर्च सेन्टरले यस वर्ष जारी गरेको सर्वेक्षणले आफ्नो देशमा प्रजातन्त्रले कसरी काम गर्छ भन्नेप्रति जनताको सन्तुष्टि नाटकीय रूपमा घट्दै गएको देखाएको छ । असन्तुष्टि दर फ्रान्समा ६९ प्रतिशत, स्पेनमा ६८ प्रतिशत, इटालीमा ६२ प्रतिशत, पोल्याण्डमा ४७ प्रतिशत र अमेरिकामा ६९ प्रतिशत रहेको छ । वास्तवमा, इप्सोस र ग्यालपलगायत अन्य धेरै प्रमुख पश्चिमी मतदान संस्थाहरूद्वारा निरन्तर सर्वेक्षण ट्र्याकिङले उही प्रवृत्तिलाई औंल्याउँछ: पश्चिमी देशहरूमा लोकतन्त्रको कार्यप्रणालीप्रतिको असन्तुष्टि पृथक असन्तुष्टिबाट व्यापक जनभावनामा विकसित हुँदैछ ।

यो असन्तुष्टि मतदानको तथ्याङ्कमा मात्रै प्रतिबिम्बित हुँदैन; यो पश्चिमी संसारभरि सडकहरूमा पनि देखिन्छ । प्रत्येक पश्चिमी देशका आ-आफ्नै समस्या छन् । केही राजनीतिक नेतृत्वमा बारम्बार परिवर्तनहरूबाट ग्रस्त छन्, जबकि अरूहरू आप्रवासी एकीकरणका चुनौतीहरूमा फसेका छन् । कोही ऊर्जा सङ्क्रमण र परम्परागत उद्योगहरूको निरन्तर गिरावटको पीडादायी प्रभावहरूसँग जुझिरहेका छन्, जबकि अरूहरू बढ्दो तीव्र सामाजिक विभाजनहरू समावेश गर्न सङ्घर्ष गरिरहेका छन् । तैपनि मतदान तथ्याङ्कले सार्वजनिक भावनाको माध्यमबाट चलिरहेको साझा सम्बन्ध प्रकट गर्दछ: बढी भनदा बढी मानिसहरू अब विश्वास गर्दैनन् कि तिनीहरूका सरकारहरूले सामान्य नागरिकहरूको हितको प्रतिनिधित्व गर्दछ, वा विद्यमान राजनीतिक प्रणालीहरू अर्थपूर्ण परिवर्तन प्रदान गर्न सक्षम छन् ।

भ्रष्टाचारविरुद्ध लड्ने, जवाफदेहिता सुदृढ गर्ने, सार्वजनिक नीतिहरूलाई थप उत्तरदायी बनाउने र आम जनताको आवाजलाई सच्चा रूपमा सुनिने सुनिश्चित गर्ने आह्वानहरू पश्चिमी समाजका पार्टी लाइन र सामाजिक वर्गहरूमा साझा माग भएका छन् ।

धेरैले एक पटक मतदान नै लोकतन्त्रको सम्पूर्णता हो भनी विश्वास गर्थे: जबसम्म चुनावी प्रक्रियाहरू पछ्याइएको थियो, परिणाम वैध थियो र लोकप्रिय इच्छाले स्वाभाविक रूपमा नीति निर्माणमा आफ्नो बाटो फेला पार्छ । तर पश्चिमी देशहरूमा बढ्दो सङ्ख्यामा मानिसहरूले अब मतदान गर्नु भनेको



आवधिक अनुष्ठानजस्तै भएको महसुस गर्दै हुनुहुन्छ । प्रत्येक केही वर्षमा एकपटक छनौट गर्दा मानिसहरूले चुनावको बिचमा आफ्नो दैनिक जीवनमा सार्वजनिक मामिलामा आफ्नो भनाइ जारी राख्ने ग्यारेन्टी गर्दैन ।

यस वर्ष जारी गरिएको एक सान्दर्भिक ओईसीडी सर्वेक्षणअनुसार, ६८ प्रतिशत उत्तरदाताहरूले चुनावमा मतदानले सरकारले के गर्छ भन्ने कुरामा महत्त्वपूर्ण वा मध्यम प्रभाव पार्छ भन्ने विश्वास गर्छन्, तर केवल ३१ प्रतिशतले उनीहरूजस्ता मानिसहरूले सरकारले के गर्छ भन्ने कुरामा विश्वस्त छन् । जब आफ्ना चिन्ताहरू सम्बोधन गर्न खोज्ने मानिसहरूले उनीहरूको मतहरू प्राय: नीतिगत प्रतिक्रियाहरूमा अनुवाद गर्न असफल भएको पाउँछन्, लोकतन्त्रमा उनीहरूको विश्वास स्वाभाविक रूपमा वास्तविकताको अनुहारमा घट्छ ।

"लोकतन्त्रमा के गल्ती भएको छ" भन्नेबारे केही पश्चिमी सम्भ्रान्तहरूबिचको वर्तमान छलफलहरू प्राय: दुईतर्फी व्याख्याहरूतिर घुम्छन्: या त सबै समस्याहरू लोकतान्त्रिकहरूको आन्दोलनमा दोष लगाउने वा जनताको असन्तुष्टिलाई लोकतन्त्रको साथ "धैर्यको हानि" लाई श्रेय दिने । दुबै स्पष्टीकरणहरूले आधारभूत तथ्यलाई बेवास्ता गर्दछ: पश्चिमी देशहरूमा लोकतन्त्रप्रतिको असन्तुष्टि गलतफहमीबाट उत्पन्न हुँदैन, तर विद्यमान लोकतान्त्रिक संस्थाहरूले सार्वजनिक मागहरूलाई प्रभावकारी रूपमा प्रतिक्रिया दिन र सामाजिक आवश्यकताहरू पूरा गर्न असफलताबाट उत्पन्न हुन्छ ।

शीतयुद्धको अन्त्यपछि, पश्चिमी देशहरूले सापेक्षिक सामाजिक स्थिरताको अवधि अनुभव गरे । त्यसबेला, पश्चिमी लोकतन्त्रको वैधता तथाकथित "इतिहासको अन्त्य" बाट प्राप्त भएको थिएन, तर धेरै क्षेत्रहरूमा पश्चिमको प्रभावशाली फाइदाहरूमा आधारित थियो । भूमण्डलीकरणको गति बढ्दै गएपछि, पुँजी गतिशीलता बढ्यो र औद्योगिक उत्पादनको पुनर्संरचना भयो, पश्चिमा सरकारहरूले प्रणालीगत दबाबले बढ्दो रूपमा सीमित धनको पुन: वितरण गर्ने क्षमता पाए ।

यसैबिच, संस्थागत भ्रष्टाचारले राजनीतिक प्रक्रियाहरूमा झन्झन् बढ्दै गएको छ, जसले पश्चिमी लोकतान्त्रिक प्रणालीका अन्तर्निहित त्रुटिहरूलाई थप उजागर गरेको छ ।

यसको मूलमा, पश्चिमा जनताको असन्तुष्टि लोकतान्त्रिक मूल्यमान्यताको इन्कार होइन, बरु पश्चिममा प्रजातन्त्रको अभ्यासप्रतिको गहिरो निराशा हो । पश्चिमका केही राजनीतिक दलहरूले आफ्नो नीति निर्माणलाई पुँजीगत स्वार्थतर्फ झुकाइरहेका छन्, जबकि आम जनताको जीविकोपार्जनका समस्याहरूलाई पन्छाएर राखिएको छ । चुनावी राजनीति बिस्तारै बिस्तारै विभिन्न सम्भ्रान्त गुटहरूबिचको शक्ति सङ्घर्षमा बिग्रेको छ, पक्षपातपूर्ण द्वन्द्व, भिटो राजनीति र बरोबर नीति परिवर्तनहरू सामान्य बन्दै गएको छ । राजनीतिक प्रतिबद्धता र यथार्थबिचको खाडल फराकिलो हुँदै गइरहेको छ । तल्लो तहको असन्तुष्टिले पश्चिमी लोकतान्त्रिक प्रणालीको व्यावहारिक अनुकूलतामाथि निरन्तर प्रश्न उठाइरहेको छ, जसले पश्चिमी राजनीतिको भावी मार्गको लागि थप अनिश्चितता रोपेको छ ।

धेरै देशहरूका लागि, "लोकतन्त्रमा के गल्ती भएको छ ?" प्रश्नमा पश्चिमी प्रतिबिम्बबाट साँच्चै लाभदायक अन्तरदृष्टि यो हो कि त्यहाँ कहिल्यै एक पूर्व नियोजित-सबै संस्थागत रूप थिएन, न त त्यहाँ स्थानीय माटो र जनताको वास्तविक आवश्यकताहरूबाट स्वतन्त्र रूपमा सञ्चालन गर्न सक्ने लोकतान्त्रिक मोडेल छ । यदि भोटलाई समग्र लोकतन्त्रको रूपमा लिइन्छ, यदि पार्टी स्वार्थलाई जनताको हितभन्दा माथि राखिएको छ र यदि नाराले वास्तविक शासनलाई प्रतिस्थापन गर्दछ भने, संस्थागत अनुहार जतिसुकै चम्किलो भए पनि, जनताको बारम्बार निराशाको बिचमा त्यो अन्तत: खारेज हुनेछ ।

लोकतन्त्र राम्रो छ कि छैन भनेर मूल्याङ्कन गर्ने सबैभन्दा आधारभूत र महत्त्वपूर्ण मापदण्ड भनेको यसले जनतालाई स्थिर जीविकोपार्जन, स्पष्ट अपेक्षाहरू र आशावादी सम्भावनाहरू प्रदान गर्न सक्छ ।

दुर्भाग्यवश, केही पश्चिमा राजनीतिज्ञ र मिडियाले स्वेच्छाचारी रूपमा वैचारिक विभाजन रेखाहरू तान्न, ब्लक बनाउन र अन्तर्राष्ट्रिय मञ्चमा वैचारिक टकरावलाई उक्साउन खोज्दै लोकतन्त्रलाई निर्यातका लागि राजनीतिक साधनको रूपमा प्रयोग गरिरहन्छन् ।

यो दृष्टिकोणले आफ्नै नागरिकको मागलाई साँच्चै जवाफ दिन असफल मात्र होइन लोकतन्त्र र वास्तविकताबिचको सम्बन्धलाई पनि बढाउँछ । फलस्वरूप, घरेलु जीविकोपार्जनको सङ्कट र बाह्य आधिपत्यवादी कार्यहरूको दोहोरो दबाबमा पश्चिमी लोकतन्त्रको विश्वसनीयतामा निरन्तर गिरावट आएको छ, जसले अन्ततः स्वदेश र विदेशमा विश्वासको सङ्कट निम्त्याउँछ ।

अनुवाद : प्रकाश

जापानले आणविक हतियार प्राप्त गरेपछि, उसलाई खुवाउने हातलाई नै पक्कै टोक्नेछ

जसरी टोकियोले यसको "तीन गैर-आणविक सिद्धान्तहरू" तोड्ने सङ्केतहरू देखाउँदैछ, केही व्यक्तिहरूले "सहज रूपमा" खराब विचार प्रस्ताव गरेका छन् । जापानी मिडिया रिपोर्टहरूअनुसार, अमेरिकी नौसेना अधिकारीसहित वाशिङ्गटनका केही विशेषज्ञहरूले टोकियोले "जापान सेल्फ-डिफेन्स फोर्सहरूलाई चीनलाई अझ प्रभावकारी रूपमा रोक्न सक्षम पार्ने" उद्देश्यका साथ "आणविक पनडुब्बीहरू प्राप्त गर्नेबारे विचार गर्नुपर्ने" सुझाव दिएका छन् । यद्यपि, यी अमेरिकी 'विज्ञहरू' वाशिंगटनको "दायित्व" बाहेक केही होइनन् ।

साने ताकाइची प्रशासनले पदभार ग्रहण गरेदेखि, केही जापानी राजनीतिज्ञहरू "आणविक शक्तिबाट चल्ने पनडुब्बीहरू प्राप्त गर्ने" ध्येयमा व्यस्त भएका छन् । जापानका रक्षामन्त्री शिन्जिरो कोइजुमीले बारम्बार र सार्वजनिक रूपमा आणविक शक्तिबाट चल्ने पनडुब्बीहरूको परिचयको वकालत गरेका छन् । तिनीहरूको कथामा, आणविक-सञ्चालित पनडुब्बीहरूले प्रोपल्सनमा अपग्रेडबाहेक अरू केही प्रतिनिधित्व गर्दैनन् र आणविक हतियार बोक्ने तथ्यलाई बराबर गर्दैनन्, एक शब्द खेल जसले उनीहरूलाई आफ्नो एजेन्डा पछ्याउन अनुमति दिने आशा गर्दछ ।



यद्यपि, ईन्धन चक्र, खर्च गरिएको इन्धन पुन: प्रशोधन र आणविक-सञ्चालित पनडुब्बीहरूको लागि आणविक सामग्री नियन्त्रणहरू आणविक हतियारहरू विकास गर्ने मार्गहरूसँग पर्याप्त रूपमा खप्टिन्छन् (ओभरल्याप हुन्छन्) । जापानले पहिले नै ठुलो मात्रामा अलग गरिएको प्लुटोनियमको भण्डारण गरेको छ र आणविक सामग्री, रिएक्टर-प्रविधि विशेषज्ञता र डेलिभरी-प्लेटफर्म फाउन्डेशनहरूको राम्रोसँग स्थापित भण्डारहरू त्यहाँ छन् । यदि टोकियोले "आणविक शक्तिबाट चल्ने पनडुब्बीहरू प्राप्त गर्ने" प्राविधिक र राजनीतिक सफलता हासिल गऱ्यो भने, पछि यसको आफ्नै आणविक बमहरू विकास गर्ने बाटोमा कुनै पनि दुर्गम प्राविधिक खाडल खडा हुनेछैन । "पहिले पनडुब्बी किन्नुहोस्, त्यसपछि आणविक हतियार क्षमता प्राप्त गर्नुहोस्" जापानको दक्षिणपन्थी सेनाले चुपचाप योजना बनाएको रोडम्याप हो ।

अमेरिका यी जोखिमहरूबारे सचेत छ, तर यसले लामो समयदेखि आँखा चिम्लिएको छ । केही अमेरिकी राजनीतिज्ञहरूले टोकियोको सन्दर्भमा अवसरवादी हिसाब राख्छन्: तिनीहरू पूर्वी एसियामा जापानलाई आफ्नो अग्रगामी नेतृत्वको रूपमा सशस्त्र बनाउन चाहन्छन् र जापानलाई द्वन्द्वको अधिक लागत वहन गर्न चाहन्छन् । तिनीहरू कल्पना गर्छन् कि तिनीहरूले लगाम समात्छन् र यो "प्रोक्सी उपकरण" लाई यसको मालिकलाई सक्रिय हुनबाट रोक्नको लागि दृढतापूर्वक जाँचमा राख्न सक्छन् । यो मानसिकता अदूरदर्शी अहङ्कारले भरिएको छ । संक्षेपमा, यसले युद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्था र अप्रसार शासनसँग जुवा खेल्छ, जसले छोटो अवधिको भूराजनीतिक लाभका लागि खतरनाक "प्यान्डोराको बाकस" बिस्तारै खोल्न अनुमति दिन्छ ।

वाशिंगटनले कल्पना गर्दछ कि "जापानको सीमित पुन:शस्त्रीकरण" ले आफ्नै रणनीतिको काम गर्नेछ, तर यसले जापानको दक्षिणपन्थी सेनाको अवरोधहरू हटाउने दृढतालाई कम आँकलन गर्छ । दोस्रो विश्वयुद्धमा जापानको पराजयपछि, यसका दक्षिणपन्थी खण्डहरूले "बम विष्फोटको अपमान" मा गहिरो आक्रोश र निराशालाई सुरक्षित राख्दै अमेरिकी सुरक्षा छातामा भर परेका छन् । यसैबिच, जापानलाई तैनाथ दसौँहजार अमेरिकी सेनाले अमेरिकी शक्ति प्रक्षेपणको प्लेटफर्मको रूपमा र जापानमा बन्धनको रूपमा काम गर्दछ । वाशिङ्गटनको धुनमा नाच्ने जापानको वर्तमान इच्छा पूर्ण स्वतन्त्रताको लागि अपर्याप्त शक्तिबाट उत्पन्न भएको छ; यसलाई प्रतिबन्धहरू खुकुलो बनाउन अमेरिकी सहमति चाहिन्छ । यस्तो अनुपालन तत्कालको लागि रणनीतिक बहाना हो, स्थायी आत्मसमर्पण होइन ।

यो स्पष्ट छ कि यदि जापानले तल्लो रेखा पार गर्यो र साँच्चै आणविक-निवारक क्षमता हासिल गर्यो भने, उसले सधैंको लागि अमेरिकाको "चौकी" बन्न आफूलाई कहिल्यै त्याग्नेछैन । अमेरिकाले जापानलाई "तीन गैरआणविक सिद्धान्त" लाई चुनौती दिन र परमाणुसम्बन्धी क्षमताहरूलाई जापानी माटोमा जरा गाड्न अनुमति दिइरहयो भने, यसले अन्ततः जे रोप्छ त्यही फल्नेछ । यदि जापानसँग आणविक हतियार छ भने, उसलाई खुवाउने हातलाई पक्कै टोक्नेछ ।

- ग्लोबल टाइम्स

प्रगतिशील साहित्यले मात्र जनताको सेवा गर्ने

भक्तपुर । प्रगति पुस्तकालय र प्रगति सामुदायिक सिकाइ केन्द्रको संयुक्त आयोजनामा ११७ औं महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको अवसरमा भक्तपुर नगरव्यापी आधारभूत तह र माध्यमिक तहको कविता प्रतियोगिता तथा पुरस्कार वितरण कार्तिक २१ गते सम्पन्न भयो । कार्यक्रमका भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाम्रा साहित्यहरू व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र समाजको सेवाका निम्ति हुनुपर्ने बताउँदै प्रगतिशील साहित्यले मात्रै जनताको सेवा गर्नसक्ने स्पष्ट पार्नुभयो ।

विश्व साहित्यमा चिनियाँ साहित्यकार लुसुनको योगदानबारे चर्चा गर्दै उहाँले नयाँ पुस्ताले लेखेको साहित्य तत्कालीन समयको अवस्था र समस्या समाधानको बाटोतिर उन्मुख हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा निर्णायकहरू ज्ञानसागर प्रजापति, हरिहर तिमिल्सिना र रूपकेशरी उलकले प्रतियोगीहरूलाई उत्साहित गर्दै विभिन्न साहित्य वाचन गर्नुभयो ।

रवीन्द्रप्रसाद कुसीको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा सदस्य छोरीमैया सुजखु, नपा शिक्षा शाखाका राजेन्द्र दुमरु, विश्वराम प्रजापति, सवीन्द्र प्रजापतिले पनि बोल्नुभएको थियो ।

आधारभूत तहबाट २९ जना प्रतियोगीमध्ये वागीश्वरी मा.वि. का सृजन दुवाल प्रथम, महेन्द्र विद्याश्रमकी आवृत्ति अधिकारी द्वितीय, ख्वप्रिड इ. एकेडेमीका जिनियस सुवाल तृतीय, एभरेष्ट इ. स्कूलका सिरिना दाहाल सान्त्वना तथा माध्यमिक तहबाट २४ जना प्रतियोगीमध्ये वागीश्वरी मा. वि.का मनिषा थापा प्रथम, सैनिक आवासीय महाविद्यालयका सिल्भिया प्रजापति द्वितीय, सरस्वती विद्यागृह माविका नरेश तिवारी तृतीय र बासु मा.वि. स्वरूपा अर्याल सान्त्वना भएका थिए ।

उत्कृष्ट प्रतियोगीहरूलाई मेडल, पुरस्कार, प्रमाणपत्र तथा नगद प्रमुख अतिथिद्वारा वितरण गरिएको थियो ।

वार्षिक कार्यक्रमको समीक्षा गरी अघि बढ्न सुझाव

भक्तपुर । कटुञ्जे सामुदायिक सिकाइ केन्द्रको दसौं वार्षिक साधारणसभा कार्तिक २१ गते सम्पन्न भयो । कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य अनुराधा थापामगरले वार्षिक कार्यक्रम समीक्षा, आलोचना, आत्मलोचनासहित योजना, उद्देश्य बनाई अगाडि बढ्यो भने सफल हुने उल्लेख गर्दै नयाँ पुस्तालाई सरसफाइ, खेलकुद, पुस्तकालय सञ्चालनमा लैजानुपर्ने र अध्ययन गोष्ठी, साहित्य लेखन गराउन ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

उहाँले सङ्घ संस्था सञ्चालन इमानपूर्वक गर्नुपर्ने बताउँदै भन्नुभयो, "कुनै व्यक्ति विशेष र कुनै साम्राज्यवादी देशको स्वार्थ विशेषमा हुने तोडफोड र आगजनीले देशलाई परनिर्भर बनाउने हुँदा समाज र देशको आमूल परिवर्तनको लागि सङ्घर्ष गर्नु आवश्यक हुन्छ । जेनजी विद्रोह विदेशी र भ्रष्टाचारीहरूको स्वार्थमा भएको कुरा सर्वोच्च अदालत, सिंहदरबार जलाइनुले प्रस्ट हुन्छ । सर्वोच्च अदालतमा जहाँ जहाँ भ्रष्टाचारीहरूको महत्त्वपूर्ण फाइल छ त्यहाँ त्यहाँ जलाइएको देखिन्छ ।"

उहाँले देश र जनतालाई आत्मनिर्भर बनाउनुको साटो साढे चार खर्बभन्दा बढीको खाद्यान्न आयात गर्ने, विदेशी ऋणको भरमा देश चलाउने सरकारको विश्वास गर्नु गलत हुन्छ भन्नुभयो ।

कार्यक्रममा सामुदायिक सिकाइ केन्द्र सञ्जालका जिल्ला संयोजक विक्रम वैद्यले जनताको सामूहिक स्वार्थको लागि सामूहिक सीएलसी अभियान सञ्चालन आवश्यक छ भन्दै सिकाइ केन्द्रले साक्षर जिल्ला बनाउन साक्षरता अभियान चलाएजस्तै शिक्षालाई उत्पादन श्रमसँग जोड्ने अभियान चलाउनुपर्ने बताउनुभयो ।

उहाँले भौगोलिक परिवेशअनुसार सरकारले सीपमूलक कार्यक्रम तयारी गरी उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले नयाँ र पुराना पुस्ताको पहिचान गरी समयको आवश्यकताअनुसार तालिम प्रदान गरी आत्मनिर्भर बनाउनुपर्ने बताउनुभयो । उहाँले सामुदायिक सिकाइ केन्द्रको काम, कर्तव्य र अधिकारबारे प्रस्ट पार्नुभयो । केन्द्रका अध्यक्ष महेन्द्र बखुन्छेंको सभापतित्वमा भएको कार्यक्रममा रामप्यारी न्हेम्हाफुकी, चनमति खुलीमुली र रामकृष्ण बखुन्छेंले पनि बोल्नुभएको थियो ।

कटुञ्जे सामुदायिक सिकाइ केन्द्रको आयोजनामा दही बनाउने तालिमका प्रशिक्षार्थी र रक्तदान गर्ने रक्तदाताहरूलाई अतिथि थापामगरले प्रमाणपत्र वितरण गर्नुभयो ।

सो कार्यक्रमबाट सिकाइ केन्द्रको प्रगति प्रतिवेदन र लेखा परीक्षकको प्रतिवेदन पारित गरिएको थियो ।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ख्वप तिलगङ्गा आँखा अस्पतालमा नि:शुल्क मोतिबिन्दु शल्यक्रिया शिविर

भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल आँखा कार्यक्रमअन्तर्गत ख्वप तिलगंगा आँखा अस्पतालमा आयोजित नि:शुल्क मोतिबिन्दु स्वास्थ्य शिविरको कार्तिक १७ गते उद्घाटन गर्नुभयो ।

शिविरमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले नगरपालिकाले समय-समयमा सञ्चालन गर्दै आएको स्वास्थ्य शिविर तथा भक्तपुरमा आँखा उपचार सेवा उपलब्ध हुनुले स्थानीय नागरिकलाई ठुलो सहजता भएको उहाँले उल्लेख गर्नुभयो । उहाँले शिविरबाट मोतिबिन्दुको समस्याबाट पीडित नागरिकले सहज रूपमा उपचार सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले समाजसेवाको भावनाले समर्पित भई स्वास्थ्य क्षेत्रमा काम गर्दै आएका संस्थाहरूसँग सहकार्यलाई निरन्तरता दिँदै आएको बताउँदै अरनिको समाजसँग पनि लामो समयदेखि सहकार्य हुँदै आएको उल्लेख गर्दै ख्वप अस्पताललाई स्वास्थ्य उपकरण सहयोग गरेकोमा सम्बन्धित संस्थाप्रति धन्यवाद व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका र चिनियाँ मित्रहरूबिचको सम्बन्ध राम्रो रहेको उल्लेख गर्दै उहाँले दुई पक्षबिच भ्रमण आदानप्रदान पनि भइरहेको र आगामी दिनमा चिनियाँ मित्रहरूसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै विभिन्न क्षेत्रमा सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो । भक्तपुरमा चिनियाँ पर्यटकको आगमन वृद्धि हुनु पनि दुई पक्षबिचको सम्बन्धको सकारात्मक पक्ष रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा अरनिको समाजका अध्यक्ष डा. सुशील प्रजापतिले समाजको सङ्क्षिप्त परिचय दिँदै नि:शुल्क मोतिबिन्दु शल्यक्रिया शिविरबाट स्थानीय नागरिक लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा चीनस्थित सियाओमिङ आई बैङ्क फाउन्डेसनका संस्थापक प्राध्यापक याओ सियाओ मिङ, चीनको सिचुआन प्रान्तीय विदेश मामिला कार्यालयको अन्तर्राष्ट्रिय मामिला विभागका निर्देशक लुओ हाओले पनि बोल्नुभएको थियो ।

त्यसैगरी, ख्वप तीलगंगा आँखा अस्पतालका व्यवस्थापक धिरज अधिकारीले अस्पतालबाट प्रदान हुँदै आएका स्वास्थ्य सेवा तथा सुविधाबारे जानकारी दिँदै शिविरअन्तर्गत आज र भोलि नि:शुल्क मोतिबिन्दुको शल्यक्रिया गरिने बताउनुभयो । ख्वप तिलगंगा आँखा अस्पतालले जिल्लाका विभिन्न स्थानमा आँखा शिविर सञ्चालन गरी शिविरबाट छनोट भएका मोतिबिन्दुका बिरामीहरूको नि:शुल्क शल्यक्रिया गरिने उहाँले अवगत गराउनुभयो ।

मेट्रो रेल सञ्चालनबारे भक्तपुर नपामा छलफल



भक्तपुर । काठमाडौं उपत्यकाको सार्वजनिक यातायातलाई व्यवस्थित, सहज र प्रभावकारी बनाउने उद्देश्यले प्रस्तावित भक्तपुरको जगातीदेखि - रत्नपार्कसम्म मेट्रो रेल सञ्चालनसम्बन्धी छलफल कार्यक्रम कार्तिक १७ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

प्रस्तावित मेट्रो रेल प्रणालीले काठमाडौं उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापनमा पार्न सक्ने प्रभाव, यातायात सेवालाई सहज बनाउने सम्भावना तथा वातावरणीय पक्षलाई ध्यानमा राखेर प्रस्ताव अघि बढाउने विषयमा छलफल केन्द्रित थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालमा मेट्रो रेल सञ्चालन गर्ने योजना सकारात्मक भए पनि त्यसको सम्भाव्यता अध्ययन विस्तृत रूपमा गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशको ऋण भार ३० खर्ब रूपैयाँ पुगेको सन्दर्भ उल्लेख गर्दै यस्ता ठुला योजनाको बजेट व्यवस्थापन, खर्चको पारदर्शिता र योजना सम्पन्न हुने समयसीमा स्पष्ट हुनुपर्ने बताउनुभयो ।

उहाँले मेट्रो रेल योजना देशका कुन-कुन स्थानमा सञ्चालन गर्ने, त्यसबाट आउन सक्ने सम्भावित समस्या के-के हुन् र तिनको समाधान कसरी गर्ने भन्ने विषयमा समेत अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो । लामो दूरीमा मेट्रो रेल सञ्चालन गर्ने विषयमा पनि स्पष्ट योजना आवश्यक रहेको उहाँको भनाइ थियो ।

प्रमुख प्रजापतिले योजनालाई अघि बढाउनुअघि सङ्घ, प्रदेश र स्थानीय सरकार, सरोकारवाला निकायबिच छलफल गर्नुपर्ने बताउँदै आपसी सहमति र समन्वयको क्षेत्र र भूमिका स्पष्ट पार्नुपर्ने उल्लेख गर्नुभयो ।

रत्नपार्कदेखि भक्तपुरसम्म ११ वटा स्टेसन प्रस्ताव गरिएको र भक्तपुरमा मात्रै तीनवटा स्टेसन राख्ने योजनाबारे चर्चा गर्दै उहाँले छोटो दूरीमा धेरै स्टेसन आवश्यक पर्ने वा नपर्ने विषयमा पनि अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा समाजशास्त्रीय अध्ययन टोलीका चन्द्रकान्त लौडारीले स्वागत मन्तव्य राख्नुभएको थियो भने जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) का विज्ञ टोलीका सदस्य हायातो कोबायासीले परियोजनाबारे सङ्क्षिप्त जानकारी दिनुभएको थियो । वातावरणविद् अध्ययन टोलीका लोकेश सापकोटाले परियोजनासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

उपस्थित जनप्रतिनिधिहरूले प्रस्तावित भक्तपुर-रत्नपार्क मेट्रो रेल योजनाबारे विभिन्न जिज्ञासा राख्नुभएको थियो । कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

ब्राजिलका...

हुँदा कामदारहरूले अपमान महसुस गर्छन् । यही भावनालाई दक्षिणपन्थीहरूले आक्रोशमा बदल्छन् । आक्रोशलाई आप्रवासी, महिला, अल्पसङ्ख्यक र वामपन्थीहरूविरुद्ध पोख्छन् । यस्तो असुरक्षा जन्माउने सामाजिक सम्बन्ध नफेर्दासम्म मानव स्वाभिमानलाई जोगाउन हम्मेहम्मे नै पर्छ । यस्ता दैनिक भावनाका अप्ठ्यारोहरू नछिचोल्दासम्म गाह्रो हुनेछ । दक्षिणपन्थीहरूका सामान्य तर खतरनाक भाष्यले खुट्टा जमाउन पाइरहनेछन् ।

बहुपक्षीयता

आफ्नो पहिलो कार्यकालदेखि नै लुला दक्षिणी गोलार्द्धकादेशहरूबिच व्यापार र सहकार्य प्रवर्द्धन गर्ने नेताका रूपमा अगाडि आए । यी देशहरूको सार्वभौमिकता बढाउनु नै यो सहकार्यको लक्ष्य थियो । सन् २००४ मा ALBA का गतिविधि अघि बढे । ब्राजिलले क्युबा र भेनेजुयलासँग हात मिलाएन । तर, सन् २००८ मा दक्षिण अमेरिकी राष्ट्रहरूको सङ्घ (UNASUR) को गठनमा ब्राजिलले भेनेजुयलासँग हातेमालो गऱ्यो । यसले उसले क्षेत्रीय एकतामा प्रतिबद्धता जनायो ।

सन् २००९ मा ब्रिक्सको स्थापना भयो । यसले दक्षिणी गोलार्द्धका देशहरूलाई एउटै व्यापारिक छाताभित्र ल्यायो । त्यसयता यो सङ्गठनको आकार बढ्दै छ । विश्वव्यापी सुशासनमा सुधार गर्नुपर्ने बहसमा यसले भाग लिँदै छ । निर्वाचनभन्दा ठिक अगाडि ब्राजिल 'बहुपक्षीयताका लागि साझेदार' (P4M) नामक सङ्गठनमा सहआयोजकको रूपमा सहभागी भयो । यसमा अस्ट्रेलिया, बार्बाडोस, क्यानडा, युरोपेली युनियन, भारत र केन्या संलग्न छन् । बहुपक्षीय प्रणालीमा सुधार गर्न र यसको प्रतिरक्षाका लागि यो सङ्गठन निर्माण भएको हो । यी यावत क्रियाशीलतामा लुलाको विचार झल्किन्छ । उनको विचार यसप्रकार छ - ब्राजिल पश्चिमाहरूका प्रस्तावमा प्रतिक्रिया जनाउने देशबाट पश्चिमा र दक्षिणी गोलार्द्धबिच पुलको काम गर्ने देश बन्नुपर्छ । यसरी बहुपक्षीय विश्वको निर्माणमा मलजल पुग्छ । बहुपक्षीय मञ्चहरूका कारण विभिन्न वर्गीय धरातल भएका सरकारहरूलाई यसले नजिक आउँछन्, आपसी सहकार्य बढ्छ । त्यसैले यहाँ सामाजिक रूपान्तरणको साझा मुद्दा मात्र छैन । बहुपक्षीय विश्वको एउटा सीमित तर महत्त्वपूर्ण मुद्दा पनि छ । त्यो हो - मुलुकको सार्वभौम दायरा बढाउने र त्यसको रक्षा गर्ने । उदाहरणको लागि दक्षिणी गोलार्द्धका देशहरूले स्थापना गरेका संस्थामार्फत वित्तको विकास गर्ने । ब्राजिलकी पूर्वराष्ट्रपति डिल्मा रुस्सेफले नेतृत्व गरेको 'न्यू डिभेलपमेन्ट बैङ्क' यस्तै संस्था हो ।

माथिका तीन स्तम्भले प्रतिक्रान्तिको आजको युगमा लोकतान्त्रिक उपलब्धिलाई जोगाएका छन् । यी रक्षात्मक कार्यक्रमलाई राजनीतिक रूपमा दिगो बनाउन खोजे यिनका सीमाहरू देखापर्नेछन् । यी सीमा आफैमा डरलाग्दा छन् । जनताभोकबाट बचेर मात्र पुगदैन । जीवनको असुरक्षा किन फर्कीफर्की आउँछ भनी बुझ्न जरुरी छ । असुरक्षित जीवन जन्माउने संरचनाबाट पार पाउन राजनीतिक शक्तिको निर्माण गर्नुपर्छ । अन्यथा, झूटो विद्रोहको वाचा गर्ने शक्तिले जनअसन्तोषबाट फाइदा लिनेछन् । तिनले आफ्नो र देशका धनाढ्यहरूको ढुकुटी भर्नेछन् । ब्राजिलका अघिल्लो निर्वाचनमा यस्तै भएको थियो । उत्पीडितहरूलाई मुक्ति असम्भव छ भन्ने पाठ पढाएपछि प्रतिक्रान्तिकारीहरू फस्टाउने हुन् ।

लुला विजयी भए । ब्राजिलका कामदार जनताको उपलब्धिको रूपमा खुसियाली मनाउनुपर्छ । लाखौंको सङ्ख्यामा उर्लेर उनीहरूले बोल्सोनारोलाई परास्त गरे । तर, असली काम अब सुरु गर्नुपर्छ । आन्दोलनलाई बलियो बनाउनुपर्छ । जनतालाई तिनका समस्याहरूबाट छुटकारा दिलाउनुपर्छ । ब्राजिलको उत्पादक शक्ति सबल बनाउन सार्वभौम अर्थनीति बनाउनुपर्छ । भविष्यलाई बहुमत जुटाउन सक्ने नेताविशेषको असामान्य खुबीका भरमा छोड्नुहुँदैन । लुलापछि फेरि लुलालाई खोज्ने होइन । बरु लाखौं लुलाहरू जन्माउन सक्ने वामपन्थको पुनर्निर्माण गर्नुपर्छ । तब मात्र प्रतिक्रान्तिको यो भेललाई उल्ट्याउन सकिनेछ । हाम्रा क्रान्तिकारी अपेक्षाहरू पूरा गर्न सकिने नौलो युगमा प्रवेश गर्न सकिनेछ ।

निर्वाचनको प्रचारप्रसारका क्रममा ब्राजिलका धेरै कलाकारले योगदान गरे । शिको बुआरक्यू, कायतानो भेलोसो, गिल्बर्तो गिल, डानियला मर्करी, सामा र इबोनी जस्ता कलाकारले 'लौ जाऔं लुला' को नारालाई गीत बनाएर गाए । यो गीत अब उति घन्किने छैन । तर, यसको स्थायी ब्राजिलका सडकहरूमा गुञ्जिरहनुपर्छ :

"जनता छन् सडकमा
जारी छ परिवर्तन ।"

(स्रोत : एमआर अनलाइन ।सम्यक)

शव टुक्रा–टुक्रा पार्नु शवको अपमान मात्र होइन, अक्षम्य जघन्य अपराध



रामप्रसाद प्रजापति, अधिवक्ता

अमेरिका सपनाको देश होइन

पुँजीवादी व्यवस्थाको छायामा भ्रष्टाचार मात्र होइन, लुटपाट, षड्यन्त्र, धनी र गरिबबिच सामाजिक विभेद, तस्करी, कालोबजारी, हत्या, हिंसा एवं जघन्य अपराध व्यापक रूपमा हुने गरिएको छ । यो युद्धपिपासु, हतियारका व्यापारी र युद्ध अपराधीहरूको शासन व्यवस्था पनि हो ।

उल्लिखित भनाइ करिब दुई वर्षअघि हराएको भनिएकी नेपाली चेली ममता काफ्लेको हत्या, मृत शरीरको अपमान र शव लुकाइएको मुद्दाको सन्दर्भमा उल्लेख गर्न सकिन्छ ।

गत हप्ता संयुक्त राज्य अमेरिकाको भर्जिनिया राज्यअन्तर्गत प्रिन्स विलियम काउन्टी सर्किट अदालतमा बयान दिने क्रममा नेपाली मूलका ३९ वर्षीय नरेश भट्टको बयान निकै चर्चामा रह्यो ।

बयानका क्रममा उनले ३० जुलाई २०२४ मा आफू बस्दै आएको घरको सुत्ने कोठामा आफ्नै श्रीमती ममता काफ्लेलाई अचेत अवस्थामा फेला पारेको बताए । ममताको नजिकै चक्की मिसिएको बान्ता र कीटनाशकको खुला भाँडो रहेको, उनलाई बचाउन करिब एक घण्टा प्रयास गरेको तर आफू निकै आत्तिएकाले प्रहरीलाई खबर नगरेको उनको भनाइ थियो ।

नरेश भट्टले ममताको मृत्युको खबर लुकाएको र त्यसको भोलिपल्टसम्म करौतीले शव टुक्रा-टुक्रा पारी फोहोरका झोलामा राखेर फालेको बताए ।

पुँजीवादी व्यवस्थाको प्रभावस्वरूप एउटै घरको तल्लो र माथिल्लो तलामा बस्ने मानिससमेत एकअर्कालाई खासै नभेट्ने र नचिन्ने, परिवारका सदस्यहरू सँगै नबस्ने तथा आ-आफ्नै काममा व्यस्त रहने अवस्था हामीले पनि महसुस गर्दै आएका छौं ।

संरा अमेरिकामा त काम गर्न र त्यहाँ टिकिरहनकै लागि लोग्ने-स्वास्नीको भेटघाटसमेत बिरलै हुने, कहिलेकाहीं त एकअर्कालाई भेट्न बिदा लिनुपर्ने अवस्था रहेको बताइन्छ ।

सुन्दा आश्चर्य लाग्ने र भिन्न संसार अर्थात् सपनाको संसारजस्तो लाग्छ । ममता काफ्लेलाई पनि संरा अमेरिकामा बस्ने रहर थियो र संरा अमेरिका सपनाको देशजस्तै लागेको थियो ।

विडम्बना, निकै कलिलो उमेरमै उनी पुँजीवादी बन्दोबस्तको असर र प्रभावबीच यो संसारबाट बिदा भइन् ।

अदालतमा भट्टको बयान

४ नोभेम्बरमा अदालतमा बयान दिने क्रममा नरेश भट्टले आफू र ममता काफ्लेको विवाहपछि एक छोरीको जन्म भएको र छोरीको जन्मपछि उनीहरूबिचको सम्बन्ध बिग्रँदै गएको तथा ममता एक्लिँदै गएको बताए ।

झगडाका क्रममा आफूले सम्बन्धविच्छेद गर्ने र ममताले आत्महत्या गर्ने धम्की दिने गरेको, ममतालाई शारीरिक दुर्व्यवहार नगरेको तथा आफ्नो सरकारी जागिर जोखिममा पर्न सक्ने डरका कारण ममताले परिचयपत्र लगेको विषयमा प्रहरीलाई उजुरी गर्दा आफू आक्रोशित भएको उनले बताए ।

भट्टले ममताका आफन्त, साथी, छिमेकी र प्रहरीलाई झुट बोलेको स्वीकार गर्नुका साथै ममताको शव टुक्रा-टुक्रा पारी फोहोर फाल्ने झोलामा राखेर फालेको पनि स्वीकार गरे । तर उनले हत्या गरेको आरोप भने अस्वीकार गरे ।

सन् २०२३ को डिसेम्बरमा ममताले नरेश भट्टलाई पठाएको सन्देशमा चोट लागेको अनुहार र रगत देखिएको हातका तस्बिर प्रस्तुत गरिएको थियो । ममताले यो दोस्रो पटक भएको उल्लेख गर्दै भिडियो पठाउँदा भट्टले जवाफमा सम्बन्धविच्छेदका कागजमा हस्ताक्षर गर्ने र फेरि यस्तो घटना नदोहोऱ्याउने लेखेका थिए ।

अपराध स्वीकारोक्ति र अनुसन्धानका प्रमाण

नरेश भट्टले सुरुमा आफन्त र प्रहरीलाई आफ्नी श्रीमती ममता काफ्ले हराएको बताएका थिए । तर उनीमाथि उजुरी परेपछि प्रहरीले अनुसन्धान अघि बढायो ।

अनुसन्धानका क्रममा २ जुन २०२४ मा भट्टले करौती, ब्लेड र ब्याट्री किट खरिद गरेको तथा सीसीटीभी दृश्यमा भट्टजस्तै देखिने व्यक्तिले ती सामान बोकेर गएको प्रमाण अभियोजन पक्षले अदालतमा प्रस्तुत गरेको छ ।

त्यस्तै, भट्टले बर्गैंचाको काम गर्ने व्यक्तिसँग १ अगस्टमा ज्यालाका रूपमा दुई अतिरिक्त ब्याट्री र चार्जरसहितको करौती लिएको र ती सामान उक्त व्यक्तिले ९ सेप्टेम्बरमा प्रहरीलाई बुझाएको बताइएको छ ।

बरामद गरिएका ब्याट्री, चार्जर र करौती तथा घरको कार्पेटमा भेटिएको रगत, करौतीमा भेटिएको रगतजस्तो पदार्थ र तीनवटा कपालका नमुनाको डीएनए परीक्षण गरिएको थियो । घरमा ममताले प्रयोग गर्ने भनिएको कपाल कोर्ने ब्रस (काइँयो) बाट लिइएको नमुनासमेत परीक्षण गरी ममताको डीएनए प्रोफाइल तयार गरिएको थियो । उक्त प्रोफाइल घटनास्थलमा भेटिएका अन्य वस्तुका नमुनासँग भिडाइएको डीएनए परीक्षण प्रतिवेदनलाई प्रहरीले मुख्य प्रमाणका रूपमा प्रस्तुत गरेको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार करौतीमा रगतजस्तो देखिने रातो-खैरो दाग र कपालजस्तो रेसाको नमुना परीक्षण गर्दा ममताको डीएनए प्रोफाइलसँग मेल खाएको थियो । ममताको कपाल कोर्ने ब्रसबाट लिइएको नमुनासमेत मेल खाएको बताइएको छ । भट्ट पक्षले भने उक्त ब्रस ममताकै हो भन्ने पुष्टि नभएको तर्क गरेको छ ।

त्यस्तै, घटनाका दिनहरूमा नरेश भट्टको मोबाइल फोन र टेस्ला गाडी प्रायः एउटै स्थानमा देखिएको अनुसन्धानबाट खुलेको छ । १ अगस्टमा गाडी र भट्टको मोबाइल फोन नेटवर्कबाट बाहिर गएको समयमा ममताको फोन पनि सोही क्षेत्रको मोबाइल टावरमा जोडिएको विवरण रहेको बताइएको छ ।

भट्टले सोही दिन ग्यास स्टेसननजिकको कपडा दान गर्ने स्थानमा एउटा झोला छोडेको र प्रहरीले त्यहाँबाट बरामद गरेको झोलामा सेतो बाथ म्याट भेटिएको थियो । उक्त म्याटमा रगत रहेको परीक्षणबाट पुष्टि भएको अभियोजन पक्षको दाबी छ ।

भट्टले इन्टरनेटमा ३० जुलाईको बिहान एउटा पसलमा पञ्जाको मूल्य सोधेको र लिडल स्टोरमा ४० वटा फोहोरका झोला किनेको दृश्यसमेत पहिचान गरिएको थियो । ३१ जुलाईमा फेयरफ्याक्सको वालमार्टमा उनले कार्पेट सफा गर्ने सामग्री र अन्य सरसफाइका सामान किनेको दृश्य पनि अदालतमा प्रस्तुत गरिएको थियो ।

त्यसैगरी, भट्टले मार्च २०२४ मै आफ्नो फोनमा 'श्रीमती हराइन् भने के हुन्छ' भन्ने विषय खोजेको भेटिएको थियो । ३० जुलाईमा 'मानव मस्तिष्कको चित्र' र 'आफूनजिकै कुखुरा फार्म' खोजेको विवरणसमेत प्रस्तुत गरिएको थियो ।

उनले सरकारी कामसम्बन्धी अनलाइन खाताबाट श्रीमतीको मृत्युपछि अर्को विवाह गर्न कति समय लाग्छ भन्ने विषय खोजेको विवरण पनि अदालतमा प्रस्तुत गरिएको थियो ।

तर प्रतिरक्षा पक्षले धेरैजसो इन्टरनेट खोजीको समय स्पष्ट नभएको तर्क गरेको बताइएको छ ।

भट्टको अपराध अक्षम्य

ममताका भाइका अनुसार बहिनीले अनुहारमा चोट लागेको तस्बिर पठाउँदै आफू दुई दिनदेखि भोकै रहेको र सुरक्षित महसुस नगरेको सन्देश पठाएकी थिइन् । सोही समयदेखि ममताले आफ्नी आमालाई भिडियो कल नगरी अडियो कल मात्र गर्ने गरेको पनि उनले अदालतमा बताएका थिए ।

छरछिमेकीहरूले पनि भट्टले सम्बन्धविच्छेदको कुरा गर्ने गरेको तर श्रीमती हराएको विषयमा कहिल्यै केही नभनेको बयान दिएका छन् । अदालतमा ममताले घरेलु विवादका कारण प्रहरी बोलाएको र आफ्नै बैङ्क खाता खोलेको विवरणसमेत प्रस्तुत गरिएको थियो ।

यसरी अभियोजन पक्षले हालसम्म ८० जनाभन्दा बढी साक्षीको बयान लिएपछि गत हप्ताको सोमबार आफ्नो पक्षको सुनुवाइ टुङ्ग्याएको थियो । त्यसपछि प्रतिरक्षा पक्षले नरेश भट्टविरुद्धको मुद्दा खारेज गर्न माग गरे पनि न्यायाधीशले उक्त माग अस्वीकार गरेका छन् ।

अब ९ नोभेम्बरमा भट्टको थप बयान र प्रतिरक्षा पक्षका साक्षीहरूको सुनुवाइ हुने मिति तोकिएको छ ।

भट्टको बयान र अभियोजन पक्षको दाबीबीच शव टुक्रा-टुक्रा पारेको र फोहोरका झोलामा राखेको विषयमा समानता छ । ममता काफ्लेको शव हालसम्म नभेटिएको अवस्थामा उनको मृत्यु भएको हो वा होइन भन्ने अन्योललाई नरेश भट्टले आफ्नो बयानमा ममताको मृत्यु भएको स्वीकार गरेपछि थप स्पष्ट पारेको छ । तर ममताको मृत्यु के कारणले र कसरी भयो ? उनको मृत्यु हत्या थियो वा आत्महत्या? भन्ने कानुनी प्रश्नको उत्तर आउन बाँकी नै छ ।

यद्यपि नरेश भट्टले नै आफ्नी श्रीमती ममता काफ्लेको हत्या गरेको हुन सक्ने सम्भावना बलियो देखिएको छ । घटनाअघिको तयारी र ममताको मृत्युपछि अनलाइन तथा इन्टरनेटमा गरिएका खोजीहरूले पनि त्यसतर्फ सङ्केत गरेको देखिन्छ ।

तथापि, फौजदारी अपराध शङ्कारहित ढङ्गले पुष्टि हुनुपर्छ । सम्बन्धित सबुद तथा स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म अनुमान र शङ्काका भरमा कसैलाई दोषी ठहर गरी सजायको भागीदार बनाउनु अन्यायपूर्ण हुन्छ । यो फौजदारी न्यायको स्थापित सिद्धान्त हो ।

त्यसैले नरेश भट्टविरुद्धको हत्यासम्बन्धी अभियोग प्रमाणित गर्न अभियोजन पक्षले थप ठोस प्रमाण पेस गर्नु आवश्यक छ ।

तथापि, मृत शरीरको सम्मान नगरेको, आफ्नी श्रीमतीको मृत्युपछि प्रहरी, आफन्त र छरछिमेकीलाई सत्यतथ्य जानकारी नदिई सूचना लुकाएको तथा आफ्नै श्रीमतीको शव करौतीले टुक्रा-टुक्रा पारी अपमान गरेको आरोप भट्टले अदालतसमक्ष स्वीकार गरेका छन् । यससम्बन्धी अपराधमा उनी सजायको भागीदार हुने नै छन् । थप प्रमाणबाट उनले ममता काफ्लेको हत्या गरेको पुष्टि भएमा आफ्नै श्रीमतीको हत्यामा दोषी ठहर भई कडा जेल सजाय भोग्नुपर्नेछ ।

कुनै पनि व्यक्तिको शव टुक्रा-टुक्रा पार्नु अपराध हो भने नरेश भट्टले गरेको भनिएको कार्य झन् जघन्य अपराध हो । यसमा कडा कानुनी सजाय हुनुपर्छ ।

साथै, पुँजीवादी बन्दोबस्तका दोषपूर्ण लक्षणबारे विश्वका श्रमजीवी जनता सचेत भई समाजवादी व्यवस्थाका गुणहरू उजागर गर्न आवश्यक छ ।

२०८३ कार्तिक २२

दत्तात्रयमा न्हु दँको भिन्तुना तथा सांस्कृतिक कार्यक्रम

भक्तपुर । विश्व सम्पदा सूचीमा सूचिकृत ऐतिहासिक दत्तात्रय मन्दिर परिसरमा परम्परागत नौबाजाहरूको प्रदर्शनी कार्तिक २१ गते सम्पन्न भयो । स्थानीय दुई दर्जनभन्दा बढी सांस्कृतिक गुरुहरू सम्मानित भए ।

नेपाल संवत् ११४७ न्हु दँ, स्वन्ती नःखा (तिहार) तथा छठ पर्वको अवसरमा भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम भएको थियो । भनपाका उपप्रमुख रजनी जोशीले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नुभयो भने प्रमुख सुनिल प्रजापतिले समापन गर्दै कलाकार टोलीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरको परिचयको रूपमा रहेको कला संस्कृति नयाँ पुस्तामा हस्तान्तरण भइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले जनस्तरबाटै संरक्षण र प्रवर्द्धन भइरहेका मूर्त र अमूर्त सम्पदाहरू संसारसामु परिचित गराउन नगरपालिकाले सहजीकरण गरिरहेको उल्लेख गर्दै नाचगान र बाजागाजाको प्रशिक्षण दिनुहुने अग्रज सांस्कृतिक गुरुहरू विश्वविद्यालयका प्राध्यापक सरह ज्ञान भएका व्यक्तित्व हुन् भन्नुभयो ।

उहाँले ख्वप विश्वविद्यालयमार्फत बेलुकीसम्म गर्ने क्रियाकलाप, जीवनशैली, कला-संस्कृति आफैंमा आन्तरिक तथा बाह्य पर्यटकहरूका



नेपालीहरूको मौलिक विज्ञान-प्रविधि, कला-संस्कृति र साहित्यकै खोज अनुसन्धान गरी विश्वस्तरीय बनाउन खोजिएको प्रस्ट पार्दै सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको स्वीकृति नदिनु प्रतिगामी भएको उहाँले बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुरवासी जनताले बिहान सबेरैदेखि लागि हेर्नलायक रहेको चर्चा गर्दै पर्यटन उद्योगमार्फत स्थानीय जनताको आर्थिक स्तरोन्नतिका लागि नगरपालिकाले विभिन्न गतिविधि गर्दै आएको बताउनुभयो । उहाँले देशी विदेशी अनुसन्धाता तथा शोधार्थीहरूका लागि दत्तात्रय परिसर खुला विश्वविद्यालयजस्तै रहेको उल्लेख गर्नुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले न्हु दँ पटाका नपड्काउन सबैमा अनुरोध गर्नुभयो ।

पुर्खौंदेखि वाकुपतिनारायण नौदाफा भजनले सूर्यमढीस्थित नारायण मन्दिरमा, दत्तात्रय नौदाफा भजनले दत्तात्रय मन्दिरमा र सकोलाँ नौदाफा भजनले सकोलाँमा विभिन्न अवसरमा नौबाजा बजाउँदै आएका छन् । धार्मिक आस्थाकै आधारमा सांस्कृतिक कर्ममा जीवन समर्पण गर्नुहुने आदरणीय कलाकारहरूले आफ्नो कृषिकर्मको बिचमा पनि समय मिलाएर चाडपर्वमा नौबाजालाई निरन्तरता दिँदै आइरहनुभएको छ । तीनवटै नौदाफा समूहमा नौबाजाका सङ्गति बाजाहरू अलग्ग अलग्ग छन् । फरक फरक विशेषतासहितका नौदाफा समूहहरूले शुक्रबार दत्तात्रय मन्दिर परिसरमा तयार पारिएको मञ्चमा एकैपटक नौबाजा बजाएको देख्न पाउनु सबैका लागि सुखद संयोग बनेको थियो । करखिँ, पास्त, धाँचा, धिमेचा, नायखिँ, ढोलक, पछिमा, कोखिँ र नगरासहित नौ थरीका बाजाका साथमा पोडा, म्वालिड, बाँसुरी, तँ, सिछ्या, भुछ्यालगायतका सङ्गति बाजाहरू बजाइएका थिए । अग्रज सांस्कृतिक गुरुहरूसँगै नयाँ पुस्ताका सांस्कृतिककर्मी कलाकारहरू मञ्चमा उपस्थित थिए । वरपर हजारौंको सङ्ख्यामा रहेका दर्शकहरूको उत्साहपूर्ण साथले एक घण्टासम्म बजाइएको नौबाजा पनि एकैछिनमा सकिएको भान भयो ।

कार्यक्रमको मुख्य आकर्षण नौबाजा प्रदर्शनी भए तापनि धाँ नृत्य, धिमे नृत्य, बाँसुरी बाजा नृत्यलगायत सामाजिक विषयवस्तु उत्थान गरिएका प्रगतिशील गीत सङ्गीत पनि प्रस्तुत गरिएका थिए । आस्था सांस्कृतिक परिवार, निओ फ्युजन बाजा खलः र दीपङ्कर बाजा खलः ले नेवारी परम्परागत धुनमा आकर्षक नृत्य प्रस्तुत गरेका थिए भने कलाकारहरू राजकुमार मानन्धर र सिल्भिया प्रजापतिले गीत गाउनुभएको थियो । कार्यक्रमको अन्त्यमा लैको बाँसुरी बाजा खलः, भक्तपुर साकोस र ख्वप साकोसका एक सय दसभन्दा बढी कलाकारहरूको सामूहिक टोलीले बाँसुरी र भ्वाइलिन बाजामा परम्परागत धुन प्रस्तुति दिएको थियो ।

कार्यक्रममा तीन सयभन्दा बढी कलाकारहरूले गीत सङ्गीत र नृत्य प्रस्तुत गरेका थिए भने कार्यक्रम स्थलमा परम्परागत कोलबाट उत्पादित तोरीको तेल, भादगाउँले कालो टोपी परम्परागत नेवारी पोशाक, हस्तकलाका सामग्रीहरूको प्रदर्शनी एवं बिक्री वितरण गरिएको थियो । नेपालभाषा लिपि (रञ्जना र प्रचलित लिपि) सिकाउने खुला कार्यशाला पनि गरिएको थियो । नेवारी खाद्य परिकारहरू सम्येबजी, योमारी, वः चटामारीलगायतका खाद्यान्नहरू बिक्रीमा राखिएको आयोजकले बताएको छ ।

नेपालभाषा साहित्य त:मुंज्याद्वारा नेपाल संवत् ११४७ नयाँ वर्षको शुभकामना च्यालीमा सहभागी हुन अपिल

दिदीबहिनी तथा दाजुभाइहरू,

भाषा, संस्कृति र साहित्य मानव सभ्यताको विकासको सिलसिला हो । नेपालमा १२६ जात-जाति र १४८ भन्दा बढी भाषा-भाषी रहेको तथ्याङ्क सार्वजनिक भयो । सबै जात-जातिको भाषा, संस्कृति र साहित्यको समान संरक्षण गर्नु सरकारको जिम्मेवारी हो । तर, सरकारमा गएकाहरूमा यो जिम्मेवारी बोध भएन । परिणामत: किसान, कुशबाडिया (पत्थरकट्टा), कुसुन्डा, बनकरिया, मेचे (बोडो), राउटे, राजी/राझी, लेप्चा, सुरेल, हायुलगायत कतिपय जाति र भाषा लोप हुँदै छन् । किसान जातिको सङ्ख्या १४७९ र हायु जातिको सङ्ख्या ३०६९ मात्र बाँकी रहेको सार्वजनिक भयो ।

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बन्न पेस गरिएको नेपालभाषाको लिपि संरक्षणमा सरकारको तर्फबाट पुग्दो प्रयास भएन । सोभियत सङ्घ स्थापनापछि रुसका सबै भाषा र लिपिको संरक्षण गरिएको थियो । जहानियाँ राणा शासन र पञ्चायती निरङ्कुश शासनको अन्त्यपछि बारम्बार सरकारको नेतृत्वमा पुगेका संसद्वादी शासक पार्टीहरूले देशका सबै भाषा, लिपि र संस्कृति संरक्षणमा ध्यान दिएनन् ।

गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भदौ २४ गते देशभरि आगजनीसहितको उपद्रव गरियो । त्यसबेला नेकाको समर्थन प्राप्त एमालेका प्रधानमन्त्री केपी ओलीले भदौ २४ गते बिहान राजीनामा नदिने अडान राखेका थिए । तर, आगजनीलगत्तै अपराह्न १:३० बजे सेनालाई राजीनामा बुझाएर ओली १२ दिनसम्म बेखबर भए । राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते संविधानविपरीत सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्ति गरी प्रतिनिधिसभा विघटन गरे । शासक दलका नेताहरूले सर्वदलीय र सर्वपक्षीय बैठक राखेर देशमा आइपरेको समस्या समाधान गर्नुपर्थ्यो तर कुनै प्रयास गरेनन् ।

देशभक्त नेपालीले सङ्घीय संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवास, बालुवाटारलगायत देशभरिका सरकारी भवनमा आगजनी गर्न सक्दैनन् । सेना र प्रहरीसमेत देश जलिरहेको टुलुटुलु हेरेर किन बसे, किन आगजनी रोकेनन् र आगो निभाएनन् ? यी प्रश्नहरूका जवाफ अझै आएको छैन । भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको आडभरोसामा बाहेक यस्तो उपद्रव नेपालमा हुन नसक्ने मत पनि सार्वजनिक भएकै थियो । उपद्रवपछि आएको सरकारबाट स्वच्छ र निष्पक्ष निर्वाचनको अपेक्षा गर्न सकिँदैन । २०८२ फागुन २१ गते एक प्रकारको 'आतङ्कमा' निर्वाचन गरिएको थियो । यसकारणले निर्वाचन स्वच्छ र निष्पक्ष हुन सकेन ।

अन्तरिम सरकार र वर्तमान सरकार नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्त (शान्तिपूर्ण सहअस्तित्व, समानता, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, अनाक्रमण, पारस्परिक सम्मान) पालना गर्न असफल भए । तिब्बतका दासमालिक दलाई लामाबाट नेपालको अन्तरिम सरकारलाई बधाई पठाइनु, रास्वपा सरकारको अनुमतिमा काठमाडौँमा ती नै दलाई लामाको ९१ औँ जन्म दिन मनाइनु, चीनको अभिन्न अङ्ग थाइवानका विखण्डनकारीहरूबाट यो सरकारलाई आर्थिक सहयोग हुनु आदि केही उदाहरणमात्र हुन् । नेपाली जनताबाट विरोध भएपछि चीनको अभिन्न अङ्ग तिब्बत विखण्डनकारीहरूको काठमाडौँमा हुन लागेको अन्तर्राष्ट्रिय सम्मेलन तत्काललाई रोकिएको छ ।

"नेपालले भारतको भूमि मिचेको छ", "भारतको विरोध गर्नु नै नेपालीको राष्ट्रवाद थियो अब त्यो खारेज भयो" जस्ता रास्वपा सरकारको भारतीय शासक वर्गसँगको आत्मसमर्पण गर्ने कूटनीतिलाई देशभक्त नेपाली जनताले विरोध गरे भने नेपाली कामदारवर्ग र भारतीय कामदारवर्गको मित्रता इतिहासजत्तिकै पुरानो भएको दोहोऱ्याए ।

यतिखेर महँगी दिन दुगुना रात चौगुना बढिरहेको छ । दैनिक उपभोग्य सामानको मूल्य ४० देखि ३०० प्रतिशतसम्म बढ्यो । ७० प्रतिशत नेपालीको जीवन निर्वाह पनि कठिन भएको सार्वजनिक भयो । एक सर्वेक्षणमा ७० प्रतिशत नेपालीले देश ओरालो लागेको मत जाहेर गरेको पनि बाहिरियो ।

विश्वका न्यायप्रेमी जनतासँगै नेपाली जनताले संरा अमेरिकी सरकारको सहयोगमा इजरायली प्रजातन्त्रविरोधी सरकारको प्यालेस्टिनमा बमबारी तथा आम नरसंहार, युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्म युद्ध, संरा अमेरिकी र इजरायली सरकारको इरानमा बमबारी, भेनेजुयलामा बमबारी र त्यहाँका राष्ट्रपति माडुरो दम्पतीको अपहरण एवम् न्युयोर्कमा बन्धकको विरोध गर्दै छन् ।

विश्वका ९ नौ सयभन्दा बढी ठाउँमा तैनाथ अमेरिकी सेना फिर्ता गरी त्यहाँ राखिएको आम विनाशकारी हतियार नष्ट गर्नु विश्व शान्तिको अनिवार्य सर्त हो । जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताबाट संरा अमेरिकी सरकार फिर्ता भएको र पृथ्वीको तापमानसमेत बढेको हुँदा गत भदौ १० गते रसुवाको भोटेकोसीमा हिमपहिरो आयो र नेपालमा जनधनको ठुलो क्षति भयो । महँगी नियन्त्रण गर्न नसकेको, जनतालाई स्वास्थ्य सेवा दिन नसकेको र प्यालेस्टिन, युक्रेन र इरानमा युद्ध गरेको र गराएको हुँदा संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टी यही नोभेम्बर ३ मा भएको मध्यावधि चुनावको नतिजामा प्रतिनिधिसभा र सिनेट (राष्ट्रिय सभाजस्तो) दुवैमा अल्पमत भयो । विपक्षी डेमोक्रेट पार्टीले बहुमत पायो । यसको अर्थ संरा अमेरिकाका यी दुवै शासक पार्टीको आर्थिक र विदेश मामिलामा मौलिक भिन्नता थिएन र छैन ।

दिदीबहिनी तथा दाजुभाइहरू,

नेपाल संवत् ११४७ नयाँ वर्षको अवसरमा देश र जनताका देहायबमोजिमका समस्या समाधान गर्न नेपालभाषा साहित्य त:मुंज्याद्वारा सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ - हाम्रा मागहरू

१) आफ्ना छोराछोरीसँगसँगै सम्पूर्ण नेपाली जनताका छोराछोरीको लागि खाने, लाउने, शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खानेपानीको व्यवस्था हुने राम्रो समाज निर्माण गर्न सचेत र सङ्गठित होऔँ !

२) दैनिक उपभोग तथा उद्योग कलकारखाना सञ्चालनको निम्ति आवश्यक बिजुली नेपालका नदीहरूमा नेपालीको लगानीमा उत्पादन गरी सस्तोमा उपलब्ध गराई एलपी ग्यास र अन्य इन्धन आयातमा भइरहेको व्यापार घाटा घटाऊ !

३) बस्ती बस्तीको ढलको फोहर पानी सफा गर्न 'उपचार पोखरी' को बन्दोबस्त गरी नदी प्रदूषण नियन्त्रण गर ! सहरमा फोहोरमैला र औद्योगिक प्रदूषण हटाई स्वच्छ वातावरण कायम गर !

४) रासायनिक मल कारखाना स्थापना गरी समयमै सुपथ मूल्यमा किसानलाई मल उपलब्ध गराऊ !

५) जनताको सम्पत्ति सल्लाघारीको १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालन गर्न भक्तपुर नगरपालिकालाई उपलब्ध गराऊ !

६) विकास निर्माणमा पक्षपात, भ्रष्टाचार र ढिलासुस्ती बन्द गर !

७) भारतीय विस्तारवादले अतिक्रमण गरेको नेपाली भूमि अविलम्ब फिर्ता ल्याऊ ! नेपाललाई भारतीय सुरक्षा छाताभित्र राख्ने सन् १९५० को नेपाल-भारत असमान सन्धि खारेज गर ! नेपाली युवालाई भाडाको सिपाहीं बनाउने सन् १९४७ को गोर्खा भर्ती खारेज गर ! नेपाललाई सरा अमेरिकी सरकारको नवउपनिवेश र भारतको प्रदेशजस्तो बनाउने देशघाती एमसीसी सम्झौता खारेज गर !

८) शासक दलहरूले भारतीय एकाधिकार पुँजीलाई दिएका कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, तिला १, तिला २, अरुण तेस्रो, अरुण चौथो, तल्लो अरुण, पश्चिम सेती, सेती १, फुकोट कर्णाली, चिसापानी कर्णालीलगायत जलविद्युत् फिर्ता गर !

९) सहकारी ठगहरूलाई अविलम्ब कारबाही गरी तिनीहरूकै सम्पत्तिबाट जनताको बचत रकम फिर्ता गराऊ !

यही विचारयुक्त अपिल विविध भाषा साहित्य समाज, सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाज र चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजले पनि प्रकाशित गरेका छन् । त:मुंज्या र समाजहरूको कार्यक्रम निम्नानुसार रहेका छन् ।

नेपालभाषा साहित्य त:मुंज्याको कार्यक्रम
मिति : २०८३ कार्तिक २३ गते, सोमबार
समय : बिहान ७ बजे
च्याली सुरु हुने स्थान : तमारी (वडा नं. १ देखि ५ सम्म)
सूर्यमढी (वडा नं. ६ देखि १० सम्म)
च्याली समापन हुने स्थान : भनपा ३ वडा, खौमा, मास्टर जगतसुन्दर मल्लको सालिकमा मार्ल्यापण, दरबार क्षेत्रमा सांस्कृतिक कार्यक्रम प्रस्तुति ।

विविध भाषा साहित्य समाजको कार्यक्रम
मिति : २०८३ कार्तिक २३ गते, सोमबार
च्याली सुरु हुने स्थान : मध्यपुर नपा ८, बोदे, खपलाँचोक
समय : बिहान ७ बजे
च्याली समापन : मध्यपुर थिमि ७, कुम्हालाछि, नगदेश
साहित्यक सम्मेलन तथा सांस्कृतिक कार्यक्रम हुने समय : बिहान ११ बजेदेखि

सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाजको कार्यक्रम
मिति : २०८३ कार्तिक २३ गते, सोमबार
समय : बिहान ७ बजे
च्याली सुरु हुने स्थान : सूर्यविनायक नपा १०, मिलनचोक (नलिन्चोक)
च्याली समापन हुने स्थान : सूर्यविनायक नपा १०, भद्रकाली मन्दिर चोक

चाँगुनारायण प्रगतिशील सांस्कृतिक समाजको कार्यक्रम
मिति : २०८३ कार्तिक २३ गते, सोमबार
समय : बिहान ७ बजे
च्याली १ सुरु हुने स्थान : चाँगुनारायण नपा ५, भाजुभैरव, छालिडबाट सुरु भएर चाँगुनारायण नपा ३, झौखेल, लाकिलामा समापन
च्याली २ सुरु हुने स्थान : चाँगुनारायण नपा २, कासन झौखेलबाट सुरु भएर चाँगुनारायण नपा २, नांखेल, दुवाकोटमा समापन

कविता

हामी देश जलिरहेको हेर्न सक्दैनौं

• *माया*

आमा !
हामी तिम्रो लागि मर्न तयार छौं
किनभने
हामी देश जलिरहेको हेर्न सक्दैनौं ।

आमा !
हामी पेट्रोल बम हान्ने अपराधी होइनौं
किनभने
हामी देशभक्त नेपाली हौं ।

आमा !
हामी दमकल रोक्ने अपराधी होइनौं
किनभने
हामी विदेशीका दलाल होइनौं ।

आमा !
हामी देश जलिरहँदा भाग्ने कायर होइनौं
किनभने
हामीले सहिदका बलिदान पढेका छौं ।

आमा !
देश जलाउने र भाग्ने दुवै अपराधी हुन् ।
हामी तिनीहरूको अनुहार हेर्न चाहँदैनौं
किनभने
हामी विदेशीको बुटले कुल्चिन चाहँदैनौं ।

आमा !
हामी सत्यको खोजी गर्न छाड्दैनौं
किनभने
हामी कसैको पछि दगुर्दैनौं ।

आमा !
हामी खान, बस्न र पढ्न सबैले पाउने समाज चाहन्छौं
किनभने
हामी यस्तै 'स्वर्ग' चाहन्छौं ।

(२०८३ कार्तिक २२ गते)

सरकारमा पुग्नेहरू फेरिए, तर बेथिति रोकिएन !

प्रधानमन्त्रीले भ्रष्टाचारको भागबन्डा नलिए मन्त्री, सचिव र विभागीय प्रमुखहरूले भ्रष्टाचार गर्ने छैनन् । यो सत्य हो । नेपालको एक सरकारी जिल्ला कार्यालयका प्रमुखले आफूले लिएको 'घुस' को भागबन्डा प्रधानमन्त्रीसम्म निश्चित पुग्ने तर राष्ट्रपतिको गोजीसम्म पुग्नेबारे थाहा नभएको बताएका थिए । यो आजभन्दा १८ वर्षअघिको घटना थियो । त्यतिबेला प्रधानमन्त्री एमालेका माधवकुमार नेपाल थिए । माधव नेपाल पतञ्जली, रिजाल कम्पनी, ललिता निवास जग्गा घोटालामा नाम जोडिएको सार्वजनिक भयो । पतञ्जली र रिजाल कम्पनीको जग्गा घोटालामा माधव नेपालविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अदालतमा मुद्दा दायर गरेको सार्वजनिक भइसकेको हो ।

एक विश्लेषकले ठुलठुला भ्रष्टाचारीहरूलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था आवश्यक भएको दोहोऱ्याए । यो कानुनी व्यवस्थालाई अस्वीकार गर्नेहरू संविधान निर्माणका बेलाका शासक दलहरू नै हुन् । अहिले रास्वपाले पनि ठुला भ्रष्टाचारीलाई ज्यान सजाय हुने कानुनी व्यवस्थालाई समर्थन गरिरहेको छैन । केही महिनाअघि अख्तियारका प्रमुख आयुक्तले वर्तमान रास्वपा सरकारको पालामा 'बिचौलिया' सक्रिय भएको दाबी गरेका थिए । त्यसबेला रास्वपाका एक सांसदले अख्तियार प्रमुखलाई भुटानी शरणार्थी बनाएर नेपालीलाई संरा अमेरिकामा पठाएको घटनामा जोडिएको अदालतको फैसला उल्लेख गरेका थिए । अहिले सर्वोच्च अदालतका न्यायाधीशहरू 'बिचौलिया' लाई भेट्न होटलमा पुगेको सार्वजनिक भयो । नेकाका गगन थापाले आफ्नो नेतृत्वमा सम्पन्न विशेष महाधिवेशनलाई वैध बनाउनु निर्वाचन आयोग र अदालतमा १८ करोड रुपैया 'घुस' दिएको सार्वजनिक भएपछि उनी एक सुक्का पनि 'घुस' मा नगएको स्पष्टीकरण दिँदै छन् ।

गत वर्ष भदौ २३ गते निहत्था जनताको हत्या र भोलिपल्ट भदौ २४ गते देशभरिझैं आगजनी भएपछि एकजना विश्लेषक प्रतिक ढकालले कतिपय जेनजी भनिएकाहरू पैतीस वर्षयता भ्रष्टाचार गरी जग्गा र घर जोडेकाहरूका छोराछोरी पनि भएको दाबी गरेका थिए । त्यसबेला रास्वपाका सभापति रवि लामिछाने सहकारीको बचत ठगी आरोपमा जेलमा थिए । रास्वपाका कार्यवाहक उपसभापति डोलप्रसाद अर्यालले आफ्नो प्रतिवेदनमा गत वर्ष भदौ २४ गते केपी ओलीले आफ्नै सुरक्षा चिन्ताले राजीनामा दिएको दाबी गरेका थिए । सो प्रतिवेदनमा हिंसात्मक घटनामा 'राजनीतिक कार्यकर्ताहरू' भनी नेका, एमाले, माओवादीसमेतका कार्यकर्ताहरू संलग्न भएको पनि दाबी गरिएको थियो ।

सर्वोच्च अदालतका न्यायाधीशहरूको बिचौलियासँग सम्बन्ध, प्रहरी महानिरीक्षक दानबहादुर कार्कीको सरुवा, पत्रकारमाथि पक्राउजस्ता जल्दोबल्दो विषय उठिरहेको बेला संसद् बैठक भइरहेको छैन । लुम्बिनी विकास कोषको उपाध्यक्षमा आनी छोइङलाई नियुक्ति गरिएको विरोधमा प्रदर्शनसमेत भइरहेको छ । तिहारको अगाडि बमजस्ता पटाका पड्काउने प्रवृत्ति बढ्दो छ । सरकारमा पुग्नेहरू परिवर्तन भए पनि बेथिति उही दोहोरिँदै छ ।

रास्वपा सरकार प्रमुखका सल्लाहकारहरू पनि अनियमितता र बिचौलियासँग जोडिएको बाहिरिँदै छ । केहीले कार्यकारी प्रमुखको जानकारीबिना सल्लाहकारहरूले मात्र घोटाला गर्न नसक्ने दाबी गर्दै छन् । पूर्वप्रम दाहालले नेका सभापति गगन थापालाई रास्वपा सरकारले पक्राउ गर्न नसक्ने दाबी गर्दै छ । यस्तै यस्तै बेथिति नेपाली राजनीतिक क्षेत्रमा बाहिरिएको छ ।

चिनियाँ र नेपाली युवा–विद्यार्थीबिच सांस्कृतिक आदानप्रदान

शाननान । भक्तपुर नगरपालिका र चीनको सिचाङ स्वायत्त क्षेत्र (तिब्बत) को शाननान नगरपालिकाका युवा-विद्यार्थीबिच सांस्कृतिक तथा मैत्रीपूर्ण आदानप्रदान कार्यक्रम कार्तिक २२ गते सम्पन्न भएको छ ।

सिचाङको शाननान नगरमा आयोजित कार्यक्रममा सुलेखन अभ्यास, सांस्कृतिक प्रस्तुति, मैत्रीपूर्ण टेबलटेनिस खेल तथा आपसी संवादमार्फत दुवै नगरका युवाहरूले एकअर्काको भाषा, संस्कृति र जनजीवनबारे अनुभव आदानप्रदान गरेका थिए ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंले शिक्षा, स्वास्थ्य, सरसफाइ र खानेपानीलाई नगरपालिकाले अत्यावश्यक सार्वजनिक सेवाका रूपमा लिँदै आएको बताउनुभयो ।

"आर्थिक अवस्था जस्तोसुकै भए पनि प्रत्येक नागरिकले यी सेवा पाउने सुनिश्चित गर्नु सरकारको जिम्मेवारी हो भन्ने हाम्रो दृढ मान्यता छ," उहाँले भन्नुभयो ।

यही मान्यताअनुसार नगरपालिकाले मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र र इन्जिनियरिङलगायतका विषय अध्यापन हुने सातवटा उच्च शैक्षिक संस्था सञ्चालन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

नेपालमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था स्थापना तथा सञ्चालन गर्ने पहिलो स्थानीय सरकार भक्तपुर नगरपालिका भएको उल्लेख गर्दै उहाँले ती संस्थामा सात हजारभन्दा बढी विद्यार्थी अध्ययनरत रहेको र देशका विभिन्न जिल्लाका युवाले न्यून शुल्कमा उच्च शिक्षा हासिल गर्ने अवसर पाएको बताउनुभयो ।

उहाँले युवाहरूलाई अग्रज पुस्ताबाट परम्परागत सीप र ज्ञान सिक्न तथा नवीन ज्ञान र प्रविधिमा दक्षता हासिल गर्न नगरपालिकाले प्रोत्साहन गर्दै आएको पनि बताउनुभयो । उच्च शिक्षा र अनुसन्धान दुई नगरबिच सहकार्यका सम्भावनायुक्त क्षेत्र भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "दुवै नगरपालिकाका युवा-विद्यार्थीबिच भइरहेको आदानप्रदानलाई निरन्तरता दिँदै हामी संयुक्त ऐतिहासिक तथा सांस्कृतिक अनुसन्धानलाई प्रोत्साहन गर्न र युवाहरूका लागि एकअर्काबाट सिक्ने थप अवसर सिर्जना गर्न चाहन्छौं ।"

कार्यक्रमको अध्यक्षता गर्नुभएका शाननान नगरपालिकाको विदेश मामिला महाशाखाका उपनिर्देशक चाई कुओतोङले चीन र नेपालका युवा आ-आफ्नो देशको विकासलाई अघि बढाउने अग्रणी शक्ति भएको बताउनुभयो । दुई देशबिचको ऐतिहासिक तथा परम्परागत मित्रतालाई नयाँ पुस्तासम्म पुऱ्याउन र द्विपक्षीय सहकार्यलाई अझ गहिरो बनाउन युवाहरूको महत्त्वपूर्ण भूमिका रहने उहाँको भनाइ थियो ।



उहाँले संस्कृतिमार्फत मित्रता गाँस्ने र खेलकुदमार्फत आदानप्रदान बढाउने यस्ता गतिविधिले एकअर्काको संस्कृति, विकास र जनजीवनबारे प्रत्यक्ष तथा गहिरो बुझाइ हासिल गर्न महत पुऱ्याउने बताउनुभयो । यस कार्यक्रमबाट शिक्षा र संस्कृतिलगायतका क्षेत्रमा दुई नगरबिचको सहकार्य थप सुदृढ हुने विश्वास व्यक्त गर्दै उहाँले भगिनी सहर सम्बन्ध र जनस्तरको सम्पर्क विस्तारमार्फत चीन-नेपाल मित्रताको पुल अझ मजबुत बनाउन आह्वान गर्नुभयो ।

शाननान नगरपालिकाको दोस्रो उच्च माध्यमिक विद्यालयकी उपप्रधानाध्यापक वाङ छुन-अले विद्यालयको शैक्षिक अवस्था, भौतिक पूर्वाधार र अतिरिक्त क्रियाकलापबारे जानकारी दिनुभयो । विद्यालयले नैतिक शिक्षा, व्यक्तित्व विकास र विभिन्न जातीय समुदायबिचको एकतालाई प्राथमिकता दिँदै आएको उहाँले बताउनुभयो । उहाँका अनुसार विद्यालयको पुस्तकालयमा एक लाख २० हजारभन्दा बढी पुस्तक छन् भने १०३ वटा कक्षाकोठामध्ये ५५ वटामा इन्टरनेट र मल्टिमिडियाको सुविधा छ । विद्यालयले नृत्य, लोकनाट्य, सुलेखन, परम्परागत वाद्यवादन, खेलकुद तथा विज्ञान-प्रविधिसम्बन्धी क्लबमार्फत विद्यार्थीको प्रतिभा विकासमा सहयोग गर्दै आएको छ ।

कार्यक्रममा दुवै नगरका युवा-विद्यार्थी प्रतिनिधिहरूले आ-आफ्नो देशको संस्कृति झल्किने वाद्यवादन तथा गीत प्रस्तुत गरेका थिए । चिनियाँ विद्यार्थीहरूले तिब्बती तारबाजा झामुन्येन प्रस्तुत गरेका थिए भने नेपाली युवा प्रतिनिधिले बाँसुरी बजाएका थिए । सहभागीहरूले तिब्बती, चिनियाँ तथा नेपाली लिपिमा सुलेखन कला प्रस्तुत गर्दै एकअर्कालाई उपहारसमेत प्रदान गरेका थिए ।

कार्यक्रमअन्तर्गत आयोजित मैत्रीपूर्ण टेबलटेनिस खेलमा चिनियाँ र नेपाली पक्षका विद्यार्थी तथा अधिकारीहरू सहभागी भएका थिए । युवा-विद्यार्थीहरूले अनौपचारिक संवादमार्फत अध्ययन, दैनिक जीवन र सांस्कृतिक अनुभवसमेत आदानप्रदान गरेका थिए ।

कार्यक्रममा शाननान नगरपालिकाको शिक्षा महाशाखाका उपनिर्देशक वाङ कुईशङ, विदेश मामिला महाशाखाअन्तर्गत विदेश मामिला व्यवस्थापन शाखाकी प्रमुख अऊचु याङचोङ, भक्तपुर नगरपालिकाका विदेश सम्पर्क अधिकृत राजेन्द्र चवाल तथा शाननानको दोस्रो उच्च माध्यमिक विद्यालयका शिक्षक र विद्यार्थी प्रतिनिधिहरूको उपस्थिति थियो ।

शाननान नगरपालिकाको निमन्त्रणामा भक्तपुर नगरपालिकाका दुई पदाधिकारी र आठ युवा-विद्यार्थीसहितको प्रतिनिधिमण्डल कार्तिक १८ गते चीनको ल्हासा र शाननान भ्रमणमा गएको हो । भ्रमणअन्तर्गत प्रतिनिधिमण्डलले ल्हासास्थित सिचाङ विश्वविद्यालयमा त्यहाँका शैक्षिक कार्यक्रम, अनुसन्धान र अन्तर्राष्ट्रिय शिक्षाबारे अन्तरक्रिया गरेको थियो ।

सिचाङ सङ्ग्रहालयको अध्ययन भ्रमणले नेपाल र चीनको तिब्बतबिचका ऐतिहासिक दस्ताबेज तथा सांस्कृतिक सम्बन्धबारे थप अध्ययन गर्ने रुचि बढाएको वडाध्यक्ष बिजुक्छेंले बताउनुभयो । भ्रमण तालिकामा पोताला दरबार, याबुलाङा दरबारलगायत ऐतिहासिक तथा सांस्कृतिक सम्पदा र शाननानका शैक्षिक संस्था तथा नवीन प्रविधिसम्बन्धी स्थलहरूको अवलोकनसमेत समावेश छ ।

शाननानलाई तिब्बती सभ्यताको उद्गमस्थल मानिन्छ । सातौँ शताब्दीमा शक्तिशाली तिब्बती साम्राज्यको उदय भई राजधानी ल्हासा सारिनुअघि तिब्बतको राजनीतिक केन्द्र हालको शाननान क्षेत्रमा रहेको थियो ।

भक्तपुर र शाननान नगरपालिकाबिच २०७३ साल साउन ३० गते भगिनी सम्बन्ध स्थापना भएको हो । त्यसयता दुवै नगरपालिकाबिच उपप्रमुखस्तरीय अध्ययन भ्रमण हुनुका साथै विभिन्न क्षेत्रमा आदानप्रदान र सहकार्य हुँदै आएको छ । कोरोना महामारीका बेला शाननान नगरपालिकाले भक्तपुर नगरपालिकालाई स्वास्थ्य सामग्री तथा उपकरण सहयोग गरेको थियो ।

भ्रष्टाचारविरोधी आन्दोलनले भक्तपुरका जनता सचेत : अध्यक्ष बिजुक्छेँ

भक्तपुर । जनताको बचतको हिसाब पारदर्शी रूपमा देखाउन नसकेकै कारण भक्तपुरमा भ्रष्टाचारविरोधी आन्दोलन भएको र उक्त आन्दोलनले यहाँका सहकारी संस्थाहरूलाई सचेत तथा सतर्क बनाएको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले बताउनुभएको छ । कार्तिक २१ गते आयोजित भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३० औँ स्थापना दिवस कार्यक्रममा उहाँले उक्त विचार राख्नुभएको हो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले संस्थाद्वारा प्रकाशित सांस्कृतिक गुरु पञ्चलाल लाछिमस्यूद्वारा रचित 'नौ बाजाका बोलहरू' पुस्तक लोकार्पण गर्दै भक्तपुरको बाजागाजासम्बन्धी सांस्कृतिक पहिचान जीवन्त राख्न यस्ता प्रकाशनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

उहाँले संस्थाले हालसम्म गरेका कामको सराहना गर्दै इमानदारी र पारदर्शिताले संस्थाप्रति जनताको विश्वास बढ्ने उल्लेख गर्नुभयो ।

सहकारी र बैङ्कबिचको भिन्नता जनतालाई बुझाउनुपर्ने बताउँदै उहाँले गरिब किसानहरूको हितका लागि कृषि सहकारी स्थापना भएको स्पष्ट पार्नुभयो ।

युवाहरू विदेश पलायन हुँदा कृषि क्षेत्र धराशयी बन्दै गएको उल्लेख गर्दै उहाँले सहकारी सञ्चालकहरू इमानदार भए कृषि क्षेत्रको विकासमा योगदान पुऱ्याउन सक्ने बताउनुभयो ।

सहकारीले गरिब जनताको बचत सङ्कलन गरी ठुला व्यापारीलाई पोस्ने काम उचित नभएको उल्लेख गर्दै सहकारी क्षेत्रको सङ्कटमा सरकारी तहकै व्यक्तिहरूको संलग्नता रहेको बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई इमानदार भएर काम गर्न सिकाउनुपर्ने र गरिब तथा जेहनदार विद्यार्थीका लागि स्थापना गरिएको छात्रवृत्ति कोषले विद्यार्थीलाई देशको सेवामा समर्पित हुन प्रेरित गर्नुपर्ने बताउनुभयो ।

संस्थाको आर्थिक कारोबार पारदर्शी बनाउन अर्थशास्त्रीबाट प्रशिक्षण तथा तालिम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै भ्रष्टाचाररहित संस्था निर्माणका लागि इमानदारीको राजनीति सिक्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखले संस्थाले विभिन्न कार्यक्रममार्फत सदस्य तथा जनतालाई आफ्ना गतिविधिबारे नियमित रूपमा जानकारी गराउँदै आएको बताउनुभयो ।

उहाँले जिल्ला अदालतमा आउने लेनदेनसम्बन्धी मुद्दामा युवाहरू ठुलो रकमको कारोबारमा फस्ने गरेको उल्लेख गर्दै मोबाइल तथा सामाजिक सञ्जालको दुरुपयोगबाट पारिवारिक सम्पत्तिसमेत नोक्सान हुने भएकोले अभिभावकले छोराछोरीको गतिविधिमा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले देको मिवा इतापाके आयोजनाबारे जनताको पक्षमा भएका निर्णय र गुनासो सम्बोधन गर्न नगरपालिकाले प्रदान गर्दै आएको सेवा तथा सुविधाबारे पनि स्पष्ट पार्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले समुदायमा आधारित प्रारम्भिक सहकारी संस्थाहरूको विकासमा भक्तपुर बचतको योगदान अतुलनीय रहेको बताउनुभयो ।

सहकारी प्राधिकरणका निर्देशन र राज्यका नीतिनियमबारे चर्चा गर्दै उहाँले केही खराब सहकारीका कारण राम्रा समुदायमा आधारित संस्थासमेत प्रभावित हुने गरी ल्याइएका नीतिको विरोधमा सङ्घले १२ बुँदे ध्यानाकर्षणपत्र बुझाएको जानकारी दिनुभयो ।

संस्थाका सल्लाहकार एवं पूर्वअध्यक्ष रत्नप्रसाद प्रजापतिले अग्रजहरूको स्वच्छ, इमानदार र निःस्वार्थ सेवाभावबाट संस्था अघि बढेको बताउनुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले संस्था बचत तथा ऋण कारोबारमा सीमित नरही शिक्षा, कृषि, खेलकुद, संस्कृति र सामाजिक क्षेत्रमा समेत लगानी गर्दै आएको बताउनुभयो ।

सांस्कृतिक गुरुहरूप्रतिको सम्मानलाई पुस्तकका रूपमा प्रकाशन गरिएको उल्लेख गर्दै उहाँले प्राप्त सुझावअनुसार पुस्तकलाई अद्यावधिक गर्दै जाने बताउनुभयो ।

कार्यक्रममा संस्थाका कोषाध्यक्ष रामप्रसाद प्रजापतिले वित्तीय अवस्थासम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले स्वागत गरिएको सो कार्यक्रममा सचिव जगन्नाथ प्रजापति, सहसचिव तारादेवी धन्छा र सदस्य रामेश्वरी कोजूलगायतले बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले संस्थाको सञ्चालक समिति तथा लेखा समितिमा रहेर योगदान पुऱ्याएका पूर्वपदाधिकारीहरूलाई कदरपत्र प्रदान गर्नुभयो । साथै संस्थाका अध्यक्षले प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो र नौ बाजा प्रशिक्षणको क्रममा बाजा उपलब्ध गराई सहयोग गर्ने सङ्घसंस्था तथा महानुभावहरूलाई धन्यवादपत्र प्रदान गर्नुभयो ।

गैरसरकारी संस्था र सरकारी दोहोरो तलब खानेहरूदेखि सचेत होऔँ

नेपालका मन्त्रीहरूको भारत भ्रमणको बेला भारतीय प्रधानमन्त्रीसँग भेट सम्भव हुँदैनथ्यो । नेपालमा भारतीय सचिवहरू आउँदा यहाँका प्रधानमन्त्रीसँग सजिलै भेट्छन् । नेपालको संविधान जारी लगत्तै २०७२ सालमा भारतले आर्थिक नाकाबन्दी गऱ्यो । त्यसबेला नेपाल सरकारका उपप्रधानमन्त्री र मन्त्रीहरूले भारतीय प्रधानमन्त्री र मन्त्रीहरूसँग पुग्दो प्रयास गरेको बताएका थिए तर सम्भव भएन । भारतका विदेश सचिव बिक्रम मिश्री भर्खरै नेपाल आए । मिश्रीले सरकारका मुख्य मुख्य पदाधिकारी र शासक दलका नेताहरूसँग सजिलै भेटघाट गरे ।

नेपालका निम्ति भारतीय राजदूतले नेपालका प्रधानमन्त्री र मन्त्रीहरूलाई फोन गरेर भेट्ने परम्पराजस्तै बनाइयो । एक पटक भारतीय राजदूतले कुर्सीमा उपर खुट्टी लगाएर नेपालका प्रधानमन्त्रीसँग भेटेको तस्बिर पनि सार्वजनिक भएको थियो । यतिखेर शासक दलका नेताहरू दक्षिण एसियामा 'मोदी डक्ट्रिन' स्वाभाविक हुने र नेपालले भारतको जग्गा मिचेको भन्न भ्याए । तिब्बतका दासहरूका मालिक दलाई लामाको बधाई पाउने र तिनै दलाई लामाको ९१ औँ जन्म दिन मनाउने शासकहरूबाट तटस्थता र पञ्चशीलको पालनाको अपेक्षा कसरी गर्ने ?

एकताका नेपालको मन्त्रालयका सचिवहरू भारत सरकारको बजेटबाट सञ्चालित गैरसरकारी संस्थाका सञ्चालकसमेत थिए । केही देशभक्तहरूले नेपाल सरकारका कतिपय कर्मचारीहरू भारतको समेत दोहोरो तलब खाने भएको पनि बताउँदै छन् । नेपालमा विदेशी सहयोगमा सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको बजेट नेपाल सरकारको समानान्तर भएको पनि सार्वजनिक भएकै हो । अन्ततः गत वर्ष भदौ २३ र २४ गते भएको उपद्रव र आगजनीमा विदेशी पैसाबाट सञ्चालित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा संलग्नहरूको हात रहेको सार्वजनिक भएकै हो ।

संरा अमेरिकी साम्राज्यवाद आफै ४ सय खर्ब डलरभन्दा बढी सार्वजनिक ऋण पासोमा परेको बाहिरियो तर यसले इराक, लिबिया, युक्रेन, इरानका सरकार विरोधीहरूलाई हतियार र डलर सहयोग गरेर ती देशमा सत्ता पलट गरायो । साम्राज्यवादीहरूले सोभियत सङ्घ विघटन गराउनसमेत गैरसरकारी संस्थाहरू परिचालन गरे । साम्राज्यवादीहरूले दक्षिण अमेरिकी देशहरूमा पनि विरोधीहरूलाई डलर सहयोग गरी सरकार उल्टाउन लगाएका थिए । संरा अमेरिकी साम्राज्यवादले बेलायतलाई युरोपेली सङ्घबाट बाहिर ल्याउन डलर लगानी गरेको सार्वजनिक भएकै हो ।

गैरसरकारी संस्थाहरूमा लाग्नेहरूले मदिरा र सुर्तीजन्य पदार्थ सेवन धेरै गर्ने भएकोले नेपालमा मदिरा बिक्री बढेको बताउनेहरू पनि छन् । सरकारहरू मदिरा र सुर्तीजन्य पदार्थ बिक्री बढाएर अन्त शुल्क उठाउने र त्यसबाट कर्मचारीको तलब खुवाउने दाबी गर्छन् । स्वास्थ्यमा हानि पुऱ्याउने मदिरा र सुर्तीजन्य पदार्थ जनतालाई खुवाउने सरकारहरूले कसरी जनताको हित गर्लान् ? सरकारहरू सुर्तीजन्य पदार्थ पनि भारतबाटै आयात गर्छन् । नेपाल सरकारले विदेशबाट विज्ञान र प्रविधि आयात गर्ने हो; मदिरा र सुर्तीजन्य पदार्थ होइन ।

नेपालका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई भारत अध्ययन भ्रमणमा बरोबर पठाइन्छन् । भारतमा त्यस्ता उदाहरणीय र अवलम्बन गर्न मिल्ने बन्दोबस्त भएको भए त्यहाँका ५० करोड मानिस खुला शौचालय प्रयोगमा जानुपर्ने र ३० करोड मानिस दिनको एक छाक खाएर रात बिताउनुपर्ने अवस्था हुने थिएन । नेपालका व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा भ्रष्टाचार र अनियमितता भारतबाटै सरेको मत राख्नेहरू धेरै छन् । नक्कली शैक्षिक प्रमाणपत्र पनि नेपालमा भारतीय विश्वविद्यालयका कलेजहरूको धेरै भएको सार्वजनिक भएकै हो ।

कतिपय न्यायाधीशहरूको समेत भारतीय विश्वविद्यालय र कलेजका नक्कली शैक्षिक उपाधी भएको हुँदा नेपालमा नक्कली शैक्षिक प्रमाणपत्रबारे विस्तृत छानबिन र निर्णय नभएको बताउनेहरू पनि छन् । सन् १९०५ मा कोलोम्बियाको सर्वोच्च अदालतलाई विद्रोहीले कब्जा लिँदा २५ मध्ये ११ न्यायाधीशको ज्यान गएको सार्वजनिक भएको थियो । यतिखेर नेपालको सर्वोच्च अदालतका न्यायाधीशहरू बिचौलियालाई होटलमा भेट्न पुगेको जल्दोबल्दो विषय भइरहेको छ । यसरी शासक दलहरू सबै एकै ड्याङको मूला साबित भइरहेका छन् ।

ख्वपमा नवजात शिशुस्याहार कक्षा उद्घाटन

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा विशेष नवजात शिशु स्याहार कक्ष (एस.एन.सी.यू.) सेवाको कार्तिक १९ गते उद्घाटन गर्नुभयो । नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष बिजुक्छेँले उक्त सेवाको उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले नयाँ नयाँ सेवा सञ्चालन गर्दै जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । कुनै पनि संस्था सञ्चालनमा चिकित्सक तथा कर्मचारीहरूको व्यवहार र भूमिकाले महत्त्वपूर्ण प्रभाव पार्ने उल्लेख गर्दै उहाँले सेवाग्राहीको चेतनास्तर फरकफरक हुने भएकोले सबैलाई सहज र समान व्यवहारका साथ सेवा दिनुपर्ने बताउनुभयो ।

गरिब तथा विपन्न नागरिक उपचारका लागि आउने अस्पतालमा सेवाग्राहीको भिड हुनु स्वाभाविक भएको बताउँदै उहाँले अस्पतालमा उपलब्ध सेवा सबैले समान रूपमा प्राप्त गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । सेवाग्राहीसँग राम्रो व्यवहार गर्न सके अस्पतालको सकारात्मक प्रचार हुने उहाँको भनाइ थियो । भक्तपुरका साथै अन्य स्थानबाट समेत धेरै बिरामी आउने भएकाले अस्पतालका मुख्य स्थानहरूमा विभिन्न भाषा जान्ने र बुझ्ने कर्मचारीको व्यवस्था गर्नुपर्ने उहाँले सुझाव दिनुभयो । ख्वप अस्पतालले भक्तपुरका नागरिकलाई मात्र नभई देशभरिका जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप अस्पताल भक्तपुरको महत्त्वपूर्ण संस्था भएको बताउँदै यहाँ कार्यरत सबै चिकित्सक तथा कर्मचारीको मनमा जनताको सेवा गर्ने भावना हुनुपर्ने बताउनुभयो । आफ्नै ठाउँको विकास आफैँले गर्नुपर्छ भन्ने भावनाको उदाहरण ख्वप अस्पताल पनि भएको उहाँको भनाइ



थियो ।

जनस्वास्थ्य केन्द्र २०७८ सालदेखि ख्वप अस्पतालका रूपमा विकास हुँदै १०० शय्याको अस्पताल बन्न सफल भएको उल्लेख गर्दै उहाँले अस्पतालको विकासका लागि निरन्तर प्रयास भइरहेको बताउनुभयो । लामो समयदेखिको प्रयासपछि एस.एन.सी.यू. सेवा सञ्चालन भएको बताउँदै उहाँले आगामी दिनमा एमआरआई सेवा सञ्चालन गर्ने लक्ष्यका साथ नगरपालिका अगाडि बढिरहेको जानकारी दिनुभयो ।

मेडिकल कलेज सञ्चालनका लागि ३०० शय्याको अस्पताल आवश्यक पर्ने भएकोले त्यसतर्फ समेत तयारी गर्दै जानुपर्ने उहाँले बताउनुभयो । ख्वप अस्पताल एउटा ब्रान्डका रूपमा विकास भइसकेको उल्लेख गर्दै प्रमुख प्रजापतिले अस्पताललाई अझ व्यवस्थित र सुसूचित ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले समाजका लागि अत्यन्त आवश्यक सेवा शुभारम्भ भएकोमा खुसी व्यक्त गर्नुभयो । नेपाल मजदुर किसान पार्टीको मार्गनिर्देशनअनुसार भक्तपुर नगरपालिकाले गर्दै आएका जनमुखी कामहरू उपलब्धिमूलक रहेको बताउँदै उहाँले भक्तपुरमै सुरक्षित प्रसूति सेवा उपलब्ध गराउनुले नागरिकलाई ठुलो सहयोग पुगेको उल्लेख गर्नुभयो । एस.एन.सी.यू. सेवा सञ्चालन अस्पतालको अर्को महत्त्वपूर्ण उपलब्धि भएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालका मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले एस.एन.सी.यू. सेवा सञ्चालनले नवजात शिशुको उपचारमा महत्त्वपूर्ण टेवा पुग्ने बताउनुभयो । अस्पतालले विकासको क्रममा धेरै प्रगति गरिसकेको उल्लेख गर्दै उहाँले एकपछि अर्को सेवा थप्दै जनतालाई सहज स्वास्थ्य सेवा प्रदान गर्ने प्रयास भइरहेको बताउनुभयो । अस्पताल राम्रो हुन भवन र उपकरण मात्र पर्याप्त नहुने बताउँदै चिकित्सक तथा कर्मचारीमा संस्थाप्रतिको अपनत्व र सेवाभाव हुनुपर्ने उहाँले धारणा राख्नुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका बालरोग विशेषज्ञ डा. विजयकुमार चिकंबन्जार, ख्वप तिलगंगा आँखा अस्पतालका व्यवस्थापक डा. धीरज अधिकारी, ल्याब इन्चार्ज मञ्जु व्याञ्जु, फिजियोथेरापी इन्चार्ज निर्मल प्रजापति र वार्ड इन्चार्ज सुजना बासुकलाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा अस्पतालका कर्मचारीहरूले सांस्कृतिक प्रस्तुतिसमेत गरेका थिए ।

देश...

च्यालीपश्चात् लाकिलामा सम्पन्न भएको सभामा नेमकिपाका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टी देशभक्त पार्टी हो भन्नुभयो ।

सुस्तामा भारतीय अतिक्रमणको विरुद्धमा नेमकिपाले आन्दोलन गरेको स्मरण गर्दै उहाँले वर्तमान सरकारले सो सम्झौता खारेज गर्न कुनै काम नगरेकोले यो सरकार पनि एमसीसीका मतियार हुन् भन्नुभयो ।

कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले वर्तमान सरकारले महँगी नियन्त्रण गर्न नसकेको उल्लेख गर्दै मन्त्रिमण्डलमा सयौँ सल्लाहकार नियुक्ति गरी राज्यकोषको दुरुपयोग गरिरहेको छ भन्नुभयो । उहाँले राजस्व वृद्धि गर्ने नाममा सरकारले विद्युत्मा मूल्य अभिवृद्धि कर (भ्याट) लागू गरी जनताको ढाड सेक्ने काम गरेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय संयोजक मीनबहादुर बाटाले नेपाल संवत्ले नेपालको पहिचान राखेको बताउँदै स्थानीय गाउँ-टोल-बस्तीको ऐतिहासिक तथा सामाजिक नामले अर्थ बोकेको हुन्छ भन्नुभयो । उहाँले नयाँ नाम राख्दा ऐतिहासिक तथा धार्मिक क्षेत्रको इतिहास नै हराउन सक्ने हुँदा नयाँ पुस्ता सतर्क रहनुपर्छ भन्नुभयो ।

समाजका सूर्यबहादुर फोजूले पनि बोल्नुभएको सो सभा समाजका अध्यक्ष रामकृष्ण लिगलको सभापतित्वमा भएको थियो ।

भिन्तुना च्यालीमा धिमे बाजा, धाँ बाजा, बाँसुरी बाजाका टोलीहरू सहभागी थिए भने सभामा गणेश माविका विद्यार्थीहरूले नृत्य प्रस्तुत गरेका थिए ।

यसैबिच सोमबार नै प्रगतिशील सांस्कृतिक समाज चाँगुनारायणको आयोजनामा दुवाकोटमा भिन्तुना च्याली भयो । कालिघाट, कासन पुलदेखि मगथली ३ नं. वडा कार्यालय झौखेल, जागृति टोल, माकजु टोल, यापि भैरव, सुन्दरथली माहाकाल चोक, कारखाना चोक हुँदै च्याली नांखेल चोकमा पुगी सभा भएको थियो ।

उक्त सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याखवले नेपाल संवत् ११४७ को शुभकामना दिँदै समाज परिवर्तन गर्न शोषितपीडित जनता एकजुट भई प्रतिक्रियावादीहरूको विरोधमा आन्दोलन गर्दै सुन्दर भविष्य बनाउन पहल गर्नुपर्ने बताउनुभयो । जनता सचेत र सङ्गठित नभएसम्म पुँजीपतिवर्गले शासन गरिरहने उल्लेख गर्दै उहाँले पुरानो पुस्ताले नयाँ पुस्तालाई शिक्षा दिएर सचेत गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका जिल्ला समितिका उपाध्यक्ष एवं चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले गाउँ नगर विकास गर्न स्थानीय जनतप्रतिनिधिहरूले पहल गर्नुपर्ने बताउनुभयो । ने.म.कि.पार्टीलाई स्थानीय निकायमा बहुमत जिताउन जनता एकजुट भई अगाडि बढ्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

प्रगतिशील सांस्कृतिक समाज चाँगुनारायणका सल्लाहकार गणेशराम सुवालले सरकारले जनताको सेवा नगरेको प्रस्ट पार्नुभयो । आयोजक समितिका उपाध्यक्ष गोविन्दराम सुवालको सभापतित्वमा भएको सभामा राजेन्द्र मलेपति, यापी - भैरव कृषि सहकारीका लक्ष्मीप्रसाद तजले, सन्तानेश्वर महादेव समिति नांखेलका अध्यक्ष मोहन कार्कीलगायतले बोल्नुभएको थियो ।

त्यस्तै सूर्यविनायक प्रगतिशील सांस्कृतिक समाजको आयोजनामा भद्रकाली मन्दिर अगाडि चित्तपोलमा सभा सम्पन्न भयो । सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले हरेक वर्षको भिन्तुना र्‍याली देशका विविध भाषा, संस्कृति तथा सभ्यतामाथिको दमनको विरोध भएको धारणा राख्नुभयो । उहाँ ले नेपाल संवत् नेवारको मात्र भन्नु सङ्कीर्ण दृष्टिकोण भएको उल्लेख गर्दै ११४७ वर्षअगाडि नेपालको नक्षत्र विज्ञान कति उच्चकोटीको हो भन्ने प्रमाण नेपाल संवत्को सुरुआत पनि भएको बताउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले फलफूल, बत्ती, मसला, फूलको माला सबै विदेशबाट आयात गरेर अब चाडपर्व मनाउन नसकिने परिस्थिति आएको भन्दै नयाँ भनेको सरकारले बेरोजगारी र महँगीको समस्या समाधान गर्ने कुनै पहल नगरेको तर शिक्षा, स्वास्थ्य, बिजुलीलगायतमा करको भारमात्र बोकाएको तर्क गर्नुभयो । उहाँले नेपालमा युद्धको कालो बादल मडारिएको उल्लेख गर्दै भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादका दलालहरुको शासन रहेसम्म देशका जनताले सुख नपाउने भनाइ राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर बासीले वर्गीय मुक्तिको निम्ति कामदार वर्गलाई थप सचेत र सङ्गठित पार्नु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा सूर्यविनायक नगर समितिका अध्यक्ष सूर्यभक्त त्वाती, प्रगतिशील सांस्कृतिक समाजका अध्यक्ष काजिबहादुर पञ्च, लक्ष्मीप्रसाद सुवाल, जस्मिन त्वातीलगायतले बोल्नुभएको थियो ।

सभा सुरु हुन अघि सूर्यविनायक १० मिलनचोक, सिमलटार, जोरपाटी, १० वडा कार्यालय, नगरकोटी टोल, बस्नेत टोल हुँदै भद्रकाली मन्दिर प्राङ्गण देवीटार, चित्तपोलमा सम्पन्न भएको थियो ।

कार्यक्रममा सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत भएको थियो ।

मजदुर...

शासित तथा पीडित मजदुरको दृष्टिकोणबाट लेखिएका रचनाले डकर्मी र सिकर्मी पेसामा संलग्न कामदारका समस्या उजागर गरेको उहाँको भनाइ थियो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले मजदुरका हक-अधिकारसम्बन्धी कानुनी प्रावधानबारे चर्चा गर्नुभयो ।

सामाजिक सुरक्षा कोषको व्यवस्था भए पनि करिब नौ लाख २५ हजार प्रतिष्ठानमध्ये १० प्रतिशतले समेत सामाजिक सुरक्षा कोषमा आबद्ध हुन नसकेको उहाँले बताउनुभयो ।

राजनीतिक गतिविधिमा संलग्न भएको आरोपमा कतिपय मजदुरलाई कामबाट निकालिएको घटनाबारे उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रिय कानुनअनुसार मजदुरका लागि तलब तथा सुविधाको व्यवस्था गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष विष्णुराम दुमरुको सभापतित्वमा सम्पन्न कार्यक्रममा बिक्रम ढुकुछु, सङ्घका सचिव रमेश दुमरुलगायतले बोल्नुभएको थियो ।

एकक्षण प्रधान

हरेक उत्सव, पर्व, दसैँ, तिहार र न्हुदँमा किन उपभोक्ताहरू मल्लीन मुख बनाउँछन् ?

अत्यन्त बहुमत जनता मुद्रास्फीति अर्थात् सामानभन्दा पैसा बढी बजारमा आउँदा सामानको भाउ वृद्धि हुन्छ । यो मुद्रा र वस्तुको प्रवाहको सामान्य नियम हो ।

तर, बजारमा मूल्यवृद्धिको कृत्रिम कारण 'कालोबजारी' बताइन्छ । त्यसको अर्थ हो - 'सस्तामा सामान किनी महँगोमा बेच्न बजारमा सामान नपठाई व्यापारीहरूले लुकाउने र बजारमा सामानको अभाव सृजना गरेर बढी मूल्यमा नाफा खाने बेइमानीलाई 'कालो बजार' भन्ने गरिन्छ । ठुलठुला व्यापारीहरूले आ-आफ्ना स-साना खुद्रा व्यापारीहरूलाई समेत यस्तै कुराको कुशिक्षा दिँदै जनतालाई दुःख दिन्छन् वा चुस्छन् । पुँजीवादी व्यवस्थाको योजना ठग्ने काम नेपालदेखि अमेरिकासम्मै हुन्छन् । यसबारे कुनै कुनै देशमा सरकारहरूको खुकुलो बन्दोबस्त हुन्छ भने जनता उठ्ने डर भएका देशमा अलि कडा 'बजार नियन्त्रण' हुन्छ ।

व्यवहारमा सबै उपभोक्ताहरूलाई थाहा भएको कुरा हो - खाने -पिउने वस्तुमा साहुमहाजनहरूले अखाद्य (खान नहुने वस्तु) समेत मिसाएर खानेकुरा बेच्छन् । उदाहरणको निम्ति बिस्कुट, फान्टा-कोकाकोला र पानीको सिसीको पानी, मिनरल वाटरसमेत । धुसी परेको, कुहेको बिस्कुट र मिठाइमा अखाद्य रङ्ग राखेको सामान र बासी सामान पनि बेच्छन्-पुराना, फाल्नुपर्ने तेलमा बनाएका मिठाइ ।

भट्टीको रक्सी खाएर एकै दिन २-४ जनामात्र होइन एकै पटक १० जना मानिस मरेका छन् । तर, 'उपभोक्ता ऐन' साह्रै कमजोर हुँदा उक्त पसले वा भट्टी पसलेलाई केही लाख जरिवाना वा पसल बन्द गराउँछन् । एक जना मानिस मार्दा वर्षौंसम्म जेल सजाय हुन्छ भने एउटै पसलेको कारण एक जना होइन, कहिले २-४ जना र कहिले १० जनासम्म उपभोक्ता मरेका हुन्छन् ।

यसको कारण के हो ? पहिलो, सरकारको निगरानी साह्रै कम हुने र 'कहिले जाला घाम' कै उखानअनुसार झाराटार्ने काम तल्लो स्तरका कर्मचारीहरू गर्छन् भने निर्वाचनमा शासक दलहरूले ती अखाद्य सामान बेच्ने, महँगो बेच्ने व्यापारीहरूले शासक दलका नेता र कार्यकर्ताहरूलाई निर्वाचनमा ठुलठुलै 'थैली' दिएर मुख बन्द बनाउँछन् र 'कालाबजारी' र 'अखाद्य वस्तु बेच्ने मामला' र कम तौल र माना पाथीको समेत कमजोरीमा पनि सरकारको नियन्त्रण कम भएको बताइन्छ ।

पर्व र उत्सवको एक दुई हप्तापहिले नै उपभोक्ताहरूको बैठक साहुमहानजनहरूसँग छलफल र बैठक राख्नुपर्छ । त्यसो गर्न आनाकानी गऱ्यो भने प्रशासनको रेखदेखमा उपचार र सचेतना कार्यक्रम गर्ने, बजार नियन्त्रण गर्न प्रशासनमा दबाब दिने तथा त्यसबाट पनि नहुने देखियो भने कालाबजारी कैफियत भएको ढक तराजु र मानापाथी भएका पसल अगाडि र अखाद्य मिसावट भएको पसलमा समेत विरोध प्रदर्शन र कोणसभा गर्नु आवश्यक छ । विभिन्न देशमा गाउँ र सहरहरूको यो सरकार र कैफियत भएका व्यापारीहरूलाई सामाजिक रूपले घच्घच्याएको हुनेछ ।

यस्ता सरल र मेलमिलापको उपाय असल भए-ठुलठुलै अवज्ञा आन्दोलन र दबाबमूलक गतिविधिबाट सरकार, प्रशासन र व्यापारीहरूलाई खबरदारी हुने हो । कतै पसल पसल र व्यापारीको घर घरमा समेत धर्ना दिएका समाचारहरू पढ्न पाइन्छ ।

नगरपालिका, गाउँपालिका तथा स्थानीय प्रशासन आदिले अगुवाइ गरेमा अप्रिय घटनाहरू हुने छैनन्, नत्र एक सकारात्मक कार्यको निम्ति नकारात्मक समाचार सम्प्रेषण हुन जाने कुरा दुईमत हुन्न ।

आशा गरौं, युवा र सचेत नागरिकहरूले आजै र भोलि नै सक्रियता देखाएमा एक दिनको पर्वमा भए पनि परल मोलमा र राम्रो वस्तुको उपभोग जनताले गर्न पाउनेछन् र पछिल्लो समयको निम्ति यो एक अग्रीम कदम साबित हुनेछ ।

राम्रो कामको निम्ति सचेत जनता र युवाहरू लागेमा समाजमा अवश्य पनि परिवर्तनका सङ्केतहरू देखा पर्नेछन् ।

मधुमेह (डायबिटिज) बाट बचौं

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु, मृगौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघात लगायतका जोखिम बढाउन सक्छ ।



मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राख्नौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्कफुड, प्रशोधित तथा तारेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं ।

तनाव व्यवस्थापन, नियमित व्यायाम एवम् स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३